CC0: Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

३०

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

वर्ष ८ अङ्क २

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक—
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी—
रामजी तेवारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

			पृष्ठ
१. श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ	—	नयराज पन्त	७५–१११
२. व्याकरण–संशोधन	—	नयराज पन्त	११२–११५
३. राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव	—	दिनेशराज पन्त	११६–१३१
४. निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेवको विषयमा वंशावलीहरूका वर्णन	—	दिनेशराज पन्त	१३२–१३५
५. द्वैराज्य	—	दिनेशराज पन्त	१३५–१३८
६. भ्रातृजपुत्र शब्दको अर्थ (रुद्रदेव र भोजदेवको नाता)	—	दिनेशराज पन्त	१३८–१४३
७. वि. सं. १०६२ देखि १०९६ सम्मको नेपालको इतिहासको झलक	—	नयराज पन्त	१४३–१४६
८. इतिहासको सम्झना	—	नयराज पन्त	१४७–१४८
९. हाम्रो वक्तव्य (आत्मसंशोधन)			१४९–१५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ

–नयराज पन्त

मैले रानीपोखरी संस्कृतपाठशालामा पढी वि. सं. १९८८ मा ज्यौतिषमध्यमा दिएको हुँ। यदुनाथजीले सोही पाठशालामा पढी वि. सं. १९८७ मा व्याकरणमध्यमा दिनुभए जस्तो मलाई लाग्छ। एउटै पाठशालामा एकै समयमा भने जस्तो पढेको भए तापनि विषय फरक भएकोले उहाँको र मेरो सम्पर्क भएको थिएन।

इन्द्रचोकमा पाटने वैद्यको पसलमा श्रीगुरु तीर्थप्रसाद नेपाल प्रतिदिन ३, ४ घण्टा जस्तो बस्नुहुन्थ्यो। नेपालबाजेको (तीर्थप्रसाद गुरुको) सम्पर्कले त्यो पसल विद्वान्हरूको विशेष गरी अङ्ग्रेजीवाजहरूको अखडा बनेको थियो। प्राध्यापक हरिनाथ खनाल (यदुनाथजीका दाइ), शिक्षक नेत्रनाथ सिग्देल (श्रीगुरु पण्डितराज सोमनाथका कान्छा भाइ) आदि पनि त्यहाँ प्रतिदिन भने जस्तै आउनुहुन्थ्यो। किसिमकिसिमका कुरा सुनिन्थे। मैले अङग्रेजी विशेष नपढेको भए तापनि श्रीगुरु तीर्थप्रसादको सम्पर्कले म पनि त्यहाँ प्रायः पुग्थें। त्यसै प्रसङ्गबाट श्रीहरिनाथ खनालजीसँग मेरो सम्पर्क भयो। वि. सं. १९९० तिरको वर्खामा ज्यौतिषको पढाइको विषयमा हरिनाथजीसँग मेरो कुरा भयो। मैले पढेका पाठ्यपुस्तकको चर्चा भयो। उहाँले मसँग गणितका केही प्रश्न सोध्नुभयो। मैले जानेको उत्तर दिएँ। त्यस वेला मेरो उमेर २० वर्ष जतिको थियो। केही दिनपछि तीर्थप्रसाद गुरुले हरिनाथका भाइ दरबार स्कूलमा सेकेन्ड क्लासमा पढ्छन्; उनलाई तिमी हिसाब पढाइदेऊ; आफ्नो ल्याकत पनि बढ्छ; इष्टमित्र पनि रहन्छन भनी एकान्तमा मसँग भन्नुभयो। तीर्थप्रसाद गुरुसँग मैले केही अङ्ग्रेजी निःशुल्क पढेको थिएँ। गणितविषयका अङ्ग्रेजी पुस्तकका आफूले नबुझेका अङ्ग्रेजीका सामान्य अर्थ उहाँसँग म बराबर सोध्थें। यस कारण उहाँले भनेको कुरो नाईं भन्न मैले सकिनें। यसको दुइ चार दिनपछि यदुनाथजी मेरो घर आउनुभयो। गणित विशेष गरी कालीपद बसुको बीजगणितका प्रश्नहरूको विषयमा प्रतिदिन १ घण्टा जस्तै यदुनाथजी मसँग छलफल गर्नुहुन्थ्यो। यो काम २, ३ महीना चल्यो। त्यसपछि म काशी गएँ। यदुनाथजीसँग सम्पर्क छुट्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सामान्य नमस्कार तथा सामान्य कुराबाहेक अरू सम्पर्क उहाँसँग मेरो फेरि भएन। चालीस वर्ष जति बिते। यस अवधिभित्र क्रमशः उन्नति गर्दै यदुनाथजी प्रसिद्ध विद्वान्, प्राध्यापक, ग्रन्थकार, प्रशासक, वक्ता, राजदूत आदिको रूपमा उदाउनुभयो तथा उदाहरहनुभएको छ। उहाँ विशेष विद्वान् हुनुहुन्छ, यो कुरो प्रसिद्ध छ।

अहिले वि. सं. २०३० मा मेरो एउटा लेखमा केही संशोधन गर्ने आज्ञा उहाँले मलाई दिनुभएको छ। यस कारण यस विषयको कुरा खुलासा गर्न यो निबन्ध प्रकाश गर्नु आवश्यक भएको हो।

म प्रतिदिन प्रायः केहीनकेही लेख्छु। यो नियम मैले वि.सं. १९८७ देखि चलाउँदै आएको छु। इतिहासको विषयमा मेरो सामान्य ज्ञान भएको र यस विषयमा मेरो रुचि पनि हुनाले इतिहास-विषयका लेख प्रायः म लेख्छु। इतिहास भनेको वास्तव घटनाको वर्णन हो भन्ने मैले सम्झेको छु। इतिहास बुझ्न र अरुलाई बुझ्नाउन पनि म सकभर प्रयत्न गर्छु। ऐतिहासिकशिरोमणि बाबुराम आचार्य विशिष्ट विद्वान् हुनुभएकोले र उहाँको सम्पर्कमा म धेरै काल रहेको हुनाले उहाँको स्वर्गवासले मेरो मनमा विशेष प्रभाव पा-यो र उहाँको जीवनविषयको ज्ञान यथार्थ रूपमा पछिपछिका मनुष्यहरूले पनि पाऊन् भनी उहाँको स्वर्गवास भएको केही दिनसम्म उहाँको विषयमा मैले लेखिरहें र त्यसलाई पूर्णिमा २७ अङ्कमा प्रकाश गराएँ। श्रीगुरु पण्डितराज सोमनाथ सिग्देल विशिष्ट विद्वान् हुनुभएकोले र उहाँको सम्पर्कमा पनि म धेरै काल रहेकोले[1] उहाँको स्वर्गवासले पनि मेरो मनमा विशेष प्रभाव पा-यो र उहाँको जीवनविषयका आफूले जानेबुझेका घटनालाई संस्कृतका १३ पद्यमा लेखेर त्यसलाई यथार्थ गर्ने प्रामाणिक उद्धरणहरू सङ्कलन गरी

---

१. मकरार्क १
१२

श्रीपण्डितनयराजशर्मणि शुभाशिषः
उभयोः कुशलं च

उप्रान्त तिमी गएको यतिका भयो. जानेबित्तिकै खबर लेख्नू भनेको ता बिर्सेछौ कि. कार्ड पनि पठाएनौ. तेस्रो अनुवादको प्रूफ तिमीले पनि हेरिदिने गरेको होला. अघिकामा अशुद्धि धेरै रहेकोले अपशोच लाग्यो. चौथो उत्तरार्द्ध पनि पठाएको छु. अब यत्तिकै हो. उत्तरार्द्धमा ॐ पूर्वार्द्धको कापीमा पनि पेन्सीलले पदच्छेदको रेखा हाली प्रेसमा दिए सजिलो हुन्छ. प्रूफ ज्यादा फोहर हुंदैन. चौथो ता आदिदेखि अन्ततक १ पटक मात्र भए पनि तिमीले प्रूफ हेरिदिने गर्नू. खगोल भूगोलहरूका अङ्कहरूमा तिमीले ध्यानपूर्वक हेरिदिन्येछौ. धेरै कति भनौं.

तिम्रो असल चाहने
सोमनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा २८ अङ्कमा प्रकाश गराएँ । त्यसमा जति कुरा मैले लेखेको छु, ती सब कुराको प्रमाण मैले त्यहीं प्रकाश गराएको छु, विशेष अरू प्रमाण चाहिने भए अन्तबाट पनि म दिन सक्छु । मेरो विचारमा मैले जति लेखेको छु, यथार्थ कुरा लेखेको छु । यो कुरा म दावीसाथ भन्न सक्छु । कसैले मेरो लेखमा सप्रमाण दोष देखाइदिएमा आफ्नो भूल सच्याउन म सधैं तयार छु । यति कुरा भनी अब प्रकृत कुराको उठान गर्छु ।

प्राध्यापक (वर्तमान नायव बडागुरुज्यू) जुननाथ पण्डितज्यूको प्रस्तावनासहितको **श्रद्धाञ्जलिः (स्वर्गीयपण्डितराजश्रीसोमनाथसिग्देलं प्रति)** भन्ने पुस्तिका प्रकाशित भएको छ । सो पुस्तिकाका ४३—४४ पृष्ठमा तलको लेख प्रकाश भएको छ—

पण्डितराजपञ्चकम्

श्रीयदुनाथखनालरचितम्

स्नेहस्य भागी विदुषां बहूनामेवाऽस्मि नित्यं श्रुतिशास्त्रभाजाम् ।
तथापि तेषां महनीयमेकं गुरुं विशिष्टं मनसा स्मरामि ॥१॥
मुक्तावलीपाठपुरःसरं यः कौतूहलं संजनयन् क्रमेण ।
श्रमेण शास्त्रेष्वसृजद् गतिं मे तं सोमनाथं कृतविन्नमामि ॥२॥
अद्यापि वेदागममूर्तिरूपं मेधाविनं प्रातिभकर्मदीप्तम् ।
कवीश्वरं स्फूर्तिविवेकयुक्तं प्रभाविनं तं पुरुषं स्मरामि ॥३॥
सत्कर्मसेवार्ऽपितजीवनं ते स्यात् प्रेरणोत्कर्षपरायणं नः ।
यान् केऽपि शिष्यास्तव तर्कयन्ति,* दोषास्तु ते मानवताप्रतीकाः ॥४॥
स्फूर्त्याऽऽयुषा वा कृतिभिर्धिया वा वेद्म्येव मद्देव इवासि भिन्नः ।
संवेदना दुर्बलता च काचित् स्निग्धां सभावां समतां व्यनक्ति ॥५॥

नयराज पन्तको लेखमा केही संशोधन होस् भनी यदुनाथजीले यहाँ लेख्नुभएको छ । तर कुन ठाउँमा के संशोधन गर्नुपर्ने हो, यो कुरा भने उहाँले बताउनुभएको छैन ।

---

* चतुर्थपञ्चमपद्यद्वयगतो भावः श्रीनयराजपन्तरचिते त्रयोदशपद्यात्मके पण्डितराजचरिते प्रतिबिम्बितस्य चित्रस्याऽल्पमात्रमपि संशोधनधियाऽभिव्यक्तः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गाहन्तां महिषा निपानसलिलं श्रृङ्गैर्मुहुस्ताडितं
छायाबद्धकदम्बकं मृगकुलं रोमन्थमभ्यस्यतु ।
विश्रब्धैः क्रियतां वराहपतिभिर्मुस्ताक्षतिः पल्वले
विश्रान्तिं लभतामिदं च शिथिलज्याबन्धमस्मद्धनुः [२] ।।२५०।।
अत्र कारकस्य ।
विश्रब्धा रचयन्तु सूकरवरा मुस्ताक्षतिमित्यदुष्टम् ।

(काव्यप्रकाश सप्तम उल्लास)

---

२ खाउन् घांस। प्रसन्न भै मृगहरू आएर छाय.महाँ ।
अर्ना श्रृङ्ग हिलाइ हर्ष बहुतै मानुन् मनाउन् यहाँ ।।
खाउन् शूकर शुष्क पोखरिमहाँ लेटेर मोथे खनी ।
मेरो सुस्त भईरहेछ धनु यो विश्राम गर्छू भनी ।।

(आशुकवि शम्भुप्रसाद ढुङ्गेलद्वारा अनूदित अभिज्ञानशाकुन्तलको दोस्रो संस्करणको ५५ पृष्ठ)

अर्ना पोखरिमा रहुन् खुशि भई ताडन् गरी श्रृङ्गले ।
छायामा मृगका कदम्ब ति रहुन् उग्राइ आनन्दले ।।
देऊ बस्न वराहलाइ वनमा मोथा अहारा गरी ।
ज्याबन्धै खुकुलो गरी धनुषले बस्न् परिश्रन् हरी ।।६।।

(पहलमानसिंह स्वाँरद्वारा अनूदित अभिज्ञानशाकुन्तलको २८ पृष्ठ)

अर्ना पानि उछेलि छ्यात्त सिंगले साऽऽनन्द आहालमा
छायामा रुखको सवै मृग वसून् रोमन्थको चालमा ।।
शङ्का–शून्य बनेल शुष्क सरका मोथे उखाडून् सव
तांदोबाट छुटेर यो धनु गरोस् विश्राम हाम्रो अव ।।६।।

(कविशिरोमणि लेखनाथ पौडेलद्वारा अनूदित अभिज्ञानशाकुन्तलको २१ पृष्ठ)

आज राँगाहरू आलको पानीमा सीङले वारंवार हानेर डुबुल्की मारिरहून्, मृगका बथान ओजेलमा थुप्री उग्राइरहून्, बँदेलहरू ताँती मिलेर सिम पानीमा शान्तिपूर्वक मोथे चपाऊन् ! यो मेरो धनुषले पनि ताँदो फुकालेर आरामी पाओस् ।

(खड्गमान मल्लद्वारा अनूदित अभिज्ञानशाकुन्तलका २५–२६ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[यस पद्यमा पहिलो दोस्रो चौथो पाउमा कर्तृवाच्य क्रियापद भई प्रथमान्त कर्ता र द्वितीयान्त कर्म परेका छन् । तेस्रो पाउमा भने कर्मवाच्य क्रियापद भई तृतीयान्त कर्ता र प्रथमान्त कर्म पर्न गएको छ। यस कारण यहाँ कारकमा प्रक्रमभङ्ग भएको छ। यस कारण तेस्रो पाउ विश्रब्धैः क्रियतां वराहपतिभिर्मुस्ताक्षतिः पल्वलेको सट्टा विश्रब्धाः रचयन्तु सूकरवरा मुस्ताक्षतिं पल्वले भए निर्दोष हुन्थ्यो ।]

यसरी मम्मटले कालिदासको पद्यमा कारण खुलाई यस ठाउँमा यो दोष पर्‍यो, यस्तो लेखेको भए निर्दोष हुन्थ्यो भनी लेखेका छन् ।

यदुनाथजीले भने हेतु केही पनि दिनुभएको छैन, यस्तो हुनुपर्ने भनी देखाउनु पनि भएको छैन, खालि अलिकति संशोधन गर्नुपर्छ भन्ने आज्ञा मात्र दिनुभएको छ। केही संशोधन गर्‍यो भने मैले भनेको त त्यो होइन भन्ने बाटो यदुनाथजीलाई सधैं खुला रहन्छ। यस कारण गोलबोली बोलेर मेरो जम्मै लेखलाई दूषित पार्न यदुनाथजीले दुश्चेष्टा गर्नुभएको छ । यो काम विद्वान्लाई सुहाउने होइन। यस कारण यदुनाथजी आफूलाई ईमानदार विद्वान् सम्झनुहुन्छ भने यस ठाउँमा यो कुरा मिलेन, यो कुरालाई यसरी लेख्नुपर्छ भनी उहाँले सप्रमाण देखाउन सक्नुपर्छ ।

अरूलाई भ्रममा पारी आफ्नो स्वार्थसाधन गर्न खोज्ने धूर्तहरू गोलबोली बोल्छन् भन्ने कुरा मलाई दण्डी भवभूतिहरूले पढाएका छन् । जस्तै-

निर्णयार्थं प्रयुक्तानि संशयं जनयन्ति चेत् ।
वचांसि दोष एवासौ ससंशय इति स्मृतः ।।१३९।।
मनोरथप्रियालोकरसलोलेक्षणे सखि ।
आराद्वृत्तिरसौ माता न क्षमा द्रष्टुमीदृशम् ।।१४०।।
ईदृशं संशयायैव यदि वा तु प्रयुज्यते ।
स्यादलङ्कार एवासौ न दोषस्तत्र तद् यथा ।।१४१।।
पश्याम्यनङ्गजातङ्कलङ्घितां तामनिन्दिताम् ।
कालेनैव कठोरेण ग्रस्तां किं नस्त्वदाशया ।।१४२।।
कामार्ता धर्मतप्ता वेत्यनिश्चयकरं वचः ।
युवानमाकुलीकर्तुमिति दूत्याह नर्मणा ।।१४३।।

(काव्यादर्श तृतीय परिच्छेद)

[निर्णय गर्न भनी प्रयोग गरिएका शब्दले नै दोधार पारिदिन्छन् भने ससंशय नाउँ गरेको दोष पर्छ । जस्तै—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्ना मन परेका प्यारालाई हेर्ने रसले चञ्चल आँखा भएकी हे संगिनी आरात्मा रहनु-भएकी तिम्री आमाले यस्तो हेर्न सक्नुहुन्न ।

यहाँ प्रयोग गरिएको आरात् शब्दको अर्थ टाढा वा नजीक दुवै हुन्छ । यस कारण यस वाक्यको अर्थ तिम्री आमा टाढा छन्; तिम्रो यस्तो चालचलन उनीले देख्तिनन्; मन लागेको गर भन्ने पनि हुन्छ; तिम्री आमा नजीकै छन्; तिम्रो यस्तो चालचलन उनीले देख्लिन्; यस कारण यस्तो काम नगर भन्ने पनि हुन्छ ।

दोधारै पारिदिन यस्ता शब्दको प्रयोग गरेको हो भने त यो अलङ्कार ठहर्छ, दोष ठहर्दैन । जस्तै—

अनङ्गको आतङ्कले सताइएकी ती सुन्दरीलाई कठोर कालले मैं गाँजिसकेको छ भन्ने मैले ठानेकी छु । तपाईंको आस गरेर हामीलाई के पुग्छ र ?

यहाँ प्रयोग गरिएका अनङ्ग आतङ्क शब्दको अर्थ कामवासनाले भएको पीडा वा जीउको नभई बाहिरिया पीडा भन्ने हुन्छ तथा कठोर कालको अर्थ निर्दय यमराज वा कडा समय भन्ने हुन्छ । तपाईंकी प्यारी कामवासनामा परेकी छन् भन्ने अर्थ पनि यसको हुन्छ, उनीलाई केही भएको छैन, खालि गरम मात्र भएको हो भन्ने अर्थ पनि यसको हुन्छ । यी संशयोत्पादक शब्द ठट्टाको हिसाबले प्रयोग गरी कुट्टनीले युवकलाई व्याकुल पार्न खोजेकी हो ।]

यहाँ युवकलाई प्रेमजालमा फसाई आफ्नो स्वार्थसाधन गर्न खोज्ने कुट्टनीले गोलबोली बोलेको उदाहरण दण्डीले दिएका छन् ।

भवभूतिको मालतीमाधवनामक नाटकका मुख्य पात्रमध्येकी जोगिनी कामन्दकी राजा र नन्दन (राजाको ठटचौलो साथी) लाई छकाएर मालती र माधवको प्रेमविवाह गराउँछे । यसरी जोगिनी भएर कुट्टनीको भूमिका उसले खेलेकी छ । परन्तु आफ्नो विद्वत्ताले गर्दा आफ्नो धर्मविरुद्धको आचरणबाट पनि उसले आफ्ना अनुयायीहरूमा आफ्नो विषयमा श्रद्धा घट्न दिएकी छैन । यो कुरा खुलासा गर्न यहाँ मालतीमाधवको अलिकता उद्धरण दिनु आवश्यक सम्झेको छु ।

कामन्दकी— … … … अनुरागप्रवादस्तु वत्सयोः सार्वलौकिकः ।
श्रेयो ह्यस्माकमेवं हि प्रतायौ राजनन्दनौ ।।१६।।

पश्य ।

बहिः सर्वाकारप्रवणरमणीयं व्यवहरन् पराभ्यूहस्थानान्यपि तनुतराणि स्थगयति ।
जनं विद्वानेकः सकलमतिसन्धाय कपटैस्तटस्थः स्वानर्थान् घटयति च मौनं च भजते ।।१७।।

(१ अङ्क)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कामन्दकी – (स्वगतम् ।) एवं दुर्मनायमानः पीडयति मां वत्सो माधवः । वत्सा मालती च दुष्करं निराशा प्राणितीति । (प्रकाशम् ।) वत्स माधव पृच्छामि तावदायुष्मन् त्वाम् । अथ किं भवानमंस्त यथा भूरिवसुरेव मालतीमस्मभ्यं दास्यतीति ।

माधवः-- (सलज्जम् ।) नहि नहि ।

कामन्दकी-- न तर्हि प्रागवस्थाया भूरिवसुः परिहीयते ।

मकरन्दः— दत्तपूर्वेत्याशङ्क्यते ।

कामन्दकी— जानामि तां वार्ताम् । इदं तावत् प्रसिद्धमेव यथा नन्दनाय मालतीं प्रार्थयमानं भूरिवसुं नृपतिमुक्तवान् प्रभवति निजकन्यकाजनस्य महाराज इति ।

मकरन्दः-- अस्त्येतत् ।

कामन्दकी-- अद्य च राज्ञा स्वयमेव मालती दत्तेति संप्रत्येव पुरुषेणावेदितम् । तद् वत्स यावप्रतिष्ठानि देहिनां व्यवहारतन्त्राणि वाचि पुण्यापुण्यहेतवो व्यवस्थाः सर्वथा जनानामायतन्ते । सा च भूरिवसोर्वागनृतात्मिकैव । न खलु महाराजस्य निजकन्यका मालती । कन्यकाप्रदाने च नृपतयः प्रमाणमिति मेवंविधो धर्माचारसमयः । तस्मादवस्थितमेवैतत् । कथं च । माम-नवधानां मन्यसे पश्य ।

मा वां सपत्नेष्वपि नाम तद् भूत् पापं यदस्यां त्वयि वा विशङ्क्यम् ।
तत् सर्वथा सङ्गमनाय यत्नः प्राणव्ययेनाऽपि मया विधेयः ।।५।।

मकरन्दः— सर्वं सुष्ठु युज्यमानमादिश्यते युष्माभिः । अपि च ।

दया वा स्नेहो वा भगवति निजेऽस्मिन् शिशुजने भवत्याः संसाराद् विरतमपि चित्तं द्रवयति ।
ततश्च प्रव्रज्यासमयसुलभाचारविमुखः प्रसक्तस्ते यत्नः प्रभवति पुनर्दैवमपरम् ।।६।।

(४ अङ्क)

[कामन्दकी— नानी माधव र नानी मालतीको प्रेम परेको छ भन्ने हल्ला सबैतिर फैलिएको छ । यो हल्ला फैलिनाले नै हाम्रो भलो हुन्छ । राजा र नन्दनलाई छक्याउनुपर्छ । हेर । चलाख मानिस बोलीवचन कामकार्वाईले बाहिर राम्रो व्यवहार गरेर अरूहरूलाई शङ्का पर्ने सानोसेसानो ठाउँ पनि नदिई सबैलाई छलछाम गरी छकाएर तटस्थ भई आफ्नो स्वार्थ सिद्ध गर्छ र चूप लागेर बस्छ ।

कामन्दकी-- (मनमनै) यसरी दिक्क भएका नानी माधवलाई देख्दा मलाई अपशोच लाग्छ । निराश भएकी नानी मालती पनि बल्लतल्ल सास फेरिरहेकी छन् । (सुन्ने गरी) नानी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माधव म तिमीसँग एउटा कुरा सोध्छु । के भूरिवसुले नं हामीहरूलाई मालती दिन्छन भनी तिमीले ठानेका थियौ ?

माधव— (लाज मानेर) होइन होइन ।

कामन्दकी— त्यसो भए पहिलेभन्दा अहिले भूरिवसुमा केही फरक आएको छैन ।

मकरन्द— अरूलाई दिइसकेको भनेर शङ्का भएको ।

कामन्दकी— त्यो कुरा मलाई थाहा छ । नन्दनको लागि महाराजले भूरिवसुसँग मालती माग्दा भूरिवसुले आफ्ना छोरीहरूको विषयमा सरकारको जो तजवीज भनी महाराजसँग बिन्ती चढाएका थिए भन्ने कुरा प्रसिद्ध छ ।

मकरन्द— यो कुरा मैले पनि सुनेको हुँ ।

कामन्दकी— आज महाराजबाट खुद आफैंले मालतीलाई बक्स्यो भन्ने कुरा भरखरै मानिसले भन्यो । बाबु मानिसको व्यवहार वचनमै अडेको छ । बोलीमै मानिसको पापपुण्यको मर्यादा अडेको हुन्छ । यस्तो कुरा भूरिवसुले छल्याउन बोलेका हुन् । मालती महाराजकी आफ्नी छोरी होइनन् । छोरी दिने कुरामा राजाको तजबीज हुन्छ भन्ने कुरा धर्मशास्त्रमा लेखिएको छैन । त्यस कारण यो कुरा यसै टाँगिएर रहेको छ । तिम्रो मनमा मैले विचार नपुऱ्याएको जस्तो लागेको होला । हेर । यी मालती र तिमी (माधव)लाई दुःख पर्ला भन्ने कुरो चिताउन पनि सक्तिनँ । यस्तो कुरा त तिमीहरूका शत्रुहरूलाई पनि नपरोस् । त्यस कारण तिमीहरूको विवाह गराउने काममा मैले ज्यानको बाजी लाएर पनि कोशिश गर्नुपर्छ ।

मकरन्द— हजुरबाट आज्ञा भएको सबै कुरा ठीक हो । आफ्ना छोराछोरी जस्ता यी माधव र मालतीका उपरमा भएको हजुरको दया वा मायाले संसारबाट विरक्त भएको हजुरको चित्तलाई पनि पगालेको छ । त्यसै कारण भिक्षुचर्याको आचारको प्रतिकूल भएता पनि हजुरले प्रयत्न गरिरहनुभएका छ । यसभन्दा बढी गर्न त दैवले मात्र सक्छ ।]

यति सन्नाको तात्पर्य यदुनाथजी विद्वान् हुनुहुन्छ तापनि विदुषी कामन्दकीले आफ्नो आचारविरुद्ध काम गरे जस्तै यदुनाथजी पनि गर्न लाग्नुभएको हो कि भन्ने शङ्का परेकोले हो ।

सोझा मानिसलाई ठगेर धूर्तहरू आफ्नो स्वार्थसाधन गर्न कस्तो कुरा बोल्छन् भन्ने कुरा श्रीहर्षले पनि देखाएका छन् । त्यसको उद्धरण पनि यहाँ गर्नु उचित होला । दमयन्तीको स्वयंवरमा अभ्यर्थी भई इन्द्र, अग्नि, वरुण, यम जान लागेका थिए । नल राजा पनि त्यही स्वयंवरमा अभ्यर्थी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भई जान लागेका थिए। नलका सौन्दर्य आदि गुण देखेर इन्द्रहरूको मनमा यस्तो योग्य वरलाई छाडी दमयन्तीले हामीलाई वरमाला अवश्य लाइदिन्न् भन्ने पर्‍यो र अब के गन के गर्ने भनी उनीहरू आकुलव्याकुल भए। इन्द्र खप चलाख थिए। कुरा जमाई जमाई गर्न बनले बालककाल-देखि सिकेका थिए। यस कारण उनले नलसँग आफ्नो पुरानो सम्बन्ध देखाई नललाई आफ्नो दूत बनाउने उद्योग गरे–

इत्यवेत्य मनसाऽऽत्मविधेयं किञ्चन त्रिविबुधी बुबुधे न।
नाकनायकमपास्य तमेकं सा स्म पश्यति परस्परमास्यम् ॥७२॥
किं विधेयमधुनेति विमुग्धं स्वानुगाननमवेक्ष्य ऋभुक्षाः।
शंसति स्म कपटे पटुरुच्चैर्वञ्चनं समभिलष्य नलस्य ॥७३॥
सर्वतः कुशलवानसि कच्चित् त्वं स नैषध इति प्रतिभा नः।
स्वासनार्धसुहृदस्त्वयि रेखां वीरसेननृपतेरिव विद्मः ॥७४॥
क्व प्रयास्यसि नलेत्यलमुक्त्वा यात्रयाऽत्र शुभयाऽजनि यन्नः।
तत् तयैव फलसत्वरया त्वं नाऽध्वनोऽर्धमिदमागमितः किम् ॥७५॥
एष नैषध स दण्डभृदेष ज्वालजालजटिलः स हुताशः।
यादसां स पतिरेष च शेषं शासितारमधिगच्छ सुराणाम् ॥७६॥
अर्थिनो वयममी समुपेमस्त्वां नलेति फलितार्थमवेहि।
अध्वनः क्षणमपास्य च खेदं कुर्महे भवति कार्यनिवेदम् ॥७७॥
ईदृशीं गिरमुदीर्य बिडौजा जोषमास न विशिष्य बभाषे।
नाऽत्र चित्रमभिधाकुशलत्वे शैशवावधिगुरुर्गुरुरस्य ॥७८॥

(नैषधीयचरित ५ सर्ग)

[यो विचारि मनले, अब गर्ने कृत्य नै त्रि-सुरले नठमाई।
इन्द्र–भिन्न अरु यी तिन–देव हेर्दथे मुख परस्परमा नै ॥७२॥
हाल के गरनु योग्य छ ? यस्मा मुग्ध साथिहरुलाइ बुझेर।
छलनलाइ चतुरा विबुधेन्द्र भन्दछन् वचन यो नललाई ॥७३॥
सप्त–अङ्ग कुशलै छ कि ? राजन् ! गर्दछौं नल भनी अनुमान।
वीरसेन, निज–आसन–भागी, भूपकै सरि छ चिह्न तिमीमा ॥७४॥
सोध्नु व्यर्थ छ कहाँ तिमि जान्छौ ? भूमि भोमाग मन शुभ हाम्रो।
तेसले फल छिटै दिन हो कीं ? अर्द्ध–मार्गविच भेट गरायो ॥७५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दण्डधारि यम हुन् यिनि भूप ? ज्वालजाल-जटिली यिनि अग्नि ।
हुन् यिनी वरुण, बाँकि म खास हूँ सुरेन्द्र भनि जान तिमीले ।।७६।।
यो छ वास्तविक बात नृपाल ! हामि याचक बनी कुछ माग्छौं ।
मार्गको कुछ थकाइ हटाई गर्दछौं पनि तिमीसित वार्ता ।।७७।।
इन्द्र यत्ति कहँदै चुप लागे तेसमा अरु खुलाइ भनेनन् ।
वाक्य-भङ्ग यिनमा न छ चित्र, बाल्यदेखि गुरु हुन् गुरु यिन्का ।।७८।।]

(कोमलनाथ अधिकारीद्वारा अनूदित नैषधीयचरित ७२ पृष्ठ)

नेपालको प्रामाणिक इतिहास तयार गराउन मैले धेरै वर्षदेखि प्रयत्न गर्दै आएको छु । यसै प्रसङ्गमा मबाट प्रेरणा पाएका केही विद्यार्थीहरूले वि. सं. २००९ देखि इतिहास-संशोधन निकालन थाले । यस किसिमको काम हाम्रो देशमा अलि नौलो खालको थियो तथा छ । अर्थसङ्ग्रहशास्त्रीहरू-लाई त संशोधनपरम्परा अत्यन्त अप्रिय हुनु स्वाभाविक छ । यस कारण यसलाई बन्द गराउन अर्थसङ्ग्रहशास्त्रीहरूले ठूलो प्रयत्न गरे तथा गर्दैछन् । संशोधकहरूलाई उच्च अधिकारीको संमुख उभ्याई दण्ड दिने प्रयत्न पनि भयो । परन्तु प्रजातन्त्रकालको ऐनसवालले त्यसो गर्न दिएन[३] । संशोधनको परम्परा चलाउने मेरो प्रयत्न अत्यन्त मन्दगतिले भए तापनि चली नै रह्यो ।

विष्णु भगवान्का दशावतारमध्ये वामनावतार एक हो[४] । लिच्छवि राजा मानदेवले आफ्नी आमा रानी राज्यवतीको पुण्य बढाउनको लागि वामनमूर्तिको स्थापना गरी त्यसमा अभिलेख कुँदाएर राखेका छन् । बामनको सो मूर्ति किराती राजा थुङ्कोको सालिकको रूपमा मानदेवले राखेका हुन् भनी ठूला इतिहासज्ञ कहलाएका श्रीकेसरबहादुर खत्रीक्षत्रीले लेख छपाई धार्मिक जनताको मनमा धर्ममा अश्रद्धा फैलाइदिने चेष्टा गर्नु भयो र सो वामनमूर्तिको विषयमा यथार्थ कुरा बुझाउन आवश्यक सम्झी मेरो प्रेरणाअनुसार धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले वि. सं. २०१२ को विजयादशमीमा आफ्नो इतिहास-संशोधन ५ सङ्ख्या प्रकाश गराए[५] ।

---

[३]पूर्णिमा १९ अङ्कको २२७ पृष्ठ

[४]वामनाबतारको वर्णन वेदमा छ भन्ने कुरा हालै वि. सं. २०३० मा मैले प्राध्यापक सोमनाथ घौडेलबाट पनि सप्रमाण सुनेको छु ।

[५]पढेको अष्टाध्यायीसम्मको पाठ सुनाई वि. सं. २०१२ को हिउँदमा ज्ञानमणि घर गए । वि. सं. २०२७ मा धनवज्रले त्रिभुवन-विश्वविद्यालयमा काम पाए । वि. सं. २०२८ मा धनवज्रले संशोधन-मण्डल छोडे । मेरो सङ्गत छोडेपछि पनि ज्ञानमणि र धनवज्रले पुस्तक तथा लेख प्रकाश गरेका छन् । तिनमा मेरो कुनै हात छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस इतिहास-संशोधनमा यस्तो लेखिएको छ-
नेपालको इतिहासलाई लिएर अंग्रेजीमा एउटा प्रबन्ध लेखी श्रीकेशरबहादुर खत्री क्षत्री
एम्. ए. ले रोमको 'प्राच्यविद्यापरिषद्'मा सुनाउनुभएको रहेछ । सो लेख नेवारी भाषामा
अनुवाद भई 'नेपाल' पत्रिकामा पनि प्रकाशित भएको थियो, फेरि नेपाली भाषामा अनुवाद
गरी सो लेखको एक भाग "श्रीपशुपतिनाथको मन्दिरनिर त्रिगङ्गाका दायाँ खेतका
आग्नेय कोण सिनामुगल जाने बाटो मुनि रहेको त्रि-विक्रमको शिल्पकला र त्यस सित सम्बन्धित
शिलालेखको रहस्य" भन्ने नामले 'इतिहासप्रकाश' ५-८ पृष्ठमा छापिएको छ । अहिले फेरि सो
लेखको अर्को भाग ने. भा. प्र. समितिद्वारा प्रकाशित गद्यसंग्रह (तेस्रो भाग) मा 'प्राचीन नेपाल'
भन्ने नाममा छापिएको छ । 'इतिहासका धुरन्धर पुरातत्त्वका अन्वेषक' कहलाएका प्रतिष्ठित
व्यक्तिले अंग्रेजी नेवारी नेपालीमा लेखी देशविदेशमा प्रख्यापन गरिएको, बी. ए. को पाठ्यपुस्तकमा
समेत स्थान पाएको यस लेखमा साँच्चै सत्य कुराको प्रकाश होला भनेर धेरै मानिसमा पत्यार पर्नु
स्वाभाविकै छ। परन्तु ऐतिहासिक लेख प्रमाणको आधारमा लेखिएको हुन्छ । प्रमाणलाई छोडी
कल्पनाजालले भरिएको लेखबाट कुनै वास्तव इतिहासको प्रकाश हुन सक्तैन । त्यस्तै उहाँको यस
लेखमा सोझो अर्थलाई बङ्ग्याएको, अर्थको अनर्थ गरेको, प्रमाणबिनाका केवल कल्पनैकल्पनाले
भरेको, अनावश्यक विदेशीको स्तुतिगान गरेको देखता यसबाट अनर्थ प्रभाव पर्ने हुनाले यसको
निराकरण गर्नु आवश्यक हुन आउँछ ।

(२ पृष्ठ)

श्रीकेशरबहादुर वामनावतार विष्णुका मूर्तिलाई किराती राजा थुङ्कोको
मूर्ति हो भन्नुहुँदो रहेछ

श्रीकेशरबहादुरजी राजा मानदेवले स्थापना गरेको त्रिविक्रम वामनको मूर्तिको बारेमा चर्चा
गर्दै लेख्नुहुन्छ—
"राजा मानदेवले त्रिगङ्गाको मूर्ति र शिलालेख कुद्न लाउँदा अवश्य पनि लुम्बिनिको
अशोकको शिलालेखलाई लक्ष्य गरेका थिए भनी निर्णय गर्न सकिन्छ । मूर्तिकलाको एक कुनामा राजा
वलिको पतनभन्दा अगि उब्जिएको कथा भन्ने घोडाले राजा मानदेवले आफ्ना पूर्वाधिकारी किराती राजा
थुङ्कोको (जसलाई उनले विष्णुको वामनावतारको रूपमा सम्मानित गरेका छन्) कारवाईको
पूर्ण समर्थन गरेका थिए भन्ने दर्शाउँछ । कौटल्यले वामनजातिलाई किरात कुब्ज र मूकसित श्रेणीबद्ध
गरेका छन् । यो यस सम्बन्धमा बडो कुतूहल पैदा गर्ने कुरा छ ।" [इतिहास-प्रकाश ७ पृ.]
यसरी उहाँले मानदेवले किराती राजा थुङ्कोको कार्यको समर्थन गरी उनको रूपमा वामन-
मूर्ति स्थापना गरेका हुन् भन्ने कुरा लेख्नुभएको छ । यसको प्रमाणचाहिँ कौटल्यले वामन जातिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

किरातसित सम्बन्ध देखाएका छन् भन्ने दिनुभएको छ । यस कारण उहाँले दिनुभएको सो प्रमाणाभासतर्फ विचार गरौं ।

आचार्य कौटल्यले किरात र वामनको सम्बन्ध देखाई लेखेका होइनन् । 'वामन' भन्ने कुनै जाति पनि होइन । आचार्य कौटल्यको सो वाक्यको अर्थ नलागेरै उहाँले यस्तो लेख्नुभएको हो । 'आत्मरक्षित' प्रकरणमा राजाले आफ्नो रक्षा कसरी गर्नुपर्छ भन्ने कुरा बताउँदै आचार्य कौटल्यले यस्तो लेखेका छन्–

"शयनादुत्थितः स्त्रीगणैर्धन्विभिः परिगृह्येत ॥१॥ द्वितीयस्यां कक्ष्यायां कञ्चुकोष्णीषिभिर्वर्षवराभ्यागारिकैः ॥२॥ तृतीयस्यां कुब्जवामनकिरातैः ॥३॥" (कौ. अर्थ. १ अधि. २१ अ.)

[बिछ्याउनाबाट उठेका राजालाई धनु भिरेका स्वास्नीमान्छेले पहरा दिनू ॥१॥ दोस्रो खण्डमा जामा पगरी लाएका नपुंसक र दरबारभित्रको प्रबन्ध गर्ने काममा खटिएका मानिसले पहरा दिनू ॥२॥ तेस्रो खण्डमा कुप्रा बाउन्ने र किरातीहरूले पहरा दिनू ॥३॥]

यहाँ कुब्ज वामन किरातको परस्परमा कुनै सम्बन्ध छैन । व्यभिचार जाल-झेल नहोस् भन्ने विचारले दरबारमा कुप्रा बाउन्ने आदि राखिन्थे । यो कुराको उल्लेख जताततै पाइन्छ । साहित्यदर्पणकार श्रीविश्वनाथले पनि यस कुराको विवेचना गरेका छन्–

अथान्तःपुरसहायाः– तद्वदवरोधे

वामनषण्ढकिरातम्लेच्छाभीराः शकारकुब्जाद्याः ॥६८॥

आद्यशब्दान्मूकादयः । तत्र षण्ढवामनकिरातादयो यथा रत्नावल्याम्–

नष्टं वर्षवरैर्मनुष्यगणनाभावादपास्य त्रपामन्तः कञ्चुकिकञ्चुकस्य विशति त्रासादयं वामनः ।
पर्यन्ताश्रयिभिर्निजस्य सदृशं नाम्नः किरातैः कृतं कुब्जा नीचतयैव यान्ति शनकैरात्मेक्षणाशङ्किनः । २२॥

[दरबारभित्र वामन(बाउन्ने) नपुंसक किरात म्लेच्छ आभीर शकार (राजाको सालो) कुब्ज (कुप्रो) मूक (लाटो) आदि राजाका सहायक हुन्छन् । यिनमा नपुंसक बाउन्ने किरातहरूको चाहिं रत्नावलीमा उल्लेख छ । जस्तै– मानिसमा गणनै नभएका हुनाले लाज पचाई नपुंसकहरू भागे । यो बाउन्नेचाहिं डरले कञ्चुकीको जामाभित्र पस्छ । छेउ–छेउमा रहेका किरातहरूले आफ्नो नाउँ सुहाउँदो गरे, अर्थात् कुना पसे । आफूलाई देखला भन्ने डरले कुप्राहरू झन् नुहेर बिस्तारै जान्छन् ।]

(साहित्यदर्पण तृतीय परिच्छेद)

यताबाट वामन भन्ने कुनै जाति होइन, जुन जातको मानिस पनि वामन (बाउन्ने) हुन सक्तछ भन्ने कुरा स्पष्ट हुन्छ । अतः वामन जाति हो भन्ने तथा वामन र किरातमा सम्बन्ध जोड्ने उहाँको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विचार नितान्त भ्रमपूर्ण सिद्ध हुन्छ। यही कल्पित कुरा लिई किरातलाई वामन जातिसित जोडी सबैले थाहा पाएका पुजिएका विष्णुको वामनावतारलाई किराती थुङ्कोको रूपमा मानदेवले स्थापना गरेका हुन् भन्ने कुरा त कहाँसम्म उपहासास्पद र भ्रमपूर्ण छ। फेरि केशरबहादुरजीले अशोकले बुद्धको जन्मस्थान लुम्बिनीमा स्थापता गरेको शिलास्तम्भबाट थुङ्कोले घोडा खसाले [इतिहास-प्रकाश ६ पृ.] भनी लेख्नुभएको छ। यसबाट बुद्ध भगवान्को स्मृतिमा राखेको स्मृतिचिह्नलाई समेत तोड्ने थुङ्को बुद्ध र बौद्ध धर्मका विरोधी दुष्ट थिए भन्ने देखिन आउँछ। उहाँले पनि "पुण्यात्मा चीनो यात्रीको 'दुष्ट राक्षस' बौद्ध उपाख्यानहरूमा यस्तै विशेषणले युक्त रहेका महाराज थुङ्कोबाहेक अरू कोही हो कि भनी शङ्का गर्न बहुतै कम कारण हुन सक्छ" [इ. प्र. ७ पृ.] भनी लेख्नुभएको छ। उहाँको वाक्यबाट यस्ता राक्षसमा पनि दुष्ट भएका थुङ्कोलाई त्यस्ता धार्मिक राजा मानदेवले विष्णुको वामनावतारको रूपमा कसरी सम्मान गरे? यसमा उहाँ के भन्नुहुन्छ? फेरि उहांको आफ्नै लेखमा पनि परस्परमा विरोध परेको स्पष्टै देखिन्छ। यदि मानदेव बौद्ध धर्मका कट्टर विरोधी भएका हुनाले बुद्धको स्मृतिमा राखेको चिह्न तोड्ने बौद्ध उपाख्यानमा दुष्ट राक्षस भनिएका थुङ्कोलाई वामनावतारको रूपमा सम्मान गरेका हुन् भन्ने उहांको विचार छ भने पनि मानदेव बौद्ध धर्मका विरोधी थिएनन्। यो कुरा त स्वयं उहाँले नै मान्नुभएको छ। "महाराजले तैपनि मानविहारको स्थापना गरेर बुद्धधर्मको उत्तिकै आदर गरेका हुन्" (गद्य-संग्रह ३ भाग ९८ पृ.) यसरी उहांको लेखमा आफ्नै कुराले आफ्नो कुरालाई पुष्टि नदिएको प्रत्युत विरोध खाएकोले ढाँटेको कुरा काटे पनि नमिलेको देखिन आउँछ।

वास्तवमा थुङ्को अशोकका सामानकालिक हुन्, उनले अशोकस्तम्भको घोडा खसालेका हुन् भन्ने कुरा निर्णय गर्नु बाँकी नै छ। यता न मानदेवका शिलालेखमा न अरू लिच्छविकै कुनै अभिलेख-मा थुङ्कोको संकेतसम्म पाइएको छ। यस अवस्थामा मानदेवले थुङ्कोको सम्मानमा वामनमूर्तिको स्थापना गरे भन्नु त कल्पित तथा उपहासास्पद मात्रै हुन्छ।

विष्णुका दशावतारमध्येमा वामनावतार एक हो। वामनावतारको महिमा प्राचीन कालदेखि चलेर आएको छ। सबैजसो पुराणमा वामनावतारको वर्णन परेको छ। गुप्तसम्राट् स्कन्दगुप्तको वि. सं. ५१४ को जूनागढको एक शिलालेखमा पनि वामनावतार विष्णुको स्तुति परेको छ।

श्रियमभिमतभोग्यां नैककालापनीतां त्रिदशपतिसुखार्थं यो बलेराजहार।
कमलनिलयनायाः शाश्वतं धाम लक्ष्म्याः स जयति विजितार्तिविष्णुरत्यन्तजिष्णुः[1]।।

[जसले धेरै कालदेखि हरिएको सुख भोग दिने राज्यलक्ष्मीलाई इन्द्रलाई सुख दिनाका लागि बलि राजाबाट खोसेर ल्याए, कमलमा बसेको लक्ष्मीसँग सधैं रहने आफ्नु हर्ने खूब जित्न सक्ने ती विष्णु भगवान् श्रेष्ठ छन।]

[1] श्रीदीनेशचन्द्र सरकारको 'अभिलेख-संग्रह' ३०० पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बामनको कथामा विष्णुले तीनै लोकलाई आफ्नो वश पारेको कुरा छ। विजिगीषु राजाले यस किसिमका देवताको उपासना गर्नु सबै किसिमबाट उचित देखिन्छ।

अब राजा मानदेवको सो वामनमूर्ति स्थापना गर्नामा के उद्देश्य थियो भन्ने कुरा बुझ्नुपरेको छ। स्वयं मानदेवले वामनमूर्तिको पादपीठमा यस्तो लेख लेखाएर राखेका छन्।

मातुः श्रीराज्यवत्या हितकृतमनसः सर्व्वदा पुण्यवृद्ध्यै
राजा श्रीमानदेवः शुभविमलमतिः पात्रदानाम्बुवर्षी।
लक्ष्मीवत्कारयित्वा भवनमिह शुभं स्थापयामास सम्यक्
विष्णुं विक्रान्तमूर्तिं सुरमुनिमहितं सर्व्वलोकैकनाथम्।

[असल सफा बुद्धि भएका, सत्पात्रमा पानीसरह दान वर्षाउने राजा श्रीमानदेवले हित गर्ने मन भएका (आफ्ना) मुमा श्रीराज्यवतीको सधैं पुण्यको बढिबढाउ होस् भन्नानिमित्त राम्रो असल मन्दिर बनाउन लगाई देवता र ऋषिहरूले पुजिएका सारा संसारका एउटै मालिक त्रिविक्रम (वामन) मूर्ति विष्णुलाई राम्ररी यहाँ स्थापना गर्नुभयो।]

यहाँ स्वयं मानदेवले 'आफ्ना आमाको पुण्य बढोस् भन्ने उद्देश्यले विष्णु भगवान् वामनको मूर्ति स्थापना गरें" भनी स्पष्टसँग भनेका छन्। यस्तो प्रत्यक्ष स्पष्ट कुरा छँदा छँदै 'मानदेवले किराती राजा थुङ्कोको रूपमा वामनमूर्ति स्थापना गरेका हुन्' भन्ने कल्पना गरी केशरबहादुरजीले झूठो कुरा फैलाउने साहस गर्नुभएको छ।

मानदेवको वामनमूर्तिको एकापट्टि छेउमा दुइटा गणको नजीकै एउटा घोडाको मुखभाग देखिन्छ। यस घोडालाई केशरबहादुरजीले अशोकस्तम्भको घोडा खसाल्ने थुङ्कोको कार्यको समर्थनका लागि कुँदिएको हो भन्ने विचित्र कल्पना गर्नुभएको छ। यसमा पहिले थुङ्कोले अशोकस्तम्भको घोडा खसालेको कुरा नै प्रामाणिक छैन त फेरि त्यसको संस्मरणको लागि मानदेवले यहाँ घोडा कुँदाएका हुन् भन्ने उहाँको कल्पना पनि विना आधारको देखिन्छ।

घोडा अश्वमेध यज्ञको चिह्न हो। यहाँ पनि अश्वमेध यज्ञको चिह्नस्वरूप नै यो घोडा राखिएको हो। अश्वमेध यज्ञमा घोडाकै प्रधानता हुन्छ। यसैले अश्वमेध यज्ञको वर्णन गर्दा जहाँ पनि घोडालाई विशिष्टता दिइएको हुन्छ। गुप्तसम्राट् समुद्रगुप्त (वि. सं. ३८७-४३२)ले अश्वमेध यज्ञ गरेका थिए[१]। यस कारण उनले आफ्नो टकमा घोडाको मूर्ति कुँदाएका थिए[२]। कुमारगुप्त (४७१-५१२) ले पनि अश्वमेधको चिह्नस्वरूप आफ्नो टकमा घोडाको मूर्ति कुँदाएका थिए[३]। त्यस्तै यहाँ

---

१ "चिरोत्सन्नाश्वमेधाहर्तुः" (स्कन्दगुप्तको भितरी स्तम्भलेखबाट)

२. श्रीराखालदासको 'प्राचीनमुद्रा' १५६ पृ.। श्रीवासुदेव उपाध्यायको 'भारतीय सिक्के' १५६ पृ.

३. 'प्राचीनमुद्रा' १७४-७५ पृ.। 'भारतीय सिक्के' १६२-६३ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि जुन वेला विष्णु ब्रह्मचारीको रूप लिएर राजा वलिकहाँ गएका थिए, त्यस वेला वलि अश्वमेध यज्ञ गर्न लागिरहेका थिए ।

"श्रुत्वाश्वमेधैर्यजमानमूर्जितं वलिं भृगूणामुपकल्पितैस्ततः
जगाम तत्राखिलसारसंभृतो भारेण गां सन्नमयन्पदे पदे ।२०।
... इत्थं सशिष्येषु भृगुष्वनेकधा वितर्क्यमाणो भगवान्स वामनः
छत्रं सदण्डं सजलं कमण्डलुं विवेश बिभ्रद्धयमेधवाटम् ।२३।[१]

[ठूला बलि राजा भृगुहरूले गराएको अश्वमेध यज्ञ गर्न लागेका छन् भन्ने सुनेर सम्पूर्ण शक्तिले युक्त भएका (भगवान् वामन) पाइलैपिच्छे भारीपनले भुईं नुहाउँदै त्यहाँ गए ।...यसरी भृगु र उनका चेलाहरूले अनेक थरी तर्कना गरिएका ती भगवान् वामन छाता लट्ठी जल भरिएको कमण्डलु लिई अश्वमेध यज्ञको मण्डपमा पसे ।]

यस कारण राजा मानदेवले स्थापना गरिएका भगवान् त्रिविक्रम वामनको यस मूर्तिमा पनि बलि राजाको अश्वमेध यज्ञ देखाउन नै यो घोडाको मूर्ति कुँदिएको हो । केशरबहादुरजीले कल्पना गरे जस्तै लुम्बिनीको अशोकस्तम्भको घोडा खसाल्ने थुड्कोको स्मृतिका लागि होइन ।

(४-१०पृष्ठ)

त्यस इतिहाससंशोधनमा केशरबहादुरजीका लेखका अरू कुराको पनि खण्डन परेको छ ।

त्यसको मुखपृष्ठमा यस्तो लेखिएको छ-

श्रीकेशरबहादुर खत्री क्षत्री एम. ए ले फैलाउन खोज्नुभएको भ्रमको निराकरण हामीले सप्रमाण खण्डन गरेका उहाँका उक्तिलाई सिद्ध गर्ने प्रमाण उहाँसँग छ वा उहाँले "महापुरुष तथा निष्पक्ष इतिहासकार" भनी प्रख्यापन गरिनुभएका श्रीजिशेप टुचीसँग छ भने पनि सो लिई हामीसँग शास्त्रार्थ गर्न आउनुहोला ।

यस्तो लेख प्रकाश भएपछि केशरबहादुरजी र उहाँका आसेपासेहरू आफ्नो हुनु बाङ्गिएला भनी इतिहास-संशोधनदेखि क्रुद्ध हुनु स्वाभाविक थियो ।

मानदेवकी रानी क्षेमसुन्दरीको लाजिमपाटमा रहेको अप्रकाशित अभिलेखलाई धनवज्र बज्राचार्यले आफ्नो इतिहास-संशोधन ९ सङ्ख्यामा वि. सं. २०१४ आषाढ १० गते प्रकाश गराए। त्यसको प्रस्तावनामा यस्तो लेखिएको छ-

एक दिन गौतमवज्र वज्राचार्य शिलापत्र खोज्दै हिंडेका थिए, लाजिमपाट धोबीचौरमा मानदेवको वामनमूर्तिको पश्चिमपट्टि शिवलिङ्गमा नयाँ शिलापत्र पाइएको छ भनी त्यहाँ लुगा धुने धोबीबाट निजले सुनेछन् र त्यस शिलापत्रको प्रतिलिपि शीशाकलमले कागतमा उतारी ल्याई मलाई

१. श्रीमद्भागवत अष्टमस्कन्ध १८ अध्याय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देखाए । सो शिलालेखको उतार प्रायः स्पष्ट आएको थियो । केही घण्टा लगाई मैले सो अभिलेख एक दुइ अक्षरबाहेक सबै पढें । अनि फेरि राम्ररी उतार ल्याउन मोहननाथ, गौतमवज्र, महेशराजलाई भन्दा उनीहरूले दुइ तीन प्रति उतार ल्याई मलाई दिए र म आफै पनि गई जम्मै पढी यो अभिलेख प्रकाशित गर्दैछु ।

कुनै जिज्ञासु पुरुषले यो अभिलेख पत्ता लाई खनी यसको उतार लगेका थिए भनी हामीले धोबीबाट सुन्यौं । परिश्रमसाथ खनी अभिलेख पत्ता लगाउने ती जिज्ञासु पुरुषलाई सहर्ष धन्यवाद दिन्छु ।

यहाँतिर एउटा कुरा भन्नु छ । आजकाल विदेशीका पैसा खान पल्केका केही स्वार्थीहरूले हाम्रो देशको इतिहासका साधनहरू विदेश्याउँदछन् । त्यस्ता स्वार्थीहरूको कुकर्मले गर्दा धेरै ताम्रपत्रहरू हराउँदछन् । यसको अलिकता उदाहरण लक्ष्मण-ऐश्वर्यधर-अक्रूर-गौतमवज्रहरूको इतिहास-संशोधन २१ संख्यामा परेको छ । यी गह्रुँगा ढुङ्गा विदेशीका दलालहरूले बोक्न नसक्नु पनि हाम्रो देशको सौभाग्य हो ।

शिक्षासचिव पदमा विराजमान हुनुभएका, हाम्रो कामदेखि अत्यन्त क्रुद्ध हुनुभएका केशरबहादुर-जीले यसपछि संशोधकहरूलाई तर्साई संशोधनपरम्परालाई बन्द गराउने उद्योग गर्नु भयो । यो कुरा तलका ४ पत्रले प्रकट गर्छन्-

(१ सङ्ख्या)

श्रीः

नेपाल सरकार

पुरातत्त्व विभाग

पत्रसंख्या १६६।०१४ सिंहदरवार कान्तिपुर नेपाल

मितिः- २०१४।४।३०।४.

विषयः- तामापत्रहरू हराएको बारे ।

श्रीधनवज्र बज्राचार्य महाबौद्ध,

महोदय,

आजकाल विदेशीका पैसा खान पल्केका केही स्वार्थीहरूले हाम्रो देशको इतिहासका साधनहरू विदेश्याउँदछन्, त्यस्ता स्वार्थीहरूको कुकर्मले गर्दा धेरै ताम्रपत्र हरू हराउदछन् । यस्को अलिकता उदाहरण लक्ष्मण, ऐश्वर्यधर, अक्रूर, गौतमवज्रहरूको इतिहास संशोधन २१ संख्यामा परेकोछ भनी तपाईंले प्रकाशित गर्नुभएको इतिहास संशोधन संख्या ९ (क्रमागत संख्या ४१) मा लेख्नु भएको रहेछ ।

यस संबन्धमा कुन कुन स्वार्थीले कुन कुन कुकर्म गरे तपाईंले आपना पुस्तकमा दिनु भएको पूरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आधारहरूको उल्लेख गरी यस विभागलाई तीन दिन भित्र पठाई दिनु होला भन्ने अनुरोध छ।

भवदीयः-
जनकलाल शर्मा
का. मु. डाइरेक्टर

(२ सङ्ख्या)

श्रीः

२०१४।४।३१।५

पुरातत्त्वविभागका का. मु. डाइरेक्टर महोदय,

तपाईंको १६६ संख्याको पत्र पाएँ।

पाटन मूलचोकमा मल्ल राजाहरूका धेरै ताम्रपत्रहरू थिए। तिनबाट इतिहासको धेरै ज्ञान हुन्थ्यो। तिनका प्रतिलिपि हामीसंग छन्। परन्तु मूल ताम्रपत्रहरू धेरैजसो अहिले त्यहाँ छैनन्। त्यस कारण ती कसैले चोरी लगेको स्पष्ट छ। कुनै निःस्वार्थी मानिसले त्यस्तो काम गर्दैन। एक जना विदेशी आएको वेलामा तिनको बैठकमा नेपालका पुरातत्त्वका धेरै साधन पुगेका छन्, यस्तो गर्न दिनु हुँदैन भनी नेपालका अखबारहरूले कोहोलो मचाएका थिए। यसैको भरमा मैले त्यस्तो लेखेको हुँ।

देशका पुरातत्त्वका वस्तुको रक्षा गर्ने काम पुरातत्त्वविभागको हो। चोर पत्ता लगाउने काम पुलीसविभागको हो। त्यस कारण पुरातत्त्वविभाग र पुलीसविभाग मिली त्यस्ता स्वार्थी पत्ता लाउनेछन् भन्ने आशा छ।

भवदीय-,
धनवज्र वज्राचार्य

(३ सङ्ख्या)

श्रीः

नेपाल सरकार
पुरातत्त्वविभाग

सिंहदरबार, कान्तिपुर नेपाल

पत्र संख्याः- १८६।०१४

मिति २०१४।५।१३।५मा

विषयः-तामापत्रहरू हराएको बारे।

श्री धनवज्र वज्राचार्य,
मासँगल्ली, महाबौद्ध,
कान्तिपुर नेपाल।

महोदय,

शिक्षामन्त्रालयको मिति ०१४।४।१५।३ नं २५४८ को पत्रको निर्देशानुसार तपाई लाई सोधनी गरी पठाएकोमा तपाईंले दिनुभएको मिति २०१४।४।३२।६ को उत्तरपत्र शिक्षा सेक्रेटरीज्यू छेउ पेश-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुंदा पुनः निम्न प्रकारको सोधनी भै आएकोले लेख्ने काम भएको छ ।

यस मन्त्रालयबाट लेखि पठाएको पत्र बमोजिमको जवाफ पुरा पठाउनु नभएकोले कार बाइ गर्न बाधा परेको र धनवज्रको ०१४।४।३२।६को पत्रमा एक जना विदेशी आएको वेलामा तिनको बैठकमा नेपालका पुरातत्त्वका धेरै साधनहरू पुगेका छन् । यस्तो गर्न हुंदैन भनी नेपालका अखवार हरूले कोहोलो मचाएका थिए तेसैको आधारमा मैले त्यस्तो लेखेको भनी लेख्नु भएको हुवमा कहाँको कुन ठाउँमा कुन नामको विदेशी आएका बखत क कसले तेस्ता माल सामान कुन दिनमा त्यस्को बैठकमा पुऱ्याएका हुन् र अखवारमा तेस्ता कोहोलो मचाएको भए कुन मितिको कुन कुन अखवारमा कुन तथ्यको आधारमा कुन कुन स्वार्थीले इतिहासका साधनहरू विदेश्याउँदै छन् भन्ने वेहोरा परेको छ ? सो सबै वेहोरा जहाँ जो बुझ्नु पर्ने बुझी प्रमाण सहित पेश गर्नु भए सबै वेहोरा पुलिस विभागमा कार वाईको निमित्त लेखिपठाउन सजिलो हुने थियो भनी शिक्षामन्त्रालयबाट नं ३२२३ मिति ०१४।५।११।२ मा लेखि आएको हुनाले लेखिरहेछु । कृपया उक्त उल्लेख भएका सबै प्रमाण पठाइ यस विभाग लाई सहयोग दिनु होला भन्ने अनुरोध गरिन्छ ।

भवदीयः—
जनकलाल शर्मा
का. मु. डाइरेक्टर

(४ सङ्ख्या)

श्रीः

पुरातत्त्वविभागका डाइरेक्टर महोदय,

"शिक्षामन्त्रालयको मिति ०१४।४।१५।२, नं. २५४८ को पत्रको निर्देशानुसार तपाईंलाई सोधनी गरी पठाएकोमा तपाईंले दिनुभएको मिति २०१४।४।३२।६ को उत्तरपत्र शिक्षासेक्रेटरीज्यू-छेउ पेश हुंदा पुनः निम्न प्रकारको सोधनी भै आएकोले लेख्ने काम भएको छ" भनी तपाईंले पत्र पठाउनाको कारण खोली लेख्नुभएकोमा तपाईंलाई धन्यवाद छ । तपाईंलाई विचार गर्न सजिलो होस् भनी हाम्रो कुरा खुलाएर लेख्तैछु ।

इतिहास भनेको बितेको कुरा हो । बितेका कुरा संझेर नै त्यसैको उदाहरणबाट लाभ हुने कुरा लिंदै हानि हुने कुरा छोड्दै मानिस काम गर्न सक्तछ । त्यसैले बितेका कुराको जति जति ठीक-ठीक ज्ञान हुन्छ, त्यत्ति नै पछिको काममा साफल्य प्राप्त गर्न सकिन्छ । विदेशीहरूले लेखेको इतिहास पढेर आफ्नो देशको ठीक ठीक इतिहासको ज्ञान हुन सक्दैन ।

राजकाजमा इतिहासको ठूलो महत्त्व हुन्छ । त्यसैले भारतमा अंग्रेजी राज्य खडा हुन लागेपछि वारन हेस्टिसको प्रेरणाको परम्परामा लागेका यूरोपीय सत्री (विद्वान्को रूपमा हिंडेका राजकाजी मान्छे)हरूले भारतको इतिहास लेख्ने काममा हात हाले तथा उनीहरूले आफ्नो स्वार्थको अनुकूल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुने गरी भारतीय इतिहासको रूप बनाए[1]। यसैले "पुराना भारतीय शासक तथा भारतीय व्यवस्थाको बेसरी दोष फैलाउनु, ब्रिटीश साम्राज्यको महिमा प्रख्यापन गर्नु, भारत सधैं पाश्चात्य विजेताहरूको भोग्य देश हो, आजसम्म थाहा पाइएको भारतको इतिहास कुनै इतिहासै होइन, भारतीय इतिहास भन्नु ता लगातार आइरहेका विदेशी विजेताहरूको नै इतिहास हो, भारत सधैं पश्चिमबाट पाएको प्रकाशले नै प्रकाशित भएको छ" आदि प्रख्यापन नै ती यूरोपीय इतिहासकारहरूले गरेका छन्। त्यस परम्परामा लेखिएका भारतीय इतिहासका पुस्तकहरू हेरे यो कुरा स्पष्ट हुन्छ।

नेपालको इतिहासमा हात हाल्ने यूरोपीयहरूमा पहिला कर्कपैट्रिक हुन्, उनी नेपाल-चीनको लडाईंको समयमा वि. सं. १८४९ मा अंग्रेजको दूत भई नेपाल आएका थिए। कर्कपैट्रिकले नेपालको सच्चा इतिहास लेखनतिर भन्दा नेपालको बाटो-घाटो चाल-चलन सैन्यशक्ति आदितिर नै बढ्ता चाख लिएका छन्। यस कारण उनको पुस्तक भावी युद्धको योजना बनाउन चाहने ईस्ट इन्डिया कम्पनीका अधिकारीहरूलाई काम लाग्दो छ। यसो भन्दा विदेशीका भक्तहरूलाई नराम्रो लाग्ला। तर कर्कपैट्रिक जस्ता मान्छेको कामकारवाइलाई नेपालका त्यस ताकाका भारादारहरूले पनि राम्ररी बुझेका थिए। यसैले पहिले कर्कपैट्रिकलाई नेपाल ल्याउँदाखेरि पनि बाटोको भेउ पाउला भनेर घुमाउरो बाटोबाट ल्याएका थिए। पछि फेरि दोस्रो पल्ट उनी यहाँ आउन खोजेका थिए। विदेशीहरू आफ्नो देशमा आए भने उनले आफ्नो देशको सबै परिस्थिति बुझी आफ्नो देशको भेद लैजाने हुनाले त्यस वेला भारदारहरूले "दश गुन मुलुक बढ्न्या भया पनि तनलाई नेपालमा आउन्या जान्या गराउनु छैन" भनी आफ्ना दूतलाई सूचना दिएका थिए[1]।

कर्कपैट्रिकपछिका नेपालको इतिहासमा हात हाल्ने दूत र दूतावासमा आएका यूरोपीयहरूले पनि नेपालको सच्चा इतिहासतिर भन्दा यहाँको परिस्थिति सैन्यशक्ति बाटो-घाटो बुझ्नुतिर नै बढ्ता चाख लिएका छन्। त्यसैले आफ्नो स्वार्थ अनुकूल पारी विदेशीले लेखेको इतिहासबाट हामीले स्वदेशको वास्तव इतिहास बुझ्न सक्दैनौं। यसैले हाम्रो देशको सच्चा इतिहास पत्ता लाउन हामीले विदेशीहरूको भर पर्नु हुँदैन। यहींका ऐतिहासिक साधनहरूको अन्वेषण र अध्ययन गरी शुद्ध र सम्पूर्ण इतिहास तयार पार्नुपर्छ। यसैमा हाम्रो राष्ट्रको हित छ।

हाम्रो देशको शुद्ध र सम्पूर्ण इतिहास तयार भएको छैन। लिच्छविभन्दा प्राचीन नेपालको प्रामाणिक इतिहास ता पाइएकै छैन भने पनि हुन्छ। लिच्छविकालको इतिहासमा पनि अत्यन्त गडबडी भई भ्रम फैलिएको छ। लिच्छविपछिको डेढ दुइ सय वर्षको इतिहासको अत्तो-पत्तो पाइएको छैन। पुराना मल्लकालको इतिहास पनि अत्यन्त धमिलो छ। पछिल्लो मल्लकालको इतिहास पनि त्यस्तै छ। उदाहरणार्थ काठमाडौंका अन्तिम मल्ल राजा जयप्रकाशमल्लको वंश अझसम्म निश्चित

(१) धनवज्र-ज्ञानमणिको इतिहास-संशोधन ३ संख्या हेर्नुहोस्।

(१) ऐतिहासिक पत्र-संग्रहको १७ संख्याको पत्र हेर्नुहोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएको छैन। पाटनको इतिहासमा राजाहरूको क्रम पनि राम्रोसंग मिलेको छैन । भक्तपुरको इतिहासमा राजाहरूको नाउँसिवाय प्रायः अरू केही थाहा पाइएको छैन। पूर्वका दोलखा मकवानपुर चौदण्डी विजयपुर राज्यको र पश्चिमका बाइसी चौबिसी राज्यको विषयमा प्रायः अन्धकारै छ ।

यस कारण देशको शुद्ध र सम्पूर्ण इतिहास तयार पार्न निरन्तर अन्वेषण र अध्ययन गर्ने प्रवृत्ति बसाउनुपरेको छ । परन्तु शुद्ध इतिहास लेखनालागि जति अन्वेषण र अध्ययनको आवश्यकता थियो, सो गर्ने प्रवृत्ति भने यहाँ देखिएन । यसो हुँदा अशुद्धिको परम्परा चल्न लाग्यो । यस कारण ऐतिहासिक साधनको राम्ररी अन्वेषण र अध्ययन गरी शुद्ध इतिहास लेख्ने प्रवृत्ति होस् भन्नाका लागि परिश्रमसाथ अन्वेषण र अध्ययन गरी ५ वर्ष यतादेखि हामीले इतिहास-संशोधन प्रकाशित गर्दै आएका छौं । अहिलेसम्ममा जम्मा ४१ वटा इतिहास-संशोधन प्रकाशित भइसकेका छन् । हामीले निष्पक्ष बुद्धिले इतिहास-संशोधन गरी आएका छौं । कसैलाई होच्याउन अथवा कुनै व्यक्तिविशेष वा वर्गविशेषको स्वार्थसिद्धिको लागि हामीले यो कठोर परिश्रम उठाएका होइनौं । हामी आफ्ना गुरुको र आफ्नै पनि अशुद्धि थाहा पाउनासाथ संशोधन गरिहाल्छौं[1]।

वि. सं २०१० मा हामीले श्रीभैरवबहादुर प्रधान एम्. ए. को इतिहासको संशोधन गरेका थियौं[2] । उहाँको पुस्तकबाट जातिगत भ्रम फैलिने डर भएकोले[3] चाँडै यथार्थ कुराको निर्णय होस् भ्रम नफैलियोस् भनी हामीले उहाँलाई शास्त्रार्थ गर्ने आह्वान गरेका थियौं। श्रीकेशरबहादुर खत्री क्षत्री एम्. ए ले रोममा भाषण दिनुभएको निबन्धको वि.सं. २०१२ मा हामीले संशोधन गरेका थियौं । उहाँको सो लेखमा राजा मानदेवले आफ्ना आमाको पुण्य बढोस् भनी स्थापना गरेको, सबैले थाहा पाएको, सबैले पुजिएको वामनावतार विष्णुको मूर्तिलाई किराती राजा युङ्कोको सालिक हो भनी असत्य प्रख्यापन गरिएको थियो तथा सो लेखमा राजा मानदेवले गण्डकीपारका आफ्नै सामन्त मल्लहरूलाई वश पारेको कुरालाई भारतीय उपनिवेश गोरखपुरका मल्ललाई जितेका हुन् भनी असत्य कुरा फैलाउन खोजिएको थियो । किनभने मानदेवको समयमा गोरखपुरमा मल्लहरूको राज्य नै थिएन । फेरि उहाँको सो लेखमा मानदेवको शिलालेखमा पाइएको तिथिमिति भारतमा चलेका तिथिमितिभन्दा भिन्न प्रकारको हो भनी लेखिएको थियो । परन्तु मानदेवभन्दा अघि र पछि भारतमा पनि त्यस्तो तिथिमितिको प्रचार थियो[1] । यसरी उहाँको कल्पनाजालले भरिएको सो लेखबाट धर्ममा खलल पर्ने नेपाल र भारतको सम्बन्धमा कटुता फैलिने डर भएकोले भ्रम नफैलियोस् सत्य कुराको प्रचार होस्

(१) धनवज्र-ज्ञानमणिको इ. सं. ४ संख्या, लक्ष्मण अक्रूरको इ. सं. ११ संख्या तथा धनवज्रको ८ संख्या हेर्नुहोस् ।

(२) धनवज्र ज्ञानमणिको इ. सं. १ संख्या

(३) रामजी-देवीप्रसाद-शङ्कूरमानहरूको इ. सं. २ संख्या हेर्नुहोस् ।

(१) धनवज्र-ज्ञानमणिको इतिहास-संशोधन ५ संख्या हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनी "उहाँले बोलेको कुरा सिद्ध गर्ने प्रमाण उहाँसंग भए अथवा उहाँले निष्पक्ष इतिहासकार महापुरुष भनी प्रख्यापन गरिनुभएका श्रीजिशेप टुचीसंग छ भने पनि सो लिई हामीसंग शास्त्रार्थ गर्न आउनुहोला" भनी हामीले आह्वान गरेका थियौं । हाम्रा यी आह्वान अहिले पनि छंदैछन् । हामीले उहाँको सो लेखको अरू पनि संशोधन क्रमशः गर्दै जाने भएका छौं । सत्य कुराको चाँडै निर्णयको लागि शास्त्रार्थको आह्वान पनि गर्नेछौं । उहाँका महापुरुष श्रीजिशेप टुचीको पुस्तकको खण्डन पनि गर्दै जाने भएका छौं । योद्धाको बल युद्धमा र विद्वान्को बल शास्त्रार्थमा देखिन्छ । विद्वान्ले शास्त्रार्थ गर्न डराउनुपर्ने कुनै कारण छैन । हाम्रो देशमा तथा विदेशमा पनि शास्त्रार्थ गर्ने परम्परा चलिआएकै छ ।

हाम्रो यस कामलाई राष्ट्रहितको दृष्टिले अत्यन्त उचित कार्य हो भनी अनेक ख्यातनामा विद्वान्हरूले आफ्नो संमति दिनुभएको छ । ऐतिहासिक-शिरोमणि श्रीबाबुराम आचार्यले निम्नलिखित संमति दिनुभएको छ—[1]

पुरातत्त्व-विभागका का. मु. डाइरेक्टर श्रीजनकलाल ढकालले इतिहास-संशोधनको विषयमा यसरी आफ्नो विचार व्यक्त गर्नु भएको छ—

भूतपूर्व परराष्ट्र तथा शिक्षामन्त्री श्रीडिल्लीरमण रेग्मी एम्. ए. ले हाम्रो यस काममा आफ्नो राय यसरी व्यक्त गर्नु भएको छ—

हामीले इतिहास-संशोधन गरेका धेरैजसा इतिहासकारहरूले इतिहास-संशोधनलाई स्वीकार गरी आफ्नो संमति दिइसक्नुभएको छ ।

प्रो. श्रीतोत्रराज पांडे एम्. ए. ले इतिहास-संशोधनमा यसरी हर्ष व्यक्त गर्नु भएको छ—

सुप्रसिद्ध इतिहासकार श्रीसूर्यविक्रम ज्ञवाली बी. ए. बी. टी. ले दिनुभएको संमति—

पुरातत्त्व विभागका भू. पू. डाइरेक्टर सरदार श्रीरुद्रराज पाण्डे एम्. ए. ले दिनुभएको संमति—

यीबाहेक अरू पनि इतिहास-प्रेमी राष्ट्रको गौरव संझने अनेक सज्जनहरूले हाम्रो यो काम ठीक हो भनी संमति दिनुभएको छ ।

यति कुराबाट इतिहास-संशोधनबारे तपाईंलाई यथार्थ बोध हुनेछ भन्ने संझेको छु ।

हाम्रो इतिहास-संशोधनमा चर्चा गरिएको ताम्रपत्र हराएको कुराको बारेमा हामीलाई थाहा भएको कुरा बताउँछौं । यो त तपाईंलाई पहिलो पत्रमै लेखिसकेको थिएं कि पाटन मूलचोकमा मल्लराजाहरूका ऐतिहासिक-महत्त्वपूर्ण धेरै ताम्रपत्रहरू थिए । तिनमा एउटा ताम्रपत्र योगनरेन्द्र-मल्ल-भूपालेन्द्रमल्ल-भूपतीन्द्रमल्ल यी तीन जना मिली वि. सं. १७५५ मा राखेको हो । सो ताम्रपत्र

---

१. पुरातत्त्व-विभागमा यो पत्र पठाउँदा इतिहास-संशोधनको विषयमा विद्वान्हरूका संमति पनि गाभी पठाइएका थिए । तर अहिले ती सम्मति यहाँ गाभिएका छैनन् । यहाँ परेका सबै सम्मति वि. सं. २०१५ मा छापिएको इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थमा परिसकेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त अर्थसहित संस्कृत-सन्देश १।११ मा हामीले प्रकाशित पनि गरिसकेको छ। अर्को वि. सं. १७५७ मा योगनरेन्द्रमल्लले राखेको हो । सो पनि लक्ष्मण ऐश्वर्यधर अक्रूर गौतमहरूको इतिहास-संशोधन २१ संख्यामा प्रकाशित भइसकेको छ । वि. सं. १८१७ मा कान्तिपुरका राजा जयप्रकाशमल्ल पाटनका पनि राजा भएका थिए । त्यस वेला उनले आफूले बाँधेको व्यवस्था कुँदाई एक ताम्रपत्र मूलचोकमा राखेका थिए। वि. सं. १८१९ मा रणजीतमल्लले पनि आफूले बाँधेको व्यवस्था लेखाई एक ताम्रपत्र मूलचोकमा राखेका थिए। यस्तै एक-दुइ अरू पनि ताम्रपत्र पाटन मूलचोकमा थिए। परन्तु अहिले धेरैजसा ती ताम्रपत्र त्यहाँ छैनन्। यसैले कुनै स्वार्थीले ती ताम्रपत्र चोरेर लगेको स्पष्टै छ । यसैले यस विषयमा शिक्षा-सेक्रेटरीज्यूले आफ्नो कर्तव्य, अधिकार र निमक संझी खोज-तलास गर्नु गराउनुपर्छ ।

विदेशीका पैसा खान पल्केका केही स्वार्थीहरूले हाम्रो देशको इतिहासका साधनहरू विदेश्याउँदैछन् भन्ने कुरामा हाम्रो विचारमा त कसैले शङ्का गर्ने ठाउं नै छैन । किनभने भारत यूरोप अमेरिका आदि विदेशका संग्रहालय पुस्तकालयमा पुगेका ती असंख्य पुस्तक मूर्ति चित्र टकहरूले यस कुरालाई प्रमाणित गर्छन् तथा स्वदेशी विद्याको महत्त्व देसको गौरव नसंझने केही पैसामा लुब्ध भएका विदेशीका भक्तहरूकै कृपाले ती वस्तुहरू विदेशमा पुगेका हुन् भन्ने कुरामा पनि शङ्का छैन। बेण्डालले ब्रिटीश-संग्रहालयमा रहेका हस्तलिखित पुस्तकको सूचीपत्र छपाएका छन् । सो हेरे नेपालबाट कति पुस्तक विदेश पुगेका थिए भन्ने कुरा स्पष्ट थाहा हुन्छ। इण्डिया आफिस (लण्डन)मा रहेका पुराना पुस्तकहरूको फिल्म वीरपुस्तकालयमा आइरहेको छ । सो हेरे पनि थाहा हुन्छ, कसरी हाम्रा ऐतिहासिक साधनहरू विदेशिदैछन् । यी प्रमाणबाहेक हाम्रा ऐतिहासिक साधनहरू विदेशिएको कुरा श्री ५ महाराजाधिराजका सेक्रेटरीदेखि लिएर अनेक प्रतिष्ठित व्यक्तिहरूले समय-समयमा व्यक्त गरेका छन्। रेडियो सरकारिया तथा असरकारिया विभिन्न अखबारहरूमा हाम्रा ऐतिहासिक वस्तु विदेशिएको कुरा बराबर प्रकाशित भएका छन् । सेक्रेटरी भनेका कार्यसचिव हुन् । अतः उनीहरू एक प्रकारका मन्त्री हुन् । राजा-मन्त्रीहरू केको आधारमा बोल्छन्, त्यो कुरा हामी जस्ता पढ्ने पढाउने विद्यार्थीलाई थाहा हुँदैन । यस कारण शिक्षासेक्रेटरीज्यूले सेक्रेटरीहरूको सम्मेलन गराउनुभए 'स्वदेशका ऐतिहासिक सामान विदेशिए' भनी श्री ५ सरकारका सेक्रेटरीले जुन प्रमाणले बोलेका हुन् सो प्रमाण शिक्षासेक्रेटरीज्यूलाई थाहा होला ।

पत्रकारहरू आफ्ना विश्वस्त सूत्रका आधारमा हामीले थाहा पाएको कुरा भनी लेख छपाउँछन्। यस कारण उनीहरूको पेटको कुरा बुझ्न उनीहरूसँग सोध्नुपर्छ । नेपालका सरकारिया तथा असरकारिया पत्रकारहरूले बराबर 'हाम्रो देशका ऐतिहासिक साधन विदेशिए' भनी कोहोलो मचाइरहेका हुनाले शिक्षासेक्रेटरीज्यूले पत्रकार-संमेलन गरी सो कुरा बुझ्ने काम गर्नु भए बढिया होला।

यी कुरा शिक्षासेक्रेटरीज्यूछेउ पुऱ्याइदिनुहोला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हामीले बोलेका कुरालाई हामी शास्त्रार्थ गरी निर्णय गर्छौं । हाम्रो विचारमा श्रीभैरवबहादुर प्रधान श्रीकेशरबहादुर खत्रीले देशभंडुवा कुरा फैलाउन लाग्नु भएको छ । त्यस कारण उहाँहरूसँग शास्त्रार्थ गर्न हामी अत्यन्त उत्सुक छौं । हाम्रो शास्त्रार्थ इतिहास-विषयमा हुने हुनाले पुरातत्त्वविभागले शास्त्रार्थमा मध्यस्थता गरे बढिया हुने थियो । हार्नेले जित्नेको जन्मभर सित्तँ नोकरी गर्ने कबोल गरी शास्त्रार्थ गर्न पनि हामी तयार छौं ।

भवदीय-

धनवज्र वज्राचार्य

२०१४।५।२४ २

वि. सं. २०१४ को बर्खामा पुरातत्त्वविभागसँग धनवज्रको लेखापढी चलिरहेको वेलामा रोमबाट वि. सं. २०१३ मा निस्केको रेनिइरो नोलीको नेप्लिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यारेक्टर्ज् (नेपालका गुप्ताक्षरी अभिलेख) नामक पुस्तक ऐ. शि. बाबुराम आचार्यज्यूका कान्छा छोरा श्रीकृष्ण आचार्य (वाल्मीकि क्याम्पसका वर्तमान प्राध्यापक) ले मलाई हेर्न दिए । त्यस वेला उनी मसँग संस्कृतमहा-विद्यालयमा ज्यौतिष पढ्थे । नेपालका जम्मै गुप्ताक्षरी अभिलेखहरूका उतार केशरबहादुरजीले रोममा पठाउनुभएको रहेछ, हामी नेपालीहरूले अघिबाट प्रकाश गरिसकेका अभिलेख अप्रकाशित भनी त्यहाँ छापिएका रहेछन् । यो देख्दा आपना देशवासीको विद्याको रक्षाको लागि कष्टपूर्वक मैले उठाइरहेको कामको औचित्यको विषयमा मलाई बढता बल मिल्यो र मेरो काममा यस पुस्तकले विशेष टेवा पनि दियो । सो पुस्तक त्यस वेलाका संशोधकहरू र मसमेत मिली जनही २२ रुपियाँ हाली जम्मा रु. १७६। मा झिकायौं । सो पुस्तक अहिले संशोधन-मण्डलको सङ्ग्रहमा छ ।

अन्यायी मनुष्य जतिसुकै ठूलो पदमा बसेको भए तापनि उसको अन्तरात्मा उसको विरुद्धमा हुन्छ र साहससाथ सत्यको साथ भिड्न ऊ सक्तैन भन्ने कुरा केशरबहादुरजीको यस कामकार्वाईले प्रकट गर्छ ।

वि. सं. २०१६ ज्येष्ठ २२ गते धनवज्र वज्राचार्यले सावधान-पत्र २ सङ्ख्या प्रकाश गराए । त्यसमा यी कुरा पनि लेखिएका थिए-

श्रीमान् केशरबहादुरजी !

'भगवान् विष्णुको वामनावतारको मूर्तिलाई किरातीको सालिक' भनी डुङ्ग्री पिटाई धर्ममा खलल पार्न तपाईं लाग्नुभएको छ ।

हामी नेपालीहरूले अघिबाटै प्रकाश गरिसकेका अभिलेखहरूलाई विदेशीहरूका नाममा दर्ता गराउने काममा सहायक बन्न तपाईं लाग्नुभएको छ ।

यस कुराको सूचना इतिहास-संशोधनले जनतालाई दिएकोले इतिहास-संशोधनका विरोधी भई तपाईं निस्कनुभएको होला ।

शास्त्रार्थ गर्ने योग्यता आफूमा नहुँदा जालफेल गरी स्वार्थसिद्धि गर्दै रहुँला भनी इतिहास-संशोधकहरूलाई तर्साउने काममा तपाईं लाग्नुभएजस्तो देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तर "धेरै मानिसलाई थोरै दिन, थोरै मानिसलाई धेरै दिन झुक्याउन सम्भव छ। सबै मानिसलाई सधैं झुक्याइरहनु सम्भव छैन" भन्ने कुरा तपाईंले संझनुभए सबैको बढिया होला।

धनवज्रले यो सावधान-पत्र विद्यार्थीहरूलाई पनि बाँडे। वि. सं. २०१६ ज्येष्ठ ३१ गते संस्कृतमहाविद्यालयको वार्षिक उत्सवमा केही विद्यार्थीहरूले सो सावधान-पत्र र इतिहास-संशोधन-हरूको कुरा सभामा उठाए। यसबाट केशरबहादुरजो र उहाँका दलका भलादमीहरूको क्रोध चरम-सीमामा पुग्नु स्वाभाविक थियो। यसपछि वि. सं. २०१६ आश्विन (ई. सं. १९५९ अक्टोबर) को वसुधामा यदुनाथजीले यस्तो लेख्नुभयो—

"आइ अटेन्ड्इड् यान् यानुइभर्सरि सेलुइब्रेशन् अफ् यान् अरिएन्टल् कलुइज् इन् काठमान्डु अबाउट् थ्री मन्थ्ज् अगो। टू स्पीच्इज् द्याट् स्ट्रक् मी याज् परटिक्युलर्लि डिफिशअन्ट् इन् रिसट्रेन्ट वेर् रेड् आउट् बाइ टू स्टयुडन्ट्स् अफ् द कलुइज् यान्ड् वेर् पङ्च्युएट्इड बाइ अपेर्अन्ट्लि स्टेज्ड् चीर्ज्। वन् अफ् द स्ट्युडन्ट्स् डिस्कस्ड् द कम्पेर्एटिभ् क्वलुइफिकेशन्ज् अफ् द टू स्कलअर्ज् अफ् द हिस्टरि अफ् नेपाल् यान्ड् वज् भेर्इ अप्रीशिएटिभ् अफ् द स्कलअर् हू ह्यावन्ड् ट बिलङ् ट हिज् वोन् कलुइज्। आइ ह्याम् नथ्इङ ट से अगेन्स्ट् ह्वट् ही सेड् इन् अप्रीशिएशन् अफ् हिज् गुरु; बट् आइ ओन्लि विश् ही ह्याड् नोन् हिज् सब्जिक्ट् बेटर्। यान्ड् ह्वट् डिड् ही से अबाउट् दि अदअर् स्कलुअर् ? ही सेड् विथ् इलेटेन्ड् फिन्यालुइटि द्याट् दि अद्अर् स्कलुअर् वज् 'नट् याट् अल् क्वलुइफाइड्' ट राइट् हिस्टरि। अब्भिअसुलि ही डिड् नट् केर् ट पज् टु इन्क्वाइर् ह्वट् आर् द क्वलुइफिकेशन्ज् अफ् ए हिस्टोर्इअन्। दि अद्अर् स्कलुअर् अफ् हुम् ही स्पोक् सो डिप्रीशिएटिङ्लि ह्याज् बीन् इन्गेज्ड् इन् द स्टड्इ अफ् हिस्टरि फर् ओभर् थर्टि यर्ज्; ह्याज् स्टड्इड् यान्ड् कलेक्ट्इड् इन्स्क्रिप्शन्ज् यान्ड् कइन्ज्; ह्याज् भिजिट्इड मेन्इ प्लेस्इज् अफ् हिस्टर्इकल् सिग्निफिकेन्स् इन् नेपाल्; ह्याज् बीन् ट ह्लासा, ह्याज् कम् इन्टु डाइरेक्ट् इन्टर्कोर्स् विथ् मेन्इ इन्टर्न्याशअन्अल् हिस्टोर्इअन्ज् डिभोट्इड् ट द स्टड्इ अफ् द हिस्टरि अफ् नेपाल, यान्ड् इज् हिम्सेल्फ् ए म्यान अफ् कन्सिड्अरेब्ल् इन्टर्न्याशअन्अल् रेप्युटेशन् याज् हिस्टोर्इअन्।

अगेन्स्ट् दिस् ब्याक्ग्राउन्ड् द स्पीच् वज् इन्डीड् यान् एम्टि भर्बिइज् !

(५-६ पृष्ठ)

[काठमाडौंको संस्कृतमहाविद्यालयको तीन महीना जतिअगाडि भएको वार्षिक उत्सवमा म पनि पुगेको थिएं। त्यही महाविद्यालयका दुइ जना विद्यार्थीका भाषण मलाई उच्छृङ्खल लागे। ती भाषण स्पष्टतः नकली हर्षध्वनिले गर्दा बीचबीचमा रोकिएका थिए। ती दुइजनामध्ये एकजना विद्यार्थीले नेपालको इतिहासका दुइजना विद्वान्को योग्यता दाँज्दै एकजनाको चाहिं निकै तारीफ गरे। उनले तारीफ गरिएका विद्वान् त्यही महाविद्यालयका प्राध्यापक हुन्। आफ्ना गुरुको तारीफ गरी उनले बोलेको कुरामा मलाई केही भन्नु छैन, तर उनले आफ्नो विषय राम्रोसँग बुझून् भन्ने मात्र मेरो इच्छा छ। उनले ती अर्का

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विद्वान्को बारेमा तिनको इतिहास लेख्ने योग्यता बिलकुलै छैन भनी जोड दिँदै ठोकेर बोले। यताबाट इतिहासकारको योग्यता के हो भनी बुझ्न उनले नखोजेको स्पष्ट हुन्छ। उनले यसरी हियाएर बोलिएका ती अर्का विद्वान् ३० वर्षभन्दा बढी समयदेखि इतिहास पढ्ने खोज्ने काममा लागिरहेका छन्; तिनले अभिलेख र टक गढेर पढेका छन् तथा तिनको सङ्ग्रह गरेका छन्; नेपालको ऐतिहासिक महत्त्वका धेरै ठाउँमा ती पुगेका छन्; ह्लासा गएका छन्; नेपालको इतिहास पढ्न खोज्न लागेका देशविदेशका धेरै इतिहासकारहरूसँग उनको सोझो सम्बन्ध छ; उनको खुद आफ्नै पनि इतिहासकारको रूपमा देशविदेशमा ठूलो नाउँ छ।

यस अवस्थामा त्यो भाषण वास्तवमा खोक्रो शब्दाडम्बर मात्र हो।]

भवभूतिकी विदुषी कामन्दकी जस्तै हाम्रा विद्वान् पद्मनाथजी पनि मान्छेलाई उचाल्ने पछार्ने काममा निपुण हुनुहुँदो रहेछ। यसैले वि. सं. २०१७ श्रावणको जयतु संस्कृतम्मा खनालजीले योगी नरहरिनाथज्यू र प्राध्यापक चूडानाथ भट्टरायज्यूहरूका लेखको निन्दा र मेरो लेखको प्रशंसा गरे जस्तो गर्नुभएको होला (१२-१३ पृष्ठ)। खनालज्यूको यस लेखको विरोधमा वि. सं. २०१७ भाद्रको जयतु संस्कृतम्मा श्रीशिवकुमार शास्त्रीले लेख्नुभएको छ (१८-२० पृष्ठ)।

सोमनाथ गुरुको दर्शन मैले बालककालमै पाएको हुँ। उहाँ सबै पण्डितमा श्रेष्ठ हुनुहुन्छ भन्ने कुरा पनि तिनताकै मैले सुनेको हुँ। एकदिन मेरा मातामहले गुरुज्यू हेमराजकहाँ गई आएपछि भन्नुभयो, "गुरुज्यू र सोमनाथ सबै कुरा जान्दछन्; बालककालमा यिनीहरूले हिसाब पढेनन्; बूढो भएर सिक्न खोज्छन्, आज सिक्छन्, भोलि बिर्सन्छन्; यिनीहरूले हिसाब पनि जानेका भए मलाई बोलाउँदैनथे।" यताबाट हिसाबबाहेक सबै कुरा सोमनाथ गुरुले जान्नुभएको रहेछ भन्ने मैले सम्झेँ।

म पाठशालामा पढ्दा एकदिन श्रीगुरु हेमनाथ भट्ट र श्रीगुरु सोमनाथ सिग्देलको मनामन भएको थियो। हेमनाथ गुरुको भनाइ मलाई पक्षपात गरियो भन्ने थियो। सोमनाथ गुरुले तपाईंले कानूनबमोजिम चल्नुपर्छ भन्नुभएको थियो। हेडपण्डित मेरा साथी हुन्; अहिले उनी ठूला भए; मेरो वास्ता गर्दैनन् भन्ने कुरा श्रीगुरु देवीदत्त पराजुली गर्नुहुन्थ्यो। इत्यादि कुरा सुनिन्थे तापनि सोमनाथ गुरुमा विद्याको कमी छ भन्ने कुरा कहीँबाट सुनिँदैनथ्यो।

एकदिन सोमनाथ गुरुले पाठशालाको इतिहास सुनाउँदै जाँदा उहिले यहाँ हिमनाथ (पन्त) ज्यौतिष पढाउँथे; अहिले हेमनाथ (भट्ट) ज्यौतिष पढाउँछन्; हिमनाथमा विद्या धेरै थियो, क्रोध शून्य थियो, हेमनाथमा विद्याको भागलाई क्रोधले पूरा गरेको छ भनी भन्नुभएको थियो।

एकदिन सोमनाथ गुरुसँग म कादम्बरी पढ्दै थिएँ, उहाँ पिशाब फेर्न भनी बाहिर निस्कनुभयो। आधा घण्टा जतिपछि मात्र उहाँ कोठाभित्र पस्नुभयो र बाहिर दुइजना पराजुली दाजुभाइ (देवीदत्त र कालिदास)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्लेषो विघटमानार्थघटमानत्ववर्णनम् । स तु शाब्दः सजातीयैः शब्दैर्बन्धः सुखावहः ॥१॥
उल्लसत्तनुतां नीतेऽनन्ते पुलककण्टकैः । भीतया मानवत्येव श्रियाऽऽश्लिष्टं हरिं स्तुमः[६]॥२॥

यी श्लोकको अर्थ गर्न लागेका रहेछन्; यहाँ त द्वयर्थक शब्द छैन, कसरी श्लेष पऱ्यो भनी उनीहरू खलबल गर्न लागेका रहेछन्; मैले तिनीहरूलाई अर्थ बुझाइदिएँ, यति श्लोकको अर्थ गर्ने ढङ्ग पनि तिनीहरूको छैन भनी भन्नुभयो ।

यसरी सोमनाथ गुरुको मुखबाट अरूहरूमा रहेका विद्याका कमीका कुरा सुनिन्थे, अरूहरूका मुखबाट भने सोमनाथ गुरुमा रहेका विद्याका कमीका कुरा सुनिँदैनथे ।

वि. सं. १९९३ मा पण्डित कुलचन्द्र गौतमको प्रपञ्चचर्चा निस्क्यो । त्यसमा

भगवन् ! गोविन्द ! दशाका विपर्ययले (ब्राह्मण्यावस्थिति नामक उत्तमदशा सकिएर अज्ञात नामक घोर दशाको प्रवेश हुन जानाले) तम को पर्दा हटाएर बुद्धिको प्रकाश फैलाउनका निमित्त कौमुदी हाशील गर्दा पनि बुद्धिमा तम थपिँदैजानाले र,–द्रव्य–गुण–कर्मको चर्चा गरेको सुन्दा यसबाट द्रव्यवान् गुणवान् स्वकर्मनिष्ठ समृद्धिशाली हुन पाईएलाकी भन्ने आशाले ×मुक्तावलीलाई कण्ठस्थ+ गर्दापनी अरु लण्ठसरह मागेर जीविका गर्ने अधम वृत्ति हटाउन नशक्ने हुन जानाले व्याकुल चित्त भएका मेरो (क) व्यतिक्रम क्षमा गरिबक्सियोस्:-

(२५)

सकौमुदीकस्य तमःकृतस्थितेर्गलस्थमुक्तावलिकस्य याचतः ।
अशान्तचित्तस्य दशाविपर्ययात् क्षमस्व गोविन्द! मम व्यतिक्रमम् ॥

(२० पृष्ठ)

यस्तो लेखिएको छ । यो आक्षेप सोमनाथ गुरुकं लागि थियो । किनभने त्यस वेला नेपालमा मुक्तावली पढाउने विद्वान् उहाँ एकजना मात्र हुनुहुन्थ्यो । कुलचन्द्र र सोमनाथ गुरुको प्रतिस्पर्धा छ भन्ने कुरा मैले सुनेको थिएँ । यस कारण कुलचन्द्रले आपना प्रतिस्पर्धीलाई गिराउन यो असत्य कुरा लेखेका हुन् भन्ने मैले सम्झेँ । यस्तो आक्षेप त जसले जसलाई पनि गर्न सक्छ भन्ने सम्झी मैले त्यस वेला

सदर्पणस्याऽपि मलीमसाकृतेः प्रकाशभाजोऽपि तमःकृतस्थितेः ।
अशान्तचित्तस्य दशाविपर्ययात् क्षमस्व गोविन्द मम व्यतिक्रमम् ॥

[साहित्यदर्पण पढेर (ऐना हातमा लिएर) पनि मुखको कालो नगएको, काव्यप्रकाश पढेर (उज्यालो पाएर) पनि अँध्यारोमा बसेको]

---

६. चन्द्रालोक ४ मयूख ।

ब्राह्मणधर्ममा रहँदा भएको हालत । व्याकरणग्रन्थविशेष र चन्द्रिका । ×न्यायग्रन्थ-विशेष र मोतिको हार । +मुखाग्र र गलामा कुण्डिएको ।

[क] प्राचीन महर्षिहरुको अध्ययनपरिपाटीलाई नलिनु मेरो व्यतिक्रम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस्तो लेखी छपाए कुलचन्द्रलाई पेच पर्दैन र, यस कारण सोमनाथ गुरुलाई कुलचन्द्रले हालेको पेच
अन्यायपूर्ण हो भन्ने कुरा मैले आफ्ना १,२ जना परिचितसँग गरें । छाप्ने सुविधा भएको भए त्यस
वेला म यो श्लोक प्रकाश पनि गरिहाल्थें ।

वि. सं. १९९९ मा म नेपालीभाषाप्रकाशिनी समितिको उपसमितिको सदस्य भएँ । त्यहाँ
नेपाली व्याकरणविषयको छलफल चलिरहन्थ्यो । छलफल हुँदा सोमनाथ गुरुको वचन नै प्रायः
अन्तिम निर्णायक हुन्थ्यो । अझ विशेष शङ्का उठे कहिलेकहीं हेमराजजीकहाँ पनि निर्णयको लागि समिति-
का अधिकारीहरू पुग्थे । छलफलमा केही कटुता आउनु पनि स्वाभाविकै थियो । एकदिन पुष्करशम-
शेरजीले हामी चन्द्रिकाव्याकरणका अनुयायी भएकाले हामीले यसको उपपत्ति राम्रोसँग खोज्नुपर्छ भन्ने
कुरा गर्नु भयो र तिम्रा गुरु हेडपण्डित संस्कृत पनि अशुद्ध लेख्छन् रे हो भनी मसँग सोध्नुभयो । यो कुरो
मलाई थाहा छैन भनी मैले भनें । हजुरलाई यो कुरा कसले भन्यो भनी मैले सोधें । वाग्ले पण्डितजीले[7]

---

७. एकदिन पुष्करशमशेरकहाँ म गएको थिएँ । त्यहाँ वाग्ले पण्डित पनि आएका रहेछन् ।
पुष्करशमशेरजीले वाग्ले पण्डितलाई देखाई पण्डितजीसँग मैले पनि भाइले- पनि पढेको, उहाँ हाम्रा
गुरु हुनुहुन्छ, पण्डितजी व्याकरण राम्रो जान्नुहुन्छ भनी भन्नुभयो । मेरो सङ्कोची स्वभावअनुसार
वाग्ले पण्डितसँग मेरो हिमचिम भएन । कवि बालकृष्ण समको मेरो कविताको आराधनमा वाग्ले
पण्डितको विषयमा यस्तो लेखिएको छ–

हाम्रो घरमा तिलमाधव र भुवनेश्वरको अतिरिक्त एक अर्का पण्डित हालसालै आएका थिए
उनलाई अगिल्ला दुइ ठूला पण्डित र साना पण्डित भएका हुनाले दसैं घरका पण्डित पनि भन्थे उनैको
नाम लिएर पीताम्बर पनि भन्थे, उनको थर वाग्ले थियो । विहान विहान मेरा वाज्ये बज्यै पूजाकोठामा
जाँदा उनी त्यहाँ पूजापाठ गराउन आउँथे । मेरी दिदीले मेरो कविता र मलाई लिएर तिनै पण्डित
पीताम्बर कहाँ गएर भनिन्-"बाजे, हेर्नोस् त यस्तो केटाकेटीले बनाएको, ठीक छ कि छैन, भने
जस्तो श्लोक बनाउन के गर्नु पर्छ ? लौन बाजे, मेरो नानीलाई तपाईं यत्रो विद्वान् भएर उतारिदिनु
पर्‍यो ।"

पीताम्बरले भने– "द्वारे दिदीले भनेर मैले विहान बिहान अमरकोष पढाउन थालिहालेको छु,
अव पूरा रामै सित संस्कृत पढाउनालाई त जर्नेलसाहेबसित बिन्ति गर्नु पर्छ ।"
त्यसै गरे । मलाई मात्र भित्र भित्र पढाउने दिदीको इच्छा पूर्ण हुन सकेन । बाज्येज्यूको आज्ञाले
उनी हामी सबलाई पढाउन लागे । दरवार पाठशालाका प्रधान अध्यापक व्याकरणका विशिष्ट
विद्वान् पण्डित विष्णुहरि रिमालका प्रमुख शिष्य भएकाले उनी विशुद्ध वैयाकरण थिए–'काव्येन
हन्यते शास्त्रम्' मा उनको विश्वास थियो; तसर्थ उनको रुचिसित दाज्यूकोले मेल खायो । मेरो
अनुरोधले मलाई उनले केही छन्द र तिनका नाम समेत लेखाइदिए तापनि त्यस पट्टि उनको विशेष
अभिरुचि थिएन । मेरो माथिको श्लोकमा उनले बताइदिए–'भुमि हुँदैन–भ दीर्घ छ, स्वर् शब्द हो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनेको सोमनाथको अनुवाद-चन्द्रिकामा धेरै अशुद्धि छन् रे भनी पुष्करशमशेरले भन्नुभयो। यिनैताका श्रीगुरु टेकनाथ पौडेलसँग म अष्टाध्यायी पढ्न लागेको थिएँ। मेरो मुख्य लक्ष्य शिलापत्रमा परेका शब्दको अर्थ गर्नु थियो । यस कारण प्रयोगको विषयमा म विशेष गरी याद गर्थें । काव्यहरूका प्रयोग विशेष गरी हेर्थें । अनुवाद-चन्द्रिका पनि सावधान भई हेर्न लागें । त्यहाँ शङ्का लागेका ठाउँमा कुन सूत्रबाट यस्तो हुन्छ भनी म टेकनाथ गुरुसँग सोध्न लागें । टेकनाथ गुरु यस्तो कहाँ लेखेको छ, ल्याऊ, हेरुँ भनी भन्नुहुन्थ्यो । म ती पुस्तकहरू लगी देखाउँथें । टेकनाथ गुरुको स्वभाव झट्ट निर्णय नदिने थियो । कुनै कुनै कुरामा २,३ दिनपछि पनि उत्तर दिनुहुन्थ्यो । अनुवाद-चन्द्रिकाका विषयमा कुरा उठ्दा ठाउँठाउँका पदमा यो त अशुद्ध हो, के बुझ्यौ भनी भन्नुहुन्थ्यो । यसरी ८,९ वर्षपछि कुलचन्द्रजीको पद्यको भित्री भावको झलक मैले पाएँ[६] ।

स्वः हुन्छ, स्वरको अर्थ वेग्लै छ स्वर्ग होइन. सिसुपाल होइन शिशुपाल शुद्धरूप हो स्तुति हिरण्यकशिपु' इत्यादि; तर कविताको आराधनको विषयमा उनले केही पनि शिक्षा दिएनन् ।

(१ उपासना ३२-३३ पृष्ठ)

८ मैले व्याकरणको पहिलो शिक्षा श्रीगुरु पं. बाबुराम पोखरेल (वि.सं.१९२९-१९८८) बाट पाएको हुँ । वि. सं. १९८५ को बर्खामा अजन्त पुंलिङ्गसम्म पाठ पुगेको थियो र ६ महीने परीक्षा दिन पं. मोदनाथ रेग्मीकहाँ म गएको थिएँ । उहाँको र मेरो पहिलो भेट यही थियो । ए, तिमी त मेरा साथीका छोरा रहेछौ; तिम्रा बा काशीमा पढ्थे; तिम्री जेठी आमा त्यहीं मरिन्; तिम्रा बा तिम्रा दाजुलाई बोकी बोकी पाठशाला जान्थे इत्यादि गृहस्थीका कुरा नै पहिले उहाँले सुनाउनुभयो र अनि प्रश्न सोध्न लाग्नुभयो । उहाँले सोध्नुभएका प्रायः सबै प्रश्नका उत्तर मैले दिएँ । यसपछि अच्सन्धि यहाँ स्तोः श्चुना श्चुः किन लागेन भनी उहाँले प्रश्न गर्नुभयो । मैले उत्तर दिन सकिनँ । भैगो, तिम्रा गुरुलाई सोध, जाऊ, तिमीले पढेकै रहेछौ भनी विदा दिनुभयो । यसपछि यो प्रश्नको उत्तर मैले श्रीगुरु बाबुराम पोखरेलसँग सोधें । अलि धेरै पढ, अनि बुझौला भनी गुरुले भन्नुभयो । यस घटनाले म अलि सतर्क भएँ र शुद्ध अशुद्ध खोजी खांजी पढ्न लागें । बाबुराम गुरुको कृपाले मलाई यसमा केही साफल्य पनि मिल्यो ।

९. सोमनाथ गुरु आफूलाई व्याकरणमा शङ्का लागेको ठाउँमा टेकनाथ गुरुसँग ए बूढाबाजे यो के भनेको हो भनी सोध्नुहुन्थ्यो । एकदिन म चउरमा टेकनाथ गुरुसँग बसी अष्टाध्यायी पढिरहेको थिएँ । म पनि पाठ सुन्छु भनी सोमनाथ गुरु पनि आएर त्यहीं बस्नुभयो । सोमनाथ गुरुले विशेष शङ्का पनि उठाउनुभयो । सोमनाथ गुरु कहिलेकहीं महाभाष्यको पुस्तक खोकिलामा हालेर हिँड्नुहुन्थ्यो । टेकनाथ पहिले त अरू पण्डित जस्तै थिए, शास्त्रको विशेष ख्याल राख्दैनथे; कचहरी जमाएर बस्थे; ब्राह्मणी मरिन्; मनमा वैराग्य आयो; कचहरी छोडिदिए र पुस्तक हेर्न लागे; अहिले यिनलाई व्याकरण राम्रोसँग आउँछ; एउटा शङ्का उठाइदियो, कुरा बुझ्छ भनी एक दिन सोमनाथ गुरुले मसँग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. २०१२ मा सिंहराशिमा बृहस्पति बसेका थिए । सिंहस्थ बृहस्पतिमा साइत दिन नहुनेमा नयराजले साइत दिए भनी शिक्षामन्त्रालयमा उजूर पऱ्यो र तात्कालिक शिक्षानिर्देशक नयनराज गुरुज्यूको अध्यक्षतामा पं. शेषराज रेग्मीको मध्यस्थतामा छलफल भई पञ्चाङ्गमा छापिएका साइतमा संशोधन गर्नुनपर्ने निर्णय भयो । काशीका पञ्चाङ्गमा पनि सिंहस्थ बृहस्पतिमा साइत दिइएको थियो । वि. सं. २०१२ मा सोमनाथ गुरुले कालिकास्थानमा घर किन्नुभएछ र सो घरमा सर्ने साइत मसँग सोध्नुभयो । मैले साइत दिएँ । त्यस वेला बृहस्पति सिंहराशिमै थिए ।

वि. सं. २०१२ मै सिंहस्थ बृहस्पतिमा साइत दिन नहुने भन्ने हल्ला अर्थसङ्ग्रहशास्त्रीहरूको कुचक्रले फेरि चर्क्यो र त्यसमा दैवदुर्विपाकले श्रीगुरु सोमनाथ पनि फस्नुभयो । अघिबाटै सोमनाथ गुरुले शिक्षामन्त्रालयमा आई सम्झाइदिनुभएको भए अथवा आफूले साइत गर्दा त्यस विषयको कुरा उठाउनुभएको भए पनि गुरुजनको आज्ञा भनी चित्त बुझाएर बस्ने बाटो हुन्थ्यो । त्यसो गर्न पनि ठाउँ रहेन । यताबाट

मृदुना सलिलेन खन्यमानान्यवघृष्यन्ति गिरेरपि स्थलानि ।
उपजापविदां च कर्णजापैः किमु चेतांसि मृदूनि मानवानाम् ।।३२६।।

(पञ्चतन्त्र मित्रभेद)

[हान्दा नित्य अली अली सलिलले विच्छिन्न भै बेसरी
भत्कन्छन् मजबूत पर्वत पनी बज्रै परे झैं गरी,
छस्के दुर्जनका कडा जहरिला कानेखुसीले फिर
बिग्रन्नन् मृदु चित्तवृत्ति जनका भन्ने कुरा के छ र ?।।४३।।]

(कविशिरोमणि लेखनाथ पौडेलद्वारा अनूदित पञ्चतन्त्रको पहिलो भागको तेस्रो संस्करणको १५० पृष्ठ)

यस श्लोकको अर्थ त्यस दिन मैले राम्ररी बुझें। यस कारण आफ्नो कुरा स्पष्ट गराउनु आवश्यक हुन आयो र मेरो सल्लाहअनुसार रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशीले[१०]

भन्नुभएको थियो । टेकनाथ गुरुले काशीमा पहिले दामोदर शास्त्रीसँग र पछि गङ्गाधर शास्त्रीसँग व्याकरण पढ्नुभएको हो भन्ने कुरा मैले देवीदत्त गुरुको मुखबाट सुनेको हुँ । टेकनाथ गुरुको स्वर्गवास वि. सं. २००७ मा भएको हो, जन्मचाहिँ वि. सं. १९३८ मा भएको हो भनी सुने जस्तो मलाई लाग्छ ।

देवीदत्त गुरुको जन्म वि. सं. १९३० मा र स्वर्गवास वि. सं. २०१० मा भएको हो । देवीदत्त गुरुले काशीमा गङ्गाधर शास्त्रीसँग पढ्नुभएको हो ।

१०. वि. सं. २०२६ मा शङ्करमानले संशोधन-मण्डल छोडे । मेरो सङ्गत छोडेपछि पनि उनले पुस्तक तथा लेख प्रकाश गरेका छन् । तिनमा मेरो कुनै हात छैन । संशोधन-मण्डलमा छँदा पनि उनले पुरातत्त्वविभागबाट प्रकाश गराएका पुस्तक तथा लेखमा मेरो केही हात थिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१–३ सङ्ख्यासम्मका पञ्चाङ्ग–संशोधन र भोलानाथ पौडेलले[११] १–४ सङ्ख्यासम्मका व्याकरण–संशोधन प्रकाश गराए[१२]।

वि. सं. २०१३ को बर्खामा ढुङ्गो उचाल्ने पौडेल भनी प्रसिद्ध एकजना चटकी संस्कृतमहाविद्यालयमा आएका थिए। उनी मुखबाट पानी खाई नाककानबाट निकालिदिन्थे। त्यो तमाशा हेर्न संस्कृतमहाविद्यालयमा निकै जमघट भएको थियो। तात्कालिक शिक्षाउपनिर्देशक केसरिराज गुरुज्यू पनि आउनुभएको थियो। तमाशा सिद्धिएपछि प्रधानाचार्य सोमनाथ गुरुको कोठामा शिक्षाउपनिर्देशक तथा सबै प्राध्यापकहरूको उपस्थिति भयो। पञ्चाङ्गसंशोधनका कुरा चल्यो र सोमनाथ गुरु र केसरिराजमा केही बेर एकान्त पनि भयो। हाम्रो कुरा कसले खण्डन गर्न सक्छ भनी त्यहाँ कुनै कुनै पण्डितजीहरू गर्जन लाग्नुभयो। कुनै पण्डितजीचाहिँ हामी मानहानिको मुद्दा लड्छौं भनी भन्न लाग्नुभयो। सबैजना मेरो मुख हेरी हेरी बोल्नुहुन्थ्यो। केसरिराज पनि बराबर मेरो मुख पुलुक्क पुलुक्क हेर्नुहुन्थ्यो। सरकारले गरेको निर्णयको खण्डन गरेपछि सरकारले प्रतिवाद निकाल्नुपर्छ भनी केसरिराजले भन्नुभयो। उनीहरू पहिले प्रतिवाद निकालून्, अनि म बोलुँला भनी म चूप लागेर बसिरहें। त्यस दिन मैले

एकस्मिन्नेव जायेते कुले क्लीबमहाबलौ ।
फलाफलवती शाखे यथैकस्मिन् वनस्पतौ ॥३॥
(महाभारत उद्योगपर्व ३ अध्याय)

[हुन्छन् पादपमा प्रशस्त फलले हाँगा कुनै शोभित,
देखिन्छन् त्यस वृक्षमा पनि कुनै हाँगाहरू निष्फल ।
जन्मन्छन् पुरुषार्थका घरसरी कोही महापूरुष,
जन्मन्छन् त्यस वंशमा पनि कुनै अत्यन्त निष्पौरुष ।।]
(मैले गरेको अनुवाद)

यस श्लोकको अर्थ राम्ररी बुझें[१३]।

---

११. वि. सं. २०२३ मा भोलानाथले संशोधन–मण्डल छोडे। मेरो सङ्गत छोडेपछि पनि उनले पुस्तक तथा लेख प्रकाश गरेका छन्। तिनमा मेरो कुनै हात छैन।

१२. परिशिष्ट हेर्नुहोस्।

१३. वि. सं. २००२ मार्ग १४ गते श्री ३ जुद्ध राज्य छोडी जानुभयो। त्यसको केही दिनपछि पञ्चाङ्गविषयको सभा बस्यो। श्री ३ जुद्धको जन्मोत्सव वैशाखमा पर्थ्यो। नयाँ श्री ३ महाराज पद्मको जन्मोत्सव पौषमा पर्थ्यो। यस कारण पञ्चाङ्गमा श्री ३ महाराजजन्मोत्सव भनी पौषमा लेख्नुपर्ने भयो। सो लेखियो पनि। वैशाखमा लेखिएको श्री ३ महाराजजन्मोत्सव मेट्ने कुरा उठ्यो। जुद्धशमशेर महाराज अहिले जीवितै हुनुहुन्छ; उहाँले यत्रो राज्य छोडी जानुभयो; यस कारण राजर्षि श्री ३ महाराजजन्मोत्सव लेख्नु बढिया होला, किन मेट्ने भनी मैले भनें। सोमनाथ गुरुले यसो गर्नु हुँदैन भनी मेटिदिनुभयो। यस्तो कुरामा दोहऱ्याएर बोल्ने मेरो कुनै अधिकार थिएन। म चूप लागेर बसें। सभाले गरेको जम्मै निर्णय गुरुज्यू हेमराजलाई सुनाउनुपर्थ्यो। सोमनाथ गुरुले सुनाउँदै जानुभयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ३ महाराजजन्मोत्सव थप्ने केर्ने कुरा पनि उठ्यो। हेमराजज्यूले जन्मोत्सवविषयको सभाको निर्णयलाई आफ्नो संमति दिनुभयो । पद्मशमशेर राजा हुनुभए तापनि श्री ३ चन्द्रका छोरा क. इ. मोहनशमशेर, प. क. ज. बबरशमशेर, पू. क. ज. केसरशमशेरको रोल लहरै भएको र विशेष प्रभाव पनि भएकोले पं. हरिलाल पोखरेलले चन्द्रसंवत् हाली पञ्चाङ्ग छपाउने उद्योग गर्न लागे । उनी मोहनशमशेरहरूबाट विशेष अर्थसहायता पनि पाउँथे । चन्द्रसंवत् परेका पञ्चाङ्ग सभामा बिस्तारै आउन लागे । चन्द्रसंवत् चल्यो भन्ने प्रमाण के छ भनी श्रीगुरु सोमनाथले चन्द्रसंवत् काटिदिनुभयो । तर गुरुज्यू हेमराजकहाँ पुग्दा चन्द्रसंवत् प्रकाश गर्ने अनुमति मिल्यो। यी घटना देखदा चन्द्रशमशेरका छोरा मोहनशमशेरहरूलाई आफ्ना काका जुद्धको कीर्ति फैलनु अभीष्ट रहेनछ, आफ्ना बाबु चन्द्रको कीर्ति फैलनुचाहिँ अभीष्ट रहेछ र चन्द्रदलका विशेष भक्त हेमराजज्यूको पनि सोही कुरो अभीष्ट रहेछ भन्ने मैले बुझें ।

हरिलालले पञ्चाङ्गविषयको पुस्तक बनाएका छन् । नेपालीहरूमा लक्ष्मीपतिपछि पञ्चाङ्गविषय-मा ग्रन्थ लेख्ने उनैलाई मैले देखेको थिएँ । धेरै अगाडिदेखि उनले आफ्नो कामको प्रचार गरिरहेका थिए । उनी मेरो ग्रन्थ सूर्यसिद्धान्तअनुसारको छ, यसमा र सूर्यसिद्धान्तमा १ पलाको पनि फरक छैन भनी प्रचार गर्थे । उनको पुस्तक नेपालीमा लेखिएको छ, त्यसको प्रचार हुनु बढियै छ भनी मैले सम्झेको थिएँ । तपाईं आफ्नो ग्रन्थको उपपत्ति प्रकाश गर्नुहोस्, तपाईंको ग्रन्थअनुसारको पञ्चाङ्ग प्रकाश गराउन म सकेसम्म मदत गर्छु भनी मैले उनलाई भनें । उनी मकहाँ धेरै दिनसम्म आए । उनी र म बसी प्रतिदिन २ घण्टा जति एक महीनासम्म काम पनि गऱ्यौं । गणितका खेस्रा गरी उनी मकहाँ ल्याउँथे । ती कागत अहिले पनि मसँग छँदैछन् । म उपपत्ति देखाउनुहोस् भनी भन्थें । उनले अलिकता उपपत्ति पनि देखाए तर जम्मै कुरा खुलेन ।

मेरो गणित शुद्ध छ, मेरै ग्रन्थअनुसार सबैले पञ्चाङ्ग गर्नुपर्छ भन्ने उनको आग्रह रहेछ र त्यस-अनुसार मोहनशमशेरकहाँ उनको बिन्तीपत्र परेछ । नायबबडागुरुज्यू हेमराजले यस विषयमा निर्णय गर्न सभा गराउनुभयो । चन्द्रसंवत्का प्रचारक हरिलालजीको त्यस बेला दरबारमा निकै प्रभाव थियो । आज हरिलालको पुस्तक सूर्यसिद्धान्तसँग ट्वाक्क मिल्छ भनी हामी स्वीकार गरौं; पर्सि शिवलाल आएर हरिलालको पुस्तकमा ५, ५ पलाको अन्तर परेको छ, मेरो पुस्तकमा १ पलाको पनि अन्तर छैन भनी भन्यो भने हामीले के जवाफ दिने ? यस कारण पहिले हरिलालजीले आफ्नो ग्रन्थको उपपत्ति देखाउनुपर्छ, अनि मात्र यो विद्वज्जनग्राह्य हुन्छ भन्ने भावका कुरा मैले सभामा गरें । हेमराजजीले फेरि भन, फेरि भन भनी मेरो कुरा २, ३ पटक सुन्नुभयो । हरिलालपट्टि फर्की यिनलाई यो कुरा सुनाइदेऊ भनी मलाई भन्नुभयो। मैले फेरि सोही कुरा दोहऱ्याएर भनें। पछिबाट गुरुज्यूले हरिलालपट्टि फर्केर मलाई देखाई तिमी यिनको चित्त बुझाइदेऊ, मेरो चित्त बुझ्छ, लौ जाऊ भनी सभा विसर्जन गर्नुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हरिलालजी आफ्नो धन्दाका पक्का मानिस थिए। त्यसपछि उनी मकहाँ त आएनन्, धेरै-पछि उनको चिठी मकहाँ आयो। सो चिठीमा गाभी गुरुज्यू हेमराजले आफूलाई लेखेको यो चिठीको नकल पनि उनले मकहाँ पठाएका थिए—

२००३ आषाढ २२

पण्डित हरिलाल उपाध्यायके नमस्कार

चिठी पाएँ पात्रोवारेको पत्रहरू पनि सबै पढेर हेरें पात्रो छपाउने कुरालाई नेपालमा बसेका ज्योतिषीहरूले ग्रहलाघव–सूर्यसिद्धान्त आदिका अघि बनेका सारणीहरूबाट तयार भएको पात्रोहरू जँचाउन आश्विन कार्तिकतिर मेरा पासमा आउँदछ. तपाईंले तजविज गर्नु भएको सारणीबाट बनेको पात्रो पनि तयार गरी जँचाउन पठाउनुभए वा छपाउनुभए त्यस बखतमा जम्मा भएका पण्डित ज्योतिषीहरूलाई जँचाउन हेर्न लगाई पास गरीदिनेछु. मैले बनाएको सारणी असल छ थोरै समयमा शुद्ध आउँदछ. त्यसबाट अरुले पनि पात्रो बनाउने बन्दोवस्त गर्नेबारेको कुरा तपाईंले लेखेकालाई यस्तो कुरामा अघिअघिका ऋषिमुनिले बा पहिलेका ज्योतिषीले बनाएको प्रसिद्ध भइसकेको सारणीबाट पात्रो नबनाउनु पं. हरिलालले बनाएको सारणीबाट पात्रो बनाउने गर्नु भनि आडर दिनु त अनुचित ठहरिन जानेछ त्यसैले त्यस्तो मैले भन्नु ठीक हुदैन तपाईंको सारणी शुद्ध र सरल उपायबाट निस्कने भएपछि लोकले सो कुरा देखेपछी आफसेआफ त्यस सारणीलाई अपनाउन्यंछन् त्यसले बिधि पुगेको सारणी र पात्रो पनी लगातार जति वर्षसम्म सकिन्छ तपाईंकै नामबाट छपाउने बन्दोवस्त गर्नु भए बढीया होला कर्कापले काम गरेकोभन्दा क्रमश लोकको प्रवृत्ति त्यसतर्फ झुक्न गई भएको काम धेरै कालसम्म टिक्ने हुनाले त्यसै गर्नु बढीया होला भन्ने मेरा दिलले देखेको कुरा तपाईंलाई भनेको हुँ जो उचित संझनुहुन्छ सोहि गर्नुहोला.

तपाईंको असल चाहने
हेमराज शर्मा

सकलबमोजीम नकल दुरुस्त छ भनि सहिछाप गर्ने चितौनपाठशालाको पं: ज्यो. हरिलाल उपाध्याय

यति भन्नाको तात्पर्य चन्द्रसंवत् परेको हरिलालको ग्रन्थ प्रचार होस् भन्ने कुरा हेमराजजीको पनि अभीष्ट रहेछ, परन्तु शास्त्रमा प्रत्यक्ष विरोध पर्ने कुरा गर्न भने उहाँ साहस गर्नु हुँदैनथ्यो भन्ने हो।

शास्त्रले दिएको थियो; पुरानो उदाहरण थियो; अघिल्लो वर्षै कुरा उठी टुङ्गो लागिसकेको थियो; लोकले व्यवहार गरिसकेको थियो; काशीका पञ्चाङ्गको पनि मञ्जूरी थियो। यस्तो कुरोमा प्रतिवाद गर्ने साहस केसरिराजजीको देख्दा यति भन्नुपरेको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेरो सल्लाहअनुसार निस्केका पञ्चाङ्ग-संशोधनहरूको प्रतिवाद गर्न भनी शिक्षामन्त्रालयमा सभा बसेछ । अर्थसङ्ग्रहशास्त्रीहरूको विशेष आग्रह सरकारिया आज्ञाले संशोधकहरूलाई दण्ड गरी संशोधन बन्द गराउने रहेछ । तात्कालिक शिक्षानिर्देशक शारदाप्रसाद उपाध्यायजीले प्रजातन्त्रकालमा यस्तो गर्न ऐनसवालले दिँदैन; तपाईंहरू प्रतिवाद लेख्नुहोस्; सरकारले छपाइदिन्छ भन्ने कुरामै जोड दिनुभएछ । अर्थसङ्ग्रहशास्त्रीहरू निराश भई फर्कनुभएछ । कुनै प्रतिवाद निस्केन । यो कुराको अलिकता चर्चा पूर्णिमा १९ अङ्कको २२७ पृष्ठमा परेको छ । यस कुराका भुक्तभोगी देवीप्रसाद भण्डारीले यस कुराको प्रत्यक्ष वर्णन लेखेका छन् । सो पछि प्रकाश हुनेछ ।

अर्थसङ्ग्रहशास्त्रीहरूको यस कुचक्रमा पण्डितवर पद्मप्रसाद भट्टराईज्यू पनि फस्नुभएको थियो । तर प्रकाश र अन्धकार एकै ठाउँमा रहन नसके जस्तै प्रकाण्ड विद्वत्ता[१४] र कुचक्र एकै मानिसमा रहन नसक्ने हुनाले होला, कुचक्रको रहस्य १ वर्ष नपुग्दै पद्मप्रसादजीले बुझ्नुभएछ र सो दल छोडी उहाँ तटस्थ रहन लाग्नुभयो । हाम्रो संशोधन-परम्परा पनि चल्दै गयो । अर्थसङ्ग्रहशास्त्रीहरूबाट अर्थसङ्ग्रह पनि हुँदै गयो । पाँच वर्ष यसै गरी बिते । पद्मप्रसादज्यूसमेत भएको [धर्मरक्षा-महामण्डलबाट वि. सं. २०१८ मा संशोधकहरूले तलको प्रशंसापत्र पाए-

---

१४. वि. सं. २०२० मा क्षयमास परेकोले विवाह भएको १ वर्ष नपुगेका आइमाईहरूले मात्र क्षयमासमा पतिगृहमा बस्नु हुँदैन भन्ने निर्णय दिई पद्मप्रसादजीले लेख छपाउनुभयो । त्यसको विरोध गरी विवाह भएदेखि पहिलो पटक आएको क्षयमासमा आइमाईले पतिगृहमा बस्नु हुँदैन भनी जुननाथजीले लेख छपाउनुभयो । बडागुरुज्यू खगेन्द्रराज पण्डितज्यूको घरमा यसको निर्णय गर्न सभा बस्यो । पण्डितराज गुरुको आशीर्वाद पाएको, जुननाथ अग्रेसर भएको दलले एक मुख भई पद्मप्रसादको विरोध गऱ्यो । मलाई यस विषयको राम्रो ज्ञान नहुनाले म तटस्थ रहें । पहिलो सभा त्यसै टुङ्गियो । नेपाल आइरहेका काशीका पण्डितहरूलाई पनि बोलाई खगेन्द्रराजजीले दोस्रो पटक सभा गराउनुभयो । सो सभामा पद्मप्रसादजीले धाराप्रवाह शास्त्रीय व्याख्यान गर्नुभयो । त्यसरी शास्त्रीय व्याख्यान गर्नु त परै रहोस्, किमर्थं पैशाची भाषा प्रयुज्यते, भाषया कथ्यताम् भनी जुननाथजीले भन्नुभयो । लोकनाथजीले शास्त्रीया भाषा कथं पैशाची भाषा भवति भनी भन्नुभयो । यो सुनी काशीका पण्डितहरू खित्का छोडी हाँसे । काशीका पण्डितहरूको दृष्टिमा शास्त्रीय युक्तिबाट पद्मप्रसादजीकै पक्ष बलियो देखियो र सोहीबमोजिमको एकमतको निर्णय प्रकाशित भयो । पद्मप्रसादजीको पक्षको शास्त्रमा स्पष्ट उल्लेख रहेछ भन्ने कुरा पछि मैले थाहा पाएँ । यस कुराको चर्चा पूर्णिमा १६ अङ्कका ४१५-४१८ पृष्ठमा मैले गरेकोछु । पद्मप्रसादजीले अनुमानादि प्रमाणको भरबाट गर्नुभएको निर्णय शास्त्रको प्रत्यक्ष सम्मत रहेछ भन्ने कुरा मैले थाहा पाएकोले पद्मप्रसादजीमा प्रकाण्ड विद्वत्ता रहेछ भन्ने मैले सम्झेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री

'धर्मो विश्वस्य जगतः प्रतिष्ठा'

श्रीधर्मरक्षामहामण्डल,

नेपाल

केन्द्रीय कार्यालय,
फोहरा दरवार
काठमाडौं, नेपाल,

प. सं. ३४।०१८

दिनाङ्क २०१८।६।२२।१

'भवन्ति भव्येषु हि पक्षपाताः'

श्री पं. रामजी तिवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य आदिद्वारा इतिहास, व्याकरण, पञ्चाङ्ग आदि विषयमा विभिन्न लेखकहरूले गरेका त्रुटिहरूको सप्रमाण निर्देशन गरी गम्भीर अनुसन्धानपूर्वक कतिपय संशोधन-पुस्तिकाहरू प्रकाशित गरिएका छन् ।

धर्मरक्षामहामण्डल उक्त संशोधनपरिपाटीको पूर्ण समर्थन गर्छ र यथाशक्य सहयोग गर्न पनि सदा तत्पर रहनेछ ।

श्रीमाधवसंशेर ज. वा. रा.
सभापति

पद्मप्रसाद भट्टराई
उपसभापति

गङ्गाधर पराजुली
मन्त्री

(पूर्णिमा १९ अङ्कको २२८ पृष्ठ)

मैले नेपालको विद्यापरम्पराको इतिहासमा पण्डितराज सोमनाथ गुरुको विषयमा पूर्णिमा २८ पूर्णाङ्कमा लेखेको हुँ, स्तोत्रावली[१५] लेखेको होइन ।

---

१५. वि. सं. २००५ तिर श्री ३ मोहनको शासनकालमा आफूले लाउने ब्याजमा आफूले पास गरेको परीक्षा पनि लेख्ने भनी एकथरी पण्डितजीहरूले कुरा उठाउनुभएको थियो । तात्कालिक कम्याण्डर इन-चीफ बबरशमशेरकहाँ यस विषयमा छलफल हुँदा श्रीगुरु सोमनाथ पनि जानुभएको रहेछ । ब्याजमा आफूले पास गरेको परीक्षा लेख्ने विषयमा म सहमत छैन, म त आचार्य भएको पनि होइन, उपाध्याय भएको हुँ भनी मैले त्यहाँ भनें भनी सोमनाथ गुरुले मसँग भन्नुभएको थियो । यसैको भरमा मैले पूर्णिमा २८ अङ्कको २०५ पृष्ठमा यस्तो लेखेको हुँ –

सोमनाथ गुरु काशीबाट न्यायवैशेषिकको आचार्यपरीक्षामा पास हुनुभएको हो । उस बेला प्रथमश्रेणीमा उत्तीर्ण भएकालाई आचार्य र द्वितीयश्रेणीमा उत्तीर्ण भएकालाई उपाध्याय भन्ने चलन थियो । सोमनाथ गुरु न्यायवैशेषिकोपाध्याय हुनुहुन्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इतिहासको विषयमा प्रसिद्ध भारतीय इतिहासकारहरूको यस्तो विचार छ—
"राष्ट्रीय दृष्टि से अपने इतिहास के मनन का यह अर्थ हरगिज नहीं कि हम अपने राष्ट्र को

मर्यादा ३ वर्ष २ अङ्कमा छापिएको बाल्मीकिसंस्कृतमहाविद्यालयका भूतपूर्व उपप्रधानाचार्य (बाल्मीकिक्याम्पसका वर्तमान प्राध्यापक) रामचन्द्र पौडेलज्यूको पण्डितराज श्रीसोमनाथ सिग्देलज्यूको संक्षिप्त जीवनी भन्ने लेखमा मेरो माथिको वाक्यको खण्डन गर्न यस्तो लेखिएको छ—

यसरी पढ्दै गएर नव्यन्यायमा आचार्य पास गर्नु भयो । त्यस बखतमा प्रथमश्रेणीको नम्बर पाउनेले आचार्य र द्वितीयश्रेणीको नम्बर पाउनेले उपाध्याय पदवी पाउने नियम थियो ।

(६२ पृष्ठ)

प्राध्यापक बद्रीनाथ अधिकारी र प्राध्यापक हरिनाथ ढुङ्गेलद्वारा रचित, प्राध्यापक दामोदर कोइरालाद्वारा अनूदित पण्डितराजश्रीसोमनाथशर्मणो जीवनचरितम् भन्ने पुस्तिकाको ५ पृष्ठमा यस्तो लेखिएको छ—

न्याय आदि शास्त्रमा समुद्र समान, देवतै बराबरका अतिसज्जन बङ्गाली कैलासचन्द्र भट्टाचार्यसँग उहाँले न्यायशास्त्रको अध्ययन गर्नुभयो र क्रमसँग प्रति वर्ष परीक्षा पनि दिँदै जानुभयो । (हरेक परीक्षा उहाँले उच्चश्रेणीमा नै पास गर्नुभयो ।) यसै गरी उहाँले काशीको न्यायवैशेषिक विषयको आचार्यसम्मको परीक्षा पूरा गर्नुभयो ।।१६।।

सोमनाथ गुरु न्यायवैशेषिकोपाध्याय हुनुहुन्थ्यो कि न्यायवैशेषिकाचार्य हुनुहुन्थ्यो भन्ने कुरा सप्रमाण निर्णय गर्नु अब आवश्यक हुन आयो र यस विषयमा खोजी गर्न दिनेशराज पन्तलाई मैले मदनपुरस्कारपुस्तकालयमा पठाएँ । उनले सो पुस्तकालयबाट यस्तो सारेर ल्याए—

हृदयसुरमहीने क्लेशनिर्वेशहीने व्रजनिलयकुलीने गोपिकाचित्तलीने ।।
अवितनिखिलदीने मञ्चताचन्नदीने रुचिरविभवपीने यांहि कस्मिन्नपीने ।।१४।।
मन भन लहराहो ! श्याम आनन्द दीने प्रभुवर अब कांहाँ पाल्नुभो छाडि वामा ।।
भनि घुमिफिरि रुन्थ्या गोपिका, चित्त लीने हरि हरिदिन सेखी रासमा लूकदामा ।।१५।।

श्री पं. सोमनाथ शर्मा न्यायवैशेषिकोपाध्याय

(सुन्दरी १ वर्ष २ लीला १० पृष्ठ)

सुन्दरी पत्रिकामा सोमनाथ गुरुले आफूलाई न्यायवैशेषिकोपाध्याय लेख्नुभएको रहेछ भनी प्राध्यापक-मण्डलीको संमुख रामचन्द्रजीहरूलाई सुनाएँ । उहाँहरूबाट स्पष्ट जवाफ केही आएन ।

यसको केही दिनपछि प्राध्यापक मुकुन्दनाथ भट्टराईले लौ हेर्नुहोस् भनी सोमनाथ गुरुले संस्कृतमहाविद्यालयलाई दिनुभएको तत्त्वचिन्तामणिनामक पुस्तक मेरो अगाडि ल्याएर राखिदिनुभयो । त्यस पुस्तकमा सोमनाथ गुरुको छाप पनि लागेको रहेछ । सो छापमा यस्तो लेखिएको रहेछ—

श्रीपण्डित सोमनाथ सिग्द्याल न्याय-वैशेषिकोपाध्याय काव्यतीर्थ नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कमजोरियों को नजरन्दाज करें । उलटा उन्हीं को समझने के लिए हमें अपना ध्यान केन्द्रित करना चाहिए । और हमीं उन्हें ठीक समझ सकते हैं ।"+ "राष्ट्रीय इतिहास घटनाओं के वर्णन में सच्चा और उनकी व्याख्या करने में तर्कसंगत होना चाहिए…। वह राष्ट्रीय होगा इस अर्थमें नहीं कि हमारे अतीत की किन्हीं लज्जास्पद घटनाओं को छिपाने या लज्जास्पद चरित्रों पर सफेदी पोतने की कोशिश करेगा ।"@

(जयचन्द्र विद्यालङ्कारको भारतीय इतिहास का उन्मीलनको पाँचौं संस्करणको लू-ए पृष्ठ)

[राष्ट्रिय दृष्टिले आपनो इतिहासको मननको अर्थ आपनो राष्ट्रको कमजोरीमा हामीले आँखा चिम्लने भन्ने कदापि होइन । उल्टो यसको अर्थ त ती कमजोरीलाई बुझ्न हामीले मन लाउनुपर्छ र ती कमजोरीलाई हामीले नै बुझ्न सक्छौं भन्ने हो ।

—जयचन्द्र विद्यालङ्कारले वि. सं. १९९४ मा आरामा दिएको भाषण

राष्ट्रिय इतिहासमा घटनाहरूको सच्चा बयान गरिनुपर्छ र घटनाहरूको व्याख्या तर्कसङ्गत हुनुपर्छ । हाम्रा भूतकालका लाजलाग्दा कुनै कुनै घटनाहरूलाई लुकाउने वा लाजलाग्दा काला कुराहरूलाई सेतो पार्ने कोशिश गरी लेखिएको इतिहास राष्ट्रिय हुन सक्तैन ।

—यदुनाथ सरकारले वि. सं. १९९४ मा काशीमा दिएको भाषण]

जस्तो मनुष्यको शरीरमा रहेको रोगको उपचार गर्न कुशल वैद्यलाई उसको शरीरको अवस्था जान्नु आवश्यक हुन्छ तथा रोगीको शरीरमा पहिले के के रोग लागेको थियो अथवा रोगै लागेको थिएन भन्ने थाहा पाए कुशल वैद्य अझ रात्तरी औषधि गर्न सक्छ अर्थात् रोगीको शरीरको इतिहास वैद्यलाई आवश्यक हुन्छ । सो इतिहास अशुद्ध रूपको भयो भने वैद्यले ठीकसँग रोगीको शरीरको अवस्था बुझ्न सक्तैन र अशुद्ध उपचार भई रोगीको प्राण संशयमा पर्न पनि बेर लाग्दैन । यस कारण जति सक्यो उति रोगीले र उसका परिचारकहरूले पनि वैद्यलाई रोगीको शरीरको इतिहास शुद्धसँग बताउने प्रयत्न गर्नु नै रोगीको हित गर्नु हो भन्ने स्पष्ट छ ।

यसै गरी राष्ट्ररूपी शरीरको पहिलो अवस्था कस्तो थियो, अहिले यस्तो किन भयो, अब के गरे यसको भविष्य उज्ज्वल हुन्छ भन्ने कुराको विचार राष्ट्रका कर्णधारहरूलाई आवश्यक हुन्छ । त्यस अवस्थामा राष्ट्रका कर्णधारहरूको अगाडि राष्ट्रको अशुद्ध इतिहास पर्न गयो भने राष्ट्रको अहित हुन बेर लाग्दैन । यसै कारण राष्ट्रका भविष्यका कर्णधारहरूलाई अघिबाटैदेखि इतिहास पढाउनुपर्छ भनी आचार्य कौटल्यले बोलेका हुन् । आचार्य कौटल्यको पालामा भारत विजय गर्न आएका विदेशी यवन सेलेउकलाई मौर्य सम्राट् चन्द्रगुप्तले पिटेर धपाइदिए । भारतलाई दासतामा धेरै कालसम्म

+ज० च० विद्यालंकार (१९३७)—पूर्वोक्त आरा अभिभाषण ।

@यदुनाथ सरकार (१९३७)—पूर्वोक्त बनारस अभिभाषण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जकडेर राख्न समर्थ भएका मुसलमानहरू पनि इतिहासमा चाख राख्थे भन्ने कुरा अलबेरुनी आदि मुसलमान विद्वान्हरूको लेखबाट प्रकट हुन्छ। परन्तु हिन्दूहरूमा पछिल्लो कालमा इतिहासको राम्रो पठनपाठन थिएन भन्ने कुरा जयचन्द्रका दरबारिया कवि श्रीहर्षको नैषधीयचरितमा वर्णित विद्यावर्णनले प्रकट गरेको छ। यी कुरालाई मैले ऐतिहासिक पत्रसङ्ग्रहको पहिलो भागको उपोद्घातमा विस्तारपूर्वक लेखेको छु।

श्री ५ पृथ्वीनारायण शाहमा म अगाध भक्ति राख्छु। यसको कारण उनी ठला विद्वान् थिए अथवा उनले मेरा पुर्खालाई बिर्ता दिएका थिए वा ठूलठूला दानपुण्य गरेका थिए भनेर होइन; नेपाललाई दासतामा जकड्न आएका मुसलमान र अङ्ग्रेजलाई उनले लडाइँका मैदानमा पिटेर धपाई राष्ट्ररक्षा गरे भनेर हो। पृथ्वीनारायण शाह इतिहासको पठनपाठनमा रुचि राख्थे भन्ने कुरा उनको उपदेशले प्रकट गर्छ। मेरो विचारमा उनले आफ्नो जीवनको इतिहास बताउँदा अतिशयोक्तिपूर्ण कुरा एउटा पनि गरेका छैनन्। यो कुरा हामीले श्री ५ पृथ्वीनारायण शाहको उपदेशमा विस्तारपूर्वक लेखेका छौं[१६]। इत्यादि कारणबाट शुद्ध इतिहासको पठनपाठनबाट नै राष्ट्रको हित हुन्छ भन्ने कुरा म छोड्न सक्तिनँ।

यहाँसम्मका कुराबाट नेपालको प्रामाणिक इतिहास लेख्न लेखाउन मैले विशेष परिश्रम गरेको हुँ, स्तोत्रावली लेख्न लेखाउन मैले काम गरेको होइन भन्ने कुरा विज्ञ पाठक बुझ्न सक्नुहुन्छ।

वि. सं. २०१६ मा केशरबहादुरजीको पक्षको वकालत यदुनाथजीले गर्नुभएको थियो। अहिले वि. सं. २०३० मा मेरो लेखमा अप्रामाणिकता ल्याउन यदुनाथजीले दुश्चेष्टा गर्नुभएको छ। यदुनाथजीका प्रतिज्ञा मात्र छन्, हेतु केही छैनन् भन्ने कुरा माथिको लेखबाट स्पष्ट भइसकेको छ। यदुनाथजी आफूलाई ईमानदार विद्वान् सम्झनुहुन्छ भने आफ्नो कुरालाई सिद्ध गर्ने प्रमाण दिई लेख लेखी विद्वज्जनसमक्ष उहाँले उपस्थित हुने समय आएको छ।

★

१६. श्री ५ पृथ्वीनारायण शाहको उपदेशनामक ग्रन्थ म (नयराज), देवीप्रसाद, गौतमवज्र★, दिनेशराज मिली तयार गरेका हौं। यसमा परेका चिठीपत्रहरूको सम्पादन धनवज्रले गरेका हुन्। जगदम्बा–प्रकाशनबाट प्रकाशित यस ग्रन्थका १५०० पृष्ठ प्रकाशित भइसकेका छन्।

★वि. सं. २०२७ मा गौतमवज्रले संशोधन–मण्डल छोडे। मेरो सङ्गत छोडेपछि पनि उनले लेख प्रकाश गरेका छन्। तिनमा मेरो कुनै हात छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिशिष्ट

व्याकरण–संशोधन

–नयराज पन्त

वि. सं. २०१२ देखि निस्कन लागेको व्याकरण–संशोधनका १–४ सङ्ख्या भोलानाथ पौडेलले मेरो सल्लाहअनुसार प्रकाश गरेका हुन् । ५–१० सङ्ख्याचाहिँ भोलानाथ पौडेल र धनवज्र वज्राचार्य मिली मेरो सल्लाहअनुसार निकालेका हुन् । व्याकरण-संशोधनका १–४, ६–९ सङ्ख्यामा सोमनाथ गुरुका अनुवादचन्द्रिकामा रहेका संस्कृत व्याकरणविषयका दोष देखाइएका छन् । पाँच सङ्ख्यामा चाहिँ प्रा. तोत्रराज पाँडे र मेरो संयुक्त परिश्रमबाट निस्केको नेपालको संक्षिप्त इतिहासमा रहेका संस्कृत व्याकरणविषयका दोष देखाइएका छन् । दश सङ्ख्यामा चाहिँ सोमनाथ गुरुको प्रतिसंस्कृता सिद्धान्तकौमुदीमा रहेको अशुद्धि देखाइएको छ । विद्या–रक्षा ७ सङ्ख्यामा मैले प्रति-संस्कृता सिद्धान्तकौमुदीमा रहेका केही अशुद्धि देखाएको छु ।

अहिले एउटा नयाँ व्याकरण–संशोधन प्रस्तुत गर्नु मैले प्रसङ्गप्राप्त सम्झेको छु । सो यस प्रकारको छ—

खनिता परिशीलिता प्रजाहितपंचायतपद्धतिस्त्वया
त्वयि तामपहाय गच्छति स्मर कस्तां पुनराश्रयिष्यति ! ५

राजन् ! जगँदेखि खनी खोस्री तयार गरिएको पञ्चायत पद्धतिलाई चटक्क छाडिदिबक्सेमा अब त्यस बाटोमा कसले हिड्ला !! ५

[प्राध्यापक (वर्तमान नायब बडागुरुज्यू) जुननाथ पण्डितज्यूद्वारा विरचित शोकोद्गाराः]

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको शुद्धशान्तिको दिन वि. सं. २०२८ माघ २९ गते नारायणहिटीराजदरबारमा जुननाथ पण्डितज्यू र उहाँका सहायकद्वारा यो पत्र बाँडिएको थियो । त्यहीँ मैले यो पाएको हुँ ।

यहाँ त्वया प्रजाहितपंचायतपद्धतिः खनिता परिशीलिता भनी मूलमा र खनीखोस्री तयार गरिएको पञ्चायत पद्धति भनी अर्थमा लेखिएको हुनाले खनिता यो रूप क्त प्रत्यय गरी बनाइएको देखिन्छ ।

अब खन् धातुबेखि क्त प्रत्यय गर्दा कस्तो रूप हुन्छ भन्ने विचार गर्नु परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खनु अवदारण धातुदेखि क्त्वा प्रत्यय गर्दा

उदितो वा ७।२।५६

उदितो धातोः क्त्वाप्रत्यये परतो वा इडागमो भवति। (काशिका)

खनुमा नुको उकारको इत्संज्ञा हुने हुनाले क्त्वा प्रत्यय पर भएमा यस सूत्रअनुसार विकल्पले इट् आगम हुन्छ र इट् आगम भएको पक्षमा खनित्वा रूप हुन्छ। इट् आगम नहुँदा खन् त्वा यस अवस्थामा

जनसनखनां सञ्झलोः ६।४।४२

जन सन खन इत्येतेषामङ्गानां सनि झलादौ क्ङिति झलादौ प्रत्यये परत आकार आदेशो भवति। खन्-खातः। खातवान्। खातिः। (काशिका)

यस सूत्रले आत्व भई खात्वा रूप बन्छ।

खात्वा। खनित्वा। उदित्त्वादनिट्पक्षे झलादिकित्परत्वात् पूर्ववदात्वम् भनी माधवीय धातुवृत्तिमा भ्वादिगणमा लेखिएको छ (चौखम्बासंस्करणको १५७ पृष्ठ।

खनु धातुबाट क्त प्रत्यय गर्दा

यस्य विभाषा ७।२।१५

यस्य धातोर्विभाषा क्वचिदिडुक्तस्तस्य निष्ठायां परत इडागमो न भवति। (काशिका)

यस सूत्रले इट् आगम हुँदैन।

जनसनखनां सञ्झलोः ६।४।४२ले आत्व भई खात रूप बन्छ। काशिकामा दिइएको खात रूपको माथि उद्धरण गरिएकै छ। माधवीयधातुवृत्तिमा खातः यस्य विभाषा इत्यनिट्त्वम् (१५७पृ.) लेखिएको छ।

कोश काव्यहरूमा पनि खात रूपको नै प्रयोग पाइन्छ—

पुष्करिण्यां तु खातं स्यादखातं देवखातकम्। (अमरकोश १।१०।२७)

देवखातबिले गुहा।। (अमरकोश २।३।६)

पूर्तं खातादि कर्म यत्। (अमरकोश २।७।२८)

खातमूलमनिलो नदीरयैः पातयत्यपि मृदुस्तटद्रुमम्॥ (रघुवंश ११।७६)

त्याजितैः फलमुत्खातैर्भग्नैश्च बहुधा नृपैः। तस्यासीदुल्बणो मार्गः पादपैरिव दन्तिनः॥ (रघुवंश ४।३३)

आपादपद्मप्रणताः कलमा इव ते रघुम्। फलैः संवर्द्धयामासुरुत्खातप्रतिरोपिताः॥ (रघुवंश ४।३७)

सङ्ग्रामनिर्विष्टसहस्रबाहुरष्टादशद्वीपनिखातयूपः।
अनन्यसाधारणराजशब्दो बभूव योगी किल कार्तवीर्यः॥ (रघुवंश ६।३८)

तौ दम्पती बहु विलप्य शिशोः प्रहर्त्रा शल्यं निखातमुदहारयतामुरस्तः। (रघुवंश ९।७८)

जलानि या तीरनिखातयूपा बहत्ययोध्यामनु राजधानीम्। (रघुवंश १३।६१)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उत्खातलोकत्रयकण्टकेऽपि सत्यप्रतिज्ञेऽप्यविकत्थनेऽपि ।
त्वां प्रत्यकस्मात् कलुषप्रवृत्तावस्त्येव मन्युर्भरताग्रजे मे ।। (रघुवंश १४।७३)
आसीनानां सुरभितशिलं नाभिगन्धैर्मृगाणां तस्या एव प्रभवमचलं प्राप्य गौरं तुषारैः ।
वक्ष्यस्यध्वश्रमविनयने तस्य श्रृङ्गे निषण्णः शोभां शुभ्रत्रिनयनवृषोत्खातपङ्कोपमेयाम् ।।
(मेघदूत १।५२)
आश्वास्यैवं प्रथमविरहोदग्रशोकां सखीं ते शैलादाशु त्रिनयनवृषोत्खातकूटान्निवृत्तः ।
साभिज्ञानप्रहितकुशलैस्तद्वचोभिर्ममाऽपि प्रातः कुन्दप्रसवशिथिलं जीवितं धारयेथाः ।।
(मेघदूत २।५०)
हृता जनस्थानसदो निकायाः कृता जितोत्खातभटद्रुमा पूः । (भट्टिकाव्य १२।५)
परेतभर्तुर्महिषोऽमुना धनुर्विधातुमुत्खातविषाणमण्डलः ।
हृतेऽपि भारे महतस्त्रपाभराद्वुवाह दुःखेन भृशानतं शिरः ।। (शिशुपालवध १।५७)
उच्छिद्य विद्विष इव प्रसभं मृगेन्द्रानिन्द्रानुजानुचरभूपतयोऽध्यवात्सुः ।
वन्येभमस्तकनिखातनखाग्रमुक्तमुक्ताफलप्रकरभाञ्जि गुहागृहाणि ।। (शिशुपालवध ५।१२)
समुत्खाता नन्दा नव हृदयरोगा इव भुवः (मुद्राराक्षस १।१३)
यान्त्या मुहुर्वलितकन्धरमाननं तदावृत्तवृन्तशतपत्रनिभं वहन्त्या ।
दिग्धोऽमृतेन च विषेण च पक्ष्मलाक्ष्या गाढं निखात इव मे हृदये कटाक्षः।।(मालतीमाधव१।३२)
लीलोत्खातमृणालकाण्डकवलच्छेदेषु सम्पादिताः पुष्यत्पुष्करवासितस्य पयसो गण्डूषसङ्क्रान्तयः ।
सेकः शीकरिणा करेण विहितः कामं विरामे पुनर्न स्नेहादनरालनालनलिनीपत्रातपत्रं धृतम् ।।
(मालतीमाधव ९।३४)
वृत्तिच्छेदे विलक्षः क्षतनिवसनया भार्यया भर्त्स्यमानो
दूरादात्मम्भरित्वात् स्वजनसुतसुहृद्बन्धुभिर्वर्ज्यमानः ।
त्वय्यावेद्य स्वदुःखं तुरगखुरमुखोत्खातसीम्नां गृहाणा-
मीष्टे स्वान्तःपुरस्त्रीवलयरुणरुणाजातनिद्राप्रबोधः ।।२३।। (स्रग्धरास्तोत्र)

यति कुराबाट खन् धातुदेखि क्त प्रत्यय गर्दा खात रूप हुने देखिन्छ । खातको स्त्रीलिङ्गमा खाता रूप हुन्छ ।

खनाएको भन्ने अर्थमा खन् धातुदेखि णिच् प्रत्यय गरी अनि क्त प्रत्यय गर्ने हो भने खन् धातुदेखि णिच् प्रत्यय भई अनुबन्धलोप गरी खन् इ बन्दा

अत उपधायाः ७।२।११६

अङ्गोपधाया अकारस्य स्थाने ञिति णिति च प्रत्यये वृद्धिर्भवति । (काशिका)
यस सूत्रले उपधाको वृद्धि भई खानि रूप बन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मितां ह्रस्वः ६।४।९२

मितो धातवो घटादयो मित इत्येवमादयो ये प्रतिपादितास्तेषामुपधाया ह्रस्वो भवति णौ परतः। (काशिका)

मित् धातुको परिगणन मध्यकौमुदीको णिच्प्रक्रियामा (निर्णयसागरको छैटौं संस्करणका ९७-९८ पृष्ठ) तथा सिद्धान्तकौमुदीको भ्वादिमा (तत्त्वबोधिनीसहितको सिद्धान्तकौमुदीको निर्णयसागरको आठौं संस्करणका ३७५-३७८ पृष्ठ) गरिएको छ। सो परिगणनमा खन् धातु नपर्ने हुनाले ह्रस्व हुँदैन। णिच्मा खानयति रूप हुन्छ भनी माधवीयधातुवृत्तिमा लेखिएको छ (१५७ पृष्ठ)।

खानि धातुदेखि क्त प्रत्यय गर्दा

आर्द्धधातुकस्येड् वलादेः ७।२।३५

आर्द्धधातुकस्य वलादेरिडागमो भवति। (काशिका)

यस सूत्रले इट् आगम भई खानि इत हुन्छ।

निष्ठायां सेटि ६।४।५२

निष्ठायां सेटि परतो णेर्लोपो भवति। (काशिका)

यस सूत्रले णिको लोप भई खानित रूप बन्छ। त्यसको स्त्रीलिङ्गमा खानिता रूप बन्छ।

यमियंमन्तेष्वनिडेक इष्यते रमिश्च यश्च श्यनि पठ्यते मनिः।

नमिश्चतुर्थो हनिरेव पञ्चमो गमिश्च षष्ठः प्रतिषेधवाचिनाम्॥

(अष्टाध्यायी ७।२।१० को काशिकाको कारिका)

यस परिगणनमा खन् धातु परेको छैन र भविष्यत्कालमा लुट् लकारमा इट् आगम भई खनिता रूप बन्छ। तर त्यसको अर्थ खनी खोस्री तयार गरिएको भन्ने नभई खनी खोस्री तयार गरिनेछ भन्ने हुन्छ।

खन् धातुदेखि तृच् वा तृन् प्रत्यय गरी बनाएको खनितृ शब्दको प्रथमाको एकवचनमा खनिता रूप बन्छ। त्यसो गर्ने हो भने त्वया खनिता नभई त्वं खनिता हुन्छ।

यताबाट खनी खोस्री तयार गरिएको भन्ने अर्थमा खनिता रूप वैयाकरण, कोषकार, कविहरूको प्रयोगअनुसार उचित देखिँदैन।

राजदरबारमा सो पत्र देखनेबित्तिकै यो रूप अशुद्ध हो भन्ने मैले थाहा पाएथें। तर त्यस बिग विद्वन्मण्डलीमा त्यहाँ त्यो कुरा उठाउनु मैले उचित सम्झिनँ। संस्कृतमहाविद्यालयमा प्राध्यापक-मण्डलीको समक्ष मैले यो कुरा उठाएँ। जुननाथजीलाई पनि प्रमाण खुलाई सबै कुरा सुनाएँ। प्रसिद्ध विद्वान् कहलाएका पण्डितज्यूको कलमबाट निस्केको लेखमा रहेको यो अशुद्धिले साधारण जनमा अशुद्ध रूपको परम्परा बसाउला भनी अहिले यो संशोधन प्रकाश गरेको छु।

-※-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव

–दिनेशराज पन्त

लिच्छविभन्दा पछि स्थिति मल्लभन्दा अघिको कालको नेपालको इतिहास राम्ररी बुझ्न सकिएको छैन। यसका मुख्य कारण साधनको न्यूनता हो। यस कालका केही शिलालेख पाइन्छन्। तर ती शिलालेख देउता थापी, धारा पाटी पौवा बनाई टिपोटको रूपमा मात्र राखिएकाले तिनमा तात्कालिक राजनीतिको विशेष चर्चा नहुनु अस्वाभाविक होइन। ती शिलालेखहरूबाट राजाका नाउँ र समयसम्म फाटफुट बुझिन्छन्। यस कालका राजा र तिनका समय बुझ्ने अर्को साधन त्यस वेला सारिएका हस्तलिखित ग्रन्थका पुष्पिकावाक्य हो। ती ग्रन्थमा ग्रन्थसमाप्ति भएपछि ग्रन्थ सारेको समय र त्यस वेलाका राजाको नाउँ पनि प्रायः दिइएको हुन्छ। यस्ता पुष्पिकावाक्य शिलालेखको तुलनामा धेरै पाइन्छन्। शिलालेख र पुष्पिकावाक्य दुवैको उपयोग नगरी यस कालको इतिहास तयार पार्न सकिँदैन। गोपालराजवंशावलीबाट यस कालको माथिल्लो भागको केही र तल्लो भागको निकै इतिहास बुझ्न सकिन्छ।

यस निबन्धमा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेवको विषयमा विचार गरिएको छ। यिनीहरूमध्ये कुनै वेला एकजना मात्र राजाको उल्लेख पाइन्छ त कुनै वेला दुई तीन जना राजाको एकै पटक उल्लेख पाइन्छ। यस कारण यो ४ जना राजाको विषयमा एकै पटक विचार गर्नुपरेको हो।

निर्भयदेव

(१ सङ्ख्या)

ॐ श्रेयोस्तुः ।। सम्वत् १२५ चैत्रशुक्लत्रियोदस्यां म[1] -- --- महाराजाधिराजश्रीनिर्भयदेवविजयराज्येः[2] ।। श्रीखपु[3] ---शिवज्वलोत्तरधेनकवास्तव्यजयचठुक्षाकन[4] श्रियाधरदवक[5]परक .- देवस्थानार्थं द्वादस[6] मानि धानि प्रज्ञातयति ।। तिलिकमराण[7] ---

(भक्तपुर तौमढीटोल भैरवस्थानको शिलालेख। यो अभिलेख रामजी तेवारी, देवीप्रसाद भण्डारी,

---

१: अभिलेखसङ्ग्रह-चैत्रशुक्लत्रियोदस्यां... । रेग्मी–चैत्र शुक्ल त्रियोदस्याम्।।.. २. रेग्मी–विजयराजः । ३. अ.सं.–श्रीखवपु । ४: अ.सं., रेग्मी–जयचठुपाकन । ५. रेग्मी–श्रिया थवङ्क वक । ६. रेग्मी–द्वादस । ७. रेग्मी–प्रज्ञा तप तिलक मरा .. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र बज्राचार्य, गौतमवज्र बज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको अभिलेख-सङ्ग्रहको दोस्रो भागको ९ पृष्ठमा छापिएको छ । पछि डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास)को तेस्रो भागको पहिलो खण्डका २-३ पृष्ठमा छापिएको छ । मूल शिलालेखसँग रुजु गरी यहाँ यो पाठ दिइएको छ ।)

[कल्याण होस् । ने. सं. १२५ (वि. सं. १०६२) चैत्रशुक्ल त्रयोदशीमा महाराजाधिराज श्रीनिर्भयदेवको विजयराज्यमा । श्रीखपु (भादगाउँ)"मा शिवग्दल"को उत्तरमा रहेको थेनकमा बस्ने जयचठुक्षाकले ... देवमन्दिरको लागि १२ मानिका ...]

---

८. लिच्छविकालका अभिलेखमा पनि भक्तपुरको चर्चा पाइन्छ । देउपाटनको रत्नसङ्घको अभिलेख (धनवज्रको १० सङ्ख्या)मा खोपृङ्ग्राम, गोलमाढीटोलको शिवदेव + अंशुवर्माको अभिलेख (धनवज्रको ६१ सङ्ख्या)मा माखोपृं, तुलाछेँटोलको शिवदेव + अंशुवर्माको अभिलेख (धनवज्रको ६२ सङ्ख्या)मा खुपुङ्ग्राम, भक्तपुर कुह्मालेटोलको अभिलेख (धनवज्रको ५७ सङ्ख्या)मा माखोदुलुं भनी भक्तपुरलाई बुझाइएको छ । आजभोलि नेवारी भाषामा भक्तपुरलाई ख्वोप भनिन्छ । [लुशियानो पेटेकको मेडिईभल हिस्टरि अफ् नेपाल (नेपालको मध्यकालको इतिहास)को ३९ पृ; पूर्णिमा १८ अङ्कमा छापिएको धनवज्र बज्राचार्यको लिच्छविकालिक बस्तीनामक निबन्ध, सो अङ्कको ९६ पृ.; जगदीशचन्द्र रेग्मीको लिच्छविसंस्कृतिको १०९ पृ.; धनवज्र बज्राचार्यको लिच्छविकालका अभिलेखका ५४, २५१ पृ.।] यहाँ भक्तपुरलाई खपु भनिएको छ । तल ११ सङ्ख्याको साधनमा भक्तपुरलाई खृम्पृम्ब्रु मा भनी लेखिएको छ ।

भक्तपुरको प्राचीन नामको विषयमा नेपाली १६ पूर्णाङ्कमा प्रकाशित ऐ. शि. बाबुराम आचार्यको देवपाटन, भादगाउं, पाटन र काठमाडौंका किरातनामनामक निबन्धमा विवेचना गरिएको छ । (सो अङ्कका १४-१८ पृ.) .

लिच्छविसंस्कृतिका ११४-११६ पृष्ठमा अभिलेखमा पाइने भक्तपुरको प्राचीन नामको सूची दिइएको छ ।

९. गोपालराजवंशावलीमा राजा आनन्ददेव (राज्यकाल वि. सं. १२०३-१२२३)[१८] ले भक्तपुर शिवगलमा दुइ देवताको प्रतिष्ठा गरेको कुरा लेखिएको छ-

---

[१८] पूर्णिमा ३ अङ्कमा छापिएको भोलानाथ पौडेलको आनन्ददेव, रुद्रदेव र अमृतदेवको समयमा एउटा विचारनामक निबन्ध, सो अङ्कका १९-२४ पृ.

रेग्मीको पहिलो भाग १७८ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस दिनको गणना यस प्रकारको छ—

ने. सं. १२५	वि. सं. १०६२	चैत्रशुक्ल		
गते	वार	तिथि	घडी पला	
वैशाख ४	सोम	त्रयोदशी	३३।३९	

यस शिलालेखबाट वि.सं. १०६२ वैशाखमा निर्भयदेव एकलै राजाको रूपमा देखिन्छन् ।

निर्भयदेव+रुद्रदेव

(२ सङ्ख्या)

समाप्ता चेयं भगवत्यार्याष्टसाहस्रिका प्रज्ञापारमिता सर्वतथागतजननी सर्वबोधिसत्त्वप्रत्येकजिनस्रावकाणां च[10] माता....

अब्दे सते[11] साष्टकविसयुते[12] मासे सुभे[13] फाल्गुणाशुक्लपक्षे
सोमवारे नक्षत्ररम्योत्तरभद्रसंज्ञे ।
श्रीनिर्भयस्य नृपतेः सुरसन्निभस्य श्रीरुद्रदेववसुधाधिपतेश्च रम्ये ।
एवं द्विराज्यकमतोद्यत (?) पात्रवर्गे ।। राज्ये परि...कवितवीरिसंघे ।
श्रीलहम्विहार (?) इति कीर्तितकीर्तिपंज । नेपाल...

(क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको ८६६ सङ्ख्याको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट ।

राजा श्रीआनन्ददेव वर्ष २० तेन भक्तपुरे शिवग्लस्थाने × देवालये + देवद्वयं च⊛ प्रतिष्ठितम् ✯।।

(गोपालराजवंशावली २५ क पत्र । यो अंश पेटेकको २२१ पृष्ठमा छापिएको छ; पछि योगी नरहरिनाथद्वारा हिमवत्संस्कृति १ अङ्कको ११ पृष्ठमा छापिएको छ; त्यसपछि रेग्मीको तेस्रो भागको पहिलो खण्डको १२० पृष्ठमा छापिएको छ । गोपालराजवंशावलीको तसवीर खिँचिराखेको केसरपुस्तकालयमा रहेको प्रतिबाट वि. सं. २०१६ मा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यले पाठ पढ्नुभएको थियो । त्यही पाठअनुसारको पाठ माथिको हो ।)

१०. वेन्डाल–श्रावकाणाञ्च । ११. बेन्डाल–शते । १२. वेन्डाल–साष्टकविशयुते । १३. बेन्डाल–शुभे ।

× पेटेक–शिवग्लस्थान । + पेटेक–देवालय । ⊛ पेटेक, योगी- वेवद्वयश्च । रेग्मी देवद्वयञ्च ।
✯ पेटेक, योगी, रेग्मी–प्रतिष्ठितं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो उद्धरण सेसिल बेन्डालको क्याट्अलग् अफ् द बुड्इस्ट् स्यान्स्क्रिट् म्यान्युस्क्रिप्ट्स् इन् दि यूनिभर्सिटि लाइब्ररि, केम्ब्रिज् (क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयमा रहेका, संस्कृतभाषामा लेखिएका बौद्ध हस्तलिखित ग्रन्थको सूचीपत्र) का ३–४ पृष्ठमा छापिएको छ।[१४] बेन्डालले यस पुस्तकको केही भागको चित्र छपाएका छन्। त्यही चित्र हेरी माथि पाठ शुद्धचाएर दिइएको छ। माथि उद्धरण गरिएको जम्मै भागको चित्र छापिएको छैन।)

[सबै तथागत सबै बोधिसत्त्व, प्रत्येक जिनश्रावकहरूका आमा हुनुभएका भगवती अष्टसाहस्त्रिका प्रज्ञापारमिता सारिसिद्धियो।

ने. सं. १२८ (वि. सं. १०६४) फाल्गुनकृष्ण सोमवार उत्तरभाद्रनक्षत्रमा देवता जस्ता राजा निर्भयदेव र राजा रुद्रदेवको राम्रो द्वैराज्यमा....

नेपालमा श्रील्हंविहार भनेर कीर्ति फैलिएको ...]

---

१४. बेन्डालको यो पुस्तक वि. सं. १९४० (ई. सं. १८८३) मा प्रकाशित भएको हो। यसभन्दा ७ वर्षअघि वि. सं. १९३३ (ई. सं. १८७७) मा छापिएको डानियल राइटको हिस्टरि अफ नेपाल् (नेपालको इतिहास) मा उनले नेपालबाट बेलायतमा लगेका पुस्तकहरूको सूची छापिएको छ। त्यो सूचीमा यो पुस्तक (२ सङ्ख्या) पनि परेको छ। तल उद्धृत अष्टसाहस्त्रिका प्रज्ञापारमिता (६ सङ्ख्या) र सद्धर्मपुण्डरीक (१० सङ्ख्या) पनि त्यो सूचीमा परेका छन्। त्यहाँ ती पुस्तक सारिँदाका नेपालसंवत् र ई. सं. पनि दिइएका छन् (राइटका ३१७, ३२३ पृ.)। यताबाट यस निबन्धमा उद्धृत क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयका ४ वटा पुस्तकमध्ये ३ वटा पुस्तक राइटले सङ्ग्रह गरेका हुन् भन्ने देखिन्छ।

राइटको सङ्ग्रहको विषयमा बेन्डालले आफ्नो सो पुस्तकको भूमिका (७ पृष्ठ) मा यस्तो लेखेका छन—

द प्रेजन्ट् क्याट्अलग् डिस्क्राइब्ज् द् चीफ् यान्ड मोस्ट क्यारेक्टरइस्टिक पोर्शन् अफ अ लार्ज् नम्बर् अफ म्यान्युस्क्रिप्ट्स् कलेक्टइड् बाइ डक्टर् डानियल् राइट्, नाउ अफ् सेन्ट् एन्ड्रच्'ज्, फाइफ, यान्ड् फरमर्लि सरजन ट द ब्रिटइश् रेजइडेन्सि याट् काठ्मान्डु, नेपाल्। दे वेर् रिसीभ्ड् याट् केम्ब्रिज् फ्रम् टाइम् ट टाइम्, याज् दे वेर् प्रक्यूर्ड्, फ्रम् फेब्रुअरि १८७३ ट मे १८७६।

[डाक्टर डानियल राइटले सङ्ग्रह गर्नुभएका हस्तलिखित पुस्तकको मुख्य र सबभन्दा विशिष्ट भागको वर्णन यस सूचीपत्रमा परेको छ। उहाँ अहिले फाइफ (स्कटल्याण्डको एक भाग) को सेन्ट एन्ड्रच्जमा बस्नुहुन्छ। उहाँ पहिले नेपाल काठमाडौंको अङ्ग्रेजी दूतावासमा चिकित्सक हुनुहुन्थ्यो। ती पुस्तकहरू वि. सं. १९२९ को हिउँदवेखि वि.सं. १९३३ को गर्मीसम्ममा पाइएअनुसार पटक पटक गरी क्याम्ब्रिजमा आइपुगेका हुन्।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको गणनाको विषयमा ६ परिशिष्टमा विचार गरिएको छ ।

यस पुष्पिकावाक्यबाट वि. सं. १०६४ फाल्गुनमा राजा निर्भयदेव र राजा रुद्रदेवको संयुक्त शासन चलेको देखिन्छ ।

द्वैराज्यको विषयमा २ परिशिष्टमा लेखिएको छ ।

भोजदेव

(३ सङ्ख्या)

देयधर्मोयं महायायिनः श्रीवाग्वतीतोरस्थानधिवासिना कुल(पु)त्रोपासकः नैरसिंहयाकस्य दतपुण्यं तद्भवत्वाचार्यमातापितृपूर्वङ्गमं कृत्वा सकलसत्वरासे अनुत्तराज्ञानसम्यक्संबोधि प्राप्तयेदिति ।।

सम्वत् १३१ ज्येष्ठशुक्लद्वितीयायां सोमदिने परमभट्टारकराजाद्धिराजपरमेस्वर[१५] श्रीभोजदेवस्य विजयराज्ये लिखितमिति ।

[पाटन इलाननीको चिबाहा बडेगूठीका थकाली तेजमान शाक्यको सङ्ग्रहमा रहेको प्रज्ञापारमिताबाट । यो उद्धरण हेमराज शाक्य र तुलसीराम वैद्यको मेडिईभल् नेपाल्, कल्अफन्ज् यान्ड् इन्स्क्रिप्शन्ज् (मध्यकालको नेपालका पुष्पिकावाक्य तथा अभिलेख) को २ पृष्ठमा छापिएको छ । छापिएको पाठमा १ ठाउँमा श्रीहेमराज शाक्यसँग रहेको नकलबाट सच्याई यहाँ पाठ दिइएको छ ।]

[महायानधर्म मान्ने, वाग्वतीको किनारामा बस्ने कुलपुत्र उपासक नैरसिंहयाकले गरेको दानधर्म यो हो । यो पुण्यले गुरु आमा बाबुलगायत सबै प्राणीलाई सर्वोत्तम ज्ञान र सच्चा ज्ञान प्राप्त होओस् ।

ने. सं. १३१ (वि. सं. १०६८) ज्येष्ठशुक्ल द्वितीया सोमवारको दिन परमभट्टारक राजाधिराज परमेश्वर श्रीभोजदेवको विजयराज्यमा सारियो ।]

यस दिनको गणना यस प्रकारको छ—

ने. सं. १३१ वि. सं. १०६८ ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	१५	सोम	प्रतिपद्	२।५९
	१६	मङ्गल	द्वितीया	२।५७

यताबाट प्रतिपद्को घडी २।५९ उप्रान्त द्वितीयामा यो पुस्तक सारिसिद्धिएको देखिन्छ ।

यस पुष्पिकावाक्यबाट वि. सं. १०६८ ज्येष्ठमा भोजदेव एकलै राजाको रूपमा देखिन्छन् ।

---

१५. हेमराज, तुलसीराम– परमेश्वर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(४ सङ्ख्या)

......शुक्लत्रयोदश्याम् श्रीमत्भोजदेवराजे । श्रीबम्बुक्रमायाम् कुलपुत्र माधवजीव

(क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको २१९१ सङ्ख्याको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट । यो उद्धरण पेटेकको ३७ पृष्ठमा छापिएको छ । सिल्वां लेवीको ले नेपाल (नेपाल)[१६]को दोस्रो भागको १९२ पृष्ठमा यसको उल्लेख छ, तर वाक्य भने छापिएको छैन । रेग्मीको पहिलो भागको ११६ पृष्ठमा बम्बुक्रमाको ठाउँमा यम्बुक्रमा पाठ छापिएको छ तथा माधवजीवपछि मातापुत्रयोः पाठ बढी दिइएको छ । यो पुस्तक काठमाडौंमा सारिएको हो भनी पेटेक र रेग्मीका पुस्तकमा लेखिएको छ ।)

[शुक्ल त्रयोदशीमा श्रीभोजदेवको राज्यमा । श्रीबम्बुक्रमामा कुलपुत्र माधवजीव]

यसमा संवत् तथा महीना छैन । तीन सङ्ख्याको साधनमा भोजदेव एकलैको राजाको रूपमा उल्लेख आएको थियो । यहाँ पनि भोजदेवको मात्र उल्लेख छ । त्यसैले यो यहाँ राखिएको हो ।

रुद्रदेव+भोजदेव

(५ सङ्ख्या)

ॐ

स्वस्ति कैलास[१७]वास सिरसि[१८] त्रिपथगाश्चन्द्र(मा)ङ्ककपालः[१९]
भाति कर्ण्णे भुजङ्ग फणिमणिकिरण कण्ठशिलट्काल[२०]कूटः ।।
प्रेम्नास्वज्य[२१] मुखेन्दुं हिमगिरिस्तनया वामपार्श्वे निधाय ।
सेनानीतूर्य[२२]रावगणपतिप्रमथैः पातु वः चन्द्रमौलिः ।।
राज्ये पुण्यमलङ्कृत यशनिधिः श्रीरुद्र[२३]देवो नृपः ।
साधु भ्रातृजपुत्र धर्म्मणिरति[२४] श्रीभोजदेवोपि राट् ।
तावेतौ[२५] शशिभास्करोपमतिथौ सन्दर्शकालेहनि
नेपाले गहणारविन्दकुमुद श्रीलालिताख्ये[२६] पुरे ।।

---

१६. लेवीको ले नेपाल फरासिस भाषामा छ । त्यसको अङ्ग्रेजी अनुवादको टाइप गरिएको प्रति केसरपुस्तकालयमा छ । अङ्ग्रेजी अनुवादको २ भागको २१५ पृष्ठमा माथिको कुरा छ ।

१७. रेग्मी–कैलाश । १८. रेग्मी–शिरसि । १९. रेग्मी–त्रिपथगाश्च...कपालः । २०. रेग्मी–कण्ठशिलङ्काल । २१. रेग्मी–प्रोम्ना ज्य । २२. अभिलेखसङ्ग्रह–सेनानीनृत्य । २३. रेग्मी–श्रोरुद्र । २४. पेटेक–धर्म्मनिपति । २५. रेग्मी–तावतौ । २६. पेटेक–श्रीललिताख्ये । रेग्मी–श्रीलालिताख्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अथ तेग्वलस्थानस्य भूत्वा पौरन्दरन्दिशि[२७] ।
भगवच्छ्रीशङ्कर सोमो[२८] गणैः सार्द्धं शिलामयं ।।
तत्र प्रवरसुद्धात्मा वेङ्खा[२९]शिम्हेति धर्म्मभाक्[३०]
प्रतिष्ठा देवदेवस्य चक्रे कीर्त्ति[३१]जिगीषया ।
मया निर्व्वापितम्पिण्डम्प्रत्यर्थो[३२] ये दिवङ्गताः[३३] ।
ज्ञात्वा ते रुद्रमायाता[३४] अनुत्तारफलाप्तये ।।
राजा भवतु तेजस्वी । पृथिवी सस्यसम्पदाः ।
अरोग्य[३५] सर्व्वसत्वानान्धन्यसन्तान[३६] मे सदा ।।

सम्वत् १३२ प्रथमाशाढशुक्लदिवा त्रीयोदश्याम्बृहस्पतिदिने मैत्र-नक्षत्रन्देव[३७] प्रतिष्ठितमिति ।।

(पाटन त्यागलटोल गचाननीको शिलालेख । यो अभिलेखको अलिकता भाग पेटेकको ३६ पृष्ठमा छापिएको छ । पछि सम्पूर्ण अभिलेख अभिलेख-सङ्ग्रहको नवौं भागका २४-२५ पृष्ठमा छापिएको छ; त्यसपछि रेग्मीको तेस्रो भागको पहिलो खण्डको ३ पृष्ठमा छापिएको छ । मूल शिलालेखसँग रुजु गरी यहाँ यो पाठ दिइएको छ ।)

[कल्याण होस् ।

जो कैलासमा बस्छन्; जसको शिरमा गङ्गाजी र चन्द्रमा छन्; जसको कानमा फणाको मणि चम्किरहेको सर्प छ; जसको घाँटीमा कालकूट विष छ; जसले आफ्नो दायाँपट्टि प्रेमपूर्वक मुख जोडेर पार्वतीलाई राखेका छन्; स्वामिकार्तिक, बाजा बजाउने, गणेश तथा प्रमथगणले युक्त भएका महादेवले तपाईंहरूलाई रक्षा गरून् ।

धर्मात्मा, कीर्ति फैलिएका राजा रुद्रदेव र (उहाँका) असल भतिजा धर्मात्मा राजा भोजदेव औंसीको दिनमा चन्द्र र सूर्य झैं मिलेर[३८] राज्य गरिरहनुभएको वेलामा शुद्ध आत्मा भएका

---

२७. रेग्मी-पौरन्दर दिशि । २८. अ. सं.-सौमो । २९. रेग्मी-वेङ्गा । ३०. रेग्मी- धर्म्मयुक । ३१. रेग्मी कीर्ति । ३२. रेग्मी-निर्व्वापितम्पिण्ड प्रत्यर्थी । ३३. रेग्मी-दिवंगताः । ३४. रेग्मी-रूद्रमायात । ३५. रेग्मी-आरोग्य । ३६. रेग्मी-सर्व्वसत्वानां कृत्यसन्तान । ३७. पेटेक-प्रथमाषाढशुक्लदिवा त्रयोदश्यां बृहस्पतिदिने मैत्रनक्षत्रे । रेग्मी-प्रथमाषाढशुक्लदिवा त्रयोदश्याम्बृहस्पति दिने मैत्रनक्षत्र देव ।

३८. अमावस्यदन्यतरस्याम् ३।१।१२२

अमाशब्दः सहार्थे वर्तते । तस्मिन्नुपपदे वसेर्धातोः कालेऽधिकरणे ण्यत्प्रत्ययो भवति, तत्राऽ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घर्मात्मा, भलामानिस बेङ्खासिंहले कीर्ति कमाउने इच्छाले थरीथरीका कमल भएको नेपाल ललितपुरमा तेग्वलटोलबाट पूर्वदिशामा गणसहितका भगवान् उमामहेश्वरको शिलामूर्तिको प्रतिष्ठा गरे ।

मैले पिण्ड दिनुपर्ने पितृहरू जो हुनुहुन्छ, उत्तम फल पाई रुद्रलोकमा उहाँहरूको वास होस्। राजाको प्रताप बढोस् । पृथ्वीमा खूब अनाज फलोस् । सबै प्राणीहरू निरोगी रहून्। मेरा सन्तानहरू सधैं भाग्यमानी होऊन् ।

ने. सं. १३२ (वि. सं. १०६९) प्रथम आषाढशुक्ल त्रयोदशी बृहस्पतिवार अनुराधानक्षत्रमा देवताको प्रतिष्ठा गरियो ।]

यस दिनको गणना यस प्रकारको छ-

ने. सं. १३२ वि. सं. १०६९ आषाढशुक्ल

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
आषाढ १३	बृहस्पति	त्रयोदशी	१०।२	अनुराधा	७।३०

न्यतरस्यां वृद्धयभावो निपात्यते । सह वसतोऽस्मिन् काले सूर्याचन्द्रमसाविति अमावस्या । अमावास्या ।

(काशिका)

[अमा शब्दको अर्थ साथमैं भन्ने हुन्छ । अमा शब्द उपपद भएमा वस् धातुदेखि कालरूप अधिकरणलाई बुझाउँदा ण्यत प्रत्यय हुन्छ, वृद्धि विकल्पले हुँदैन । यस वेला सूर्य र चन्द्र संगै बसेका छन् भन्दा अमावस्या वा अमावास्या रूप बन्छन् ।]

अमावास्या त्वमावस्या दर्शः सूर्येन्दुसङ्गमः ।।८।।

(अमरकोश १।४)

[अमावास्या, अमावस्या, दर्श यी शब्दले सूर्य र चन्द्रमाको भेट भएको काललाई बुझाउँछन् ।]

माथिका कुराबाट अमावास्या र दर्श शब्द पर्याय हुन् तथा अमावास्यामा सूर्य चन्द्र एकै ठाउँमा रहन्छन् भन्ने बुझिन्छ ।

कालिदासले पनि औंसीमा चन्द्रमा र सूर्य संगै रहेको वर्णन गरेका छन्-

तिस्रस्त्रिलोकप्रथितेन सार्धमजेन मार्गे वसतीरुषित्वा ।
तस्मादपावर्तत कुण्डिनेशः पर्वात्यये सोम इवोष्णरश्मेः।।३३।।

(रघुवंश ७ सर्ग)

[तीनै लोकमा प्रख्यात भएका अजसंगै बाटामा तीन बास बसेर विदर्भका राजा भोज औंसीको अन्त्यमा सूर्यसँग चन्द्रमा छुट्टिए झैं अजसँग बिदा भए ।]

पूर्णिमा १८ अङ्कमा छापिएको पिताजी नयराज पन्तको सूर्यग्रहणनामक निबन्धमा औंसीको दिनमा चन्द्रमा र सूर्यको स्थितिको विषयमा विवेचना गरिएको छ, सो अङ्कका १५२-१५७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको गणनाको विषयमा विशेष कुरा ६ परिशिष्टमा लेखिएको छ ।

यस शिलालेखबाट वि. सं. १०६९ आषाढमा राजा रुद्रदेव र राजा भोजदेवको संयुक्त शासन चलेको देखिन्छ ।

रुद्रदेव र भोजदेवको नाताबारे ३ परिशिष्टमा विचार गरिएको छ ।

भोजदेव + रुद्रदेव + लक्ष्मीकामदेव

(६ सङ्ख्या)

पञ्चत्रिंशाधिकेऽब्दे शततमप्रशते चैत्रमासे हिमाभे ।
विख्यातेऽस्मिन् दशम्यान्दितिजरिपुगुरोर्वासरे संप्रसस्ते ।
राज्ञि श्रीभोजदेवेऽप्रमितगुणगणालब्दश्रीरुद्रदेवे ।
श्रीलक्ष्मीकामदेवैररिगजकुलिशै[३९]रर्धराज्येऽपभुक्ते ।।
यः पूर्वभूपतिकुलैः स मुदा प्रसृष्टः । नेपालमण्डलस्वलंकरणाय सम्यक् ।
श्रीलहंविहार इति सर्वजनानुरागो यस्मिन् विभाति वचनं सुगतस्य शश्वत् ।
तस्मिन् विहारे तपसोरम्बुसागरे सुजतभद्रः समलिखत् सुधीः ।
तनोति यां प्राप्य निरुत्तरं सुखं सनातु तामष्टसहस्रिकाख्यां ।।

(क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको १६४३ सङ्ख्याको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट । यो उद्धरण वेन्डालका १५१-१५२ पृष्ठमा छापिएको छ । यहाँ पहिलो श्लोक पेटेकको ३६ पृष्ठमा छापिएको पाठअनुसार दिइएको छ ।)

[ने. सं. १३५ (वि. सं. १०७१) चैत्रशुक्ल दशमी बृहस्पतिवारका दिन श्रीभोजदेव र धेरै गुण भएका श्रीरुद्रदेव राजा हुनुभएको वेलामा, शत्रुरूपी हात्तीमा अङ्कुश भएका श्रीलक्ष्मीकामदेवले आधा राज्य[४०] भोग गरिरहनुभएको वेलामा ।

---

३९. अरूहरूले अरिजग(त्)कुलिशैः पाठ छपाएका छन् [बेन्डालको १५१ पृ., हेमचन्द्र रायको द डिन्यास्टिक् हिस्टरि अफ नरदर्न इन्डिअ (उत्तरभारतका राजवंशको इतिहास)को पहिलो भागको १९८ पृ., पेटेकको ३६ पृ., रेग्मीको पहिलो भागको ११५ पृ.] । तर यो पाठ पढ्दा अर्थ र वृत्त दुवै नमिल्ने भएको हुनाले यहाँ अरिगजकुलिशैः पाठ पढिएको छ । मूल पुस्तक वा मूल पुस्तकको चित्र देख्न नपाइएकोले यही पाठ शुद्ध हो भनेर चाहिँ भन्न सकिएन ।

४०. यताबाट आधा राज्यमा लक्ष्मीकामदेवको र बाँकी आधा राज्यमा भोजदेव र रुद्रदेवको अधिकार रहेको जस्तो देखिन्छ । सीमानाको स्पष्ट विभाजन भएको राज्य यो होइन, राज्यको आम्दानीको आधा भाग लक्ष्मीकामदेवले र चौथाइ चौथाइ भोजदेव र रुद्रदेवले पाउने जस्तो यताबाट बुझिन्छ । त्यस वेलाको राज्यव्यवस्था कस्तो थियो, सो कुरा बुझ्न निकै अन्वेषण तथा अध्ययनको आवश्यकता छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलेका राजाहरूले नेपालमण्डललाई सिंगार्न हर्षपूर्वक स्थापना गरिएको, सबै मानिसले मन पराएको श्रील्हंविहार छ । जहाँ बौद्ध ग्रन्थको पाठ भइरहन्छ । धार्मिक अनुष्ठानको समुद्र भएको त्यस विहारमा विद्वान् सुजतभद्रले जसलाई पाउनाले अत्यन्त सुख पाइन्छ, त्यस्तो अष्टसाहस्रिका प्रज्ञापारमिता सारिसिद्धचाए ।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. १३५ वि. सं. १०७१ चैत्रशुक्ल

गते	वार	तिथि	घडी पला
चैत्र ११	बृहस्पति	दशमी	११।८

यसको गणनाको विषयमा विशेष कुरा ६ परिशिष्टमा लेखिएको छ ।

यस पुष्पिकावाक्यबाट वि. सं. १०७१ चैत्रमा राजा भोजदेव, राजा रुद्रदेव, राजा लक्ष्मीकामदेवको संयुक्त शासन चलेको देखिन्छ ।

लक्ष्मीकामदेव

(७ सङ्ख्या)

भगवत्या स्वेदाया यथालब्धतंत्रराजः[४१] समाप्त :।। ।।

सम्वत् १४४[४२] श्रावणशुक्लदितीयायं[४३] महाराजाधिराजपरमेश्वरश्रीलखिमिकामदेव[४४]परमेश्वरस्य विजयराज[४५] ।। श्रीगांकुटालांगाधिवाषिण[४६] कुरणाकरदत्तस्य[४७] पुस्तकोयं[४८] लिखितमिति ।।

[वीरपुस्तकालयको तेस्रो ३५९ सङ्ख्याको भगवत्याः स्वेदाया यथालब्धतन्त्रराजबाट । यो उद्धरण हरप्रसाद शास्त्रीको अ क्याटअलग अफ् पाम–लीफ् यान्ड सिलेक्टेड पेपर म्यानुस्क्रिप्टस् बिलङ्इङ् ट द डर्बार लाइब्रेरि, नेपाल (नेपाल वीरपुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूची)का दोस्रो भागको ५ पृष्ठमा छापिएको छ; पछि पेटेकको ३८ पृष्ठमा छापिएको छ; त्यसपछि पूर्णरत्न वज्राचार्यको नेपालराजकीयवीरपुस्तकालयस्थपुस्तकानां बृहत्सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका पुस्तकहरूको बृहत् सूचीपत्र)को सातौं भागको दोस्रो खण्डको ८१ पृष्ठमा छापिएको छ। मूल पुस्तकसँग रुजु गरी यहाँ यो पाठ दिइएको छ ।]

---

४१. हरप्रसाद, पूर्णरत्न–यथालब्धतन्त्रराजः। ४२. हरप्रसाद–१४९। ४३. हरप्रसाद–श्रावण शुक्लद्वितीयायं । पेटेक–श्रावणशुक्लद्वितीयायां । पूर्णरत्न–श्रावणशुक्लद्वितीयायायां । ४४. हरप्रसाद–श्रीलक्ष्मीकामदेव । ४५. पेटेक, पूर्णरत्न–विजयराज्ये । ४६. हरप्रसाद–श्रीगांकूटालांगाधिवासिनः । पेटेक–श्रीगांकूटलांगाधिवाषिणः । पूर्णरत्न–श्रीगांकुटलांगाधिवाषिण । ४७. हरप्रसाद, पेटेक, पूर्णरत्न–कुरणाकरदत्तस्य । ४८. हरप्रसाद, पेटेक–पुस्तकोऽयं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[स्वेदा भगवतीको तन्त्र पाइए जति सारिसिद्धियो ।

ने. सं. १४४ (वि. सं. १०८१) श्रावणशुक्ल द्वितीयामा महाराजाधिराज परमेश्वर श्रीलक्ष्मीकामदेव परमेश्वरको विजयराज्यमा श्रीगांकुटालांग (काठमाडौँ)मा बस्ने श्रीकरुणाकरदत्तको यो पुस्तक सारिसिद्धियो ।]

यसको गणनाको विषयमा ६ परिशिष्टमा विचार गरिएको छ ।

यस पुष्पिकावाक्यबाट वि. सं. १०८१ श्रावणमा लक्ष्मीकामदेव एकलै राजाको रूपमा देखिन्छन् ।

गांकुटालांगको विषयमा ४ परिशिष्टमा लेखिएको छ ।

(८ सङ्ख्या)

सम्वत् १५६ श्रावणशुक्लद्वादश्याम् परमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीलक्ष्मीकामदेवस्य विजयराज्ये श्रीतैत्तिरीयशालायाधिवासिना कुलपुत्ररत्नसिंहेन लिखितम् श्रीयम्बुक्रमायाम्. श्रीमानिग्वलके पश्चिमरथ्याम् निवासिनः रजकादाधरसिंहेन करनीयम् पुस्तकम् शिवधर्म्मम् ।

[एशियाटिक सोसाइटी अफ बङ्गाल (बङ्गालको एशियासम्बन्धी संस्था को ४०७७ सङ्ख्याको शिवधर्मबाट । यहाँ यो उद्धरणको माथिल्लो भाग पेटेकको ३८ पृष्ठबाट र श्रीयम्बुक्रमादेखिको वाक्यचाहिँ रेग्मीको पहिलो भागका ११८-११९ पृष्ठबाट झिकिएको छ । यो उद्धरण हरप्रसाद शास्त्रीको अ डेसक्रिपटिभ् क्याट्अलग् अफ द स्यानस्क्रिट् म्यानुस्क्रिप्ट्स् इन् द गभ्अर्न्मेन्ट् कलेक्शन् अफ द एशियाट्इक् ससाइइटि अफ् बेन्गल् (बङ्गालको एशियासम्बन्धी संस्थामा सरकारी सङ्ग्रहमा रहेका संस्कृत हस्तलिखित ग्रन्थका वर्णनात्मक सूचीपत्र)को पाँचौँ भागको ७२१ पृष्ठमा छापिएको छ भनी पेटेक र रेग्मीका पुस्तकमा लेखिएको छ । पेटेकको ३८ पृष्ठमा यो पुस्तक ललितविस्तर हो भनी लेखिएको छ । पेटेकले शिवधर्मलाई भूलले ललितविस्तर भनी लेखेका हुन् भनी रेग्मीको ११८ पृष्ठमा लेखिएको छ ।]

[ने. सं. १५६ (वि. सं. १०९३) श्रावणशुक्ल द्वादशीमा परमभट्टारक महाराजाधिराज परमेश्वर श्रीलक्ष्मीकामदेवको विजयराज्यमा श्रीयम्बुक्रमा (काठमाडौँ)[४९] मा श्रीतैत्तिरीयशालामा बस्ने

---

४९. यम्बुक्रमा भनेको काठमाडौँ हो भनेर बुझाउने निकै प्रमाण पाइन्छन् । यहाँ एउटा प्रमाण दिइन्छ–

सम्वत् ३१३ द्विराषाढपूर्णमास्यां । श्रवणनक्षत्रं । बृहस्पतिवासरे।। श्रीनेपालमण्डले राजाधिराजपरमेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपुत्र रत्नसिंहले सारिसिद्धयाए। श्रीमानिग्वल (पाटन)[५०]मा पश्चिमपट्टिको सडकमा बस्ने छिपा गदाधरसिंहको (पाठ) गर्ने पुस्तक शिवधर्म।]

श्रीऊर्ध्वंपट्के: श्रीमतश्रीलक्ष्मीकामदेवस्य विजयराज्ये श्रीयम्बुक्रमायां मखनटोलकाधिवासिनः द्विजवर्यः श्रीआनन्दोश्रमनस्य पिङ्गलमते आगमपुर्णकोयः शुभमस्तु ॥

[ब्रिटिश म्यूजियमको २२७९ सङ्ख्याको पिङ्गलामतबाट। यहाँ यो उद्धरणको माथिल्लो भाग पेटेकको ७४ पृष्ठबाट र द्विजवर्यःदेखिको भाग रेग्मीको पहिलो भागको १९५ पृष्ठबाट झिकिएको छ। यो उद्धरण सेसिल बेन्डालको क्याटअलग अफ स्यानस्क्रिट् म्यानुस्क्रिप्ट्स् इन् द ब्रिट्इश् म्युजीअम् (ब्रिटिश म्यूजियममा रहेका संस्कृत हस्तलिखित ग्रन्थको सूची)को २३५ पृष्ठमा छापिएको छ भनी पेटेक र रेग्मीको पुस्तकमा लेखिएको छ।]

[ने. सं. ३१३ (वि. सं. १२५०) द्वितीय आषाढशुक्ल पूर्णिमा बृहस्पतिवार श्रवणनक्षत्रमा नेपालमण्डलमा राजाधिराज परमेश्वर श्रीलक्ष्मीकामदेव (द्वितीय लक्ष्मीकामदेव)को विजयराज्यमा श्रीयम्बुक्रमामा मखनटोलमा बस्ने द्विजवर श्रीआनन्द श्रमणको पिङ्गलमतको आगम सम्पूर्ण भयो।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ३१३ वि. सं. १२५० द्वितीय आषाढशुक्ल

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
श्रावण	२०	बृहस्पति	चतुर्दशी	४। ३८	उत्तराषाढा	२५। ३१
	२१	शुक्र	पूर्णिमा	३। ४०	श्रवण	२५। ५३

यताबाट चतुर्दशीको घडी ४।३८ उप्रान्त पूर्णिमामा र उत्तराषाढाको घडी २५।३१ उप्रान्त श्रवणनक्षत्रमा यो पुस्तक सारिसिद्धिएको देखिन्छ।

यसको गणनाको विषयमा विशेष कुरा ६ परिशिष्टमा लेखिएको छ।

काठमाडौंको प्राचीन नामको विषयमा देवपाटन, भावगाउँ, पाटन र काठमाडौंका किरातनाम– नामक निबन्धमा विवेचना गरिएको छ। (नेपाली १६ पूर्णाङ्कका २४–२९ पृ.)

लिच्छविसंस्कृतिका ११३–११४ पृष्ठमा काठमाडौंको प्राचीन नामको अभिलेखमा पाइने रूपको सूची छापिएको छ।

५०. पूर्णिमा २४ अङ्कमा प्रकाशित पिताजी नयराज पन्तको सातौं कुरा पत्ता लाग्नासाथ म आफ्नो भूल स्वीकार गर्न सधैं तयार छु भन्ने निबन्धमा मानिग्वलको अर्थको विषयमा लेखिएको छ, सो अङ्कका ३०३–३०४ पृ.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको गणनाको विषयमा ६ परिशिष्टमा विचार गरिएको छ।

यस पुष्पिकावाक्यबाट वि. सं. १०९३ श्रावणमा लक्ष्मीकामदेव एकलै राजाको रूपमा देखिन्छन्।

तैत्तिरीयशालाको विषयमा ५ परिशिष्टमा लेखिएको छ।

(९ सङ्ख्या)

इत्येवं लघ्विकाम्नाये श्रीमत्कुब्जिकामतोत्तरसमस्तज्ञानसंबोधसर्वज्ञपटलोत्तरं ॥

चतुर्विङ्सतिसाहस्रे संसारात्सारतरं लघ्विकाम्नायं कल्पं परिसमाप्तमिति पंचविशतिमः ॥

अष्टपंचाशदधिके सते[५१] सम्वत्सरे गते।
श्रीलक्ष्मीकामदेवस्य राज्ये निष्कण्टके युते[५२] ॥
लिखितं सुहर्षजीवेनेदं विश्वकर्मप्रभेन यत्[५३]।

(राष्ट्रिय पुस्तकालयको ८७७ सङ्ख्याको कुब्जिकामतबाट। अष्टपंचाशदधिकेदेखिको वाक्य रेग्मीको पहिलो भागको ११९ पृष्ठमा छापिएको छ। पहिलो र दोस्रो वाक्य भने अन्त छापिएको छैन।)

[लघ्विकाम्नायमा श्रीकुब्जिकामतोत्तरसमस्तज्ञानसंबोधसर्वज्ञपटल सिद्धियो।

२४ हजार ग्रन्थ (३२ अक्षरको १ ग्रन्थ हुन्छ।) भएको, संसारमा साररूप भएको लघ्विकाम्नायकल्पको पच्चीसौं पटल सिद्धियो।

ने. सं. १५८ (वि. सं. १०९५)मा श्रीलक्ष्मीकामदेवको निष्कण्टक राज्यमा सुहर्षजीव विश्वकर्मप्रभले यो सारिसिद्धचाए।]

यस पुष्पिकावाक्यबाट वि. सं. १०९५ मा लक्ष्मीकामदेव एकलै राजाको रूपमा देखिन्छन्।

(१० सङ्ख्या)

देयधर्मोऽयं ''निर्वासिनः शाक्यभिक्षुः हर्षगुप्तस्य यदत्र पुण्यं तद् भवतु।

---

५१. रेग्मी–अष्टपञ्चशताधिक। ५२. रेग्मी–निष्कण्टक याते। ५३. रेग्मी–लिखितम् सप्तर्षजीवेन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आचार्योपाध्या(य)···सकलमथ अनुत्तराज्ञानफलप्राप्तये लिखितमिति ।

सम्वत् १५९ वैशाखशुक्लतृतीयायां शुक्रदिने । श्रीलक्ष्मीकामदेवस्य विजयराज्ये लिखितमिति ॥

(क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको १६८३ सङ्ख्याको सद्धर्मपुण्डरीकबाट । यो उद्धरण बेन्डालको १७२ पृष्ठमा छापिएको छ ।)

[बस्ने शाक्यभिक्षु हर्षगुप्तले गरेको दानधर्म यो हो । यो पुण्यले गुरुलगायत सबैलाई सर्वोत्तम ज्ञान प्राप्त होओस् ।

ने. सं. १५९ (वि. सं. १०९६) वैशाखशुक्ल तृतीया शुक्रवारको दिन श्रीलक्ष्मीकामदेवको बिजयराज्यमा सारिसिद्धियो ।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. १५९ वि. सं. १०९६ वैशाखशुक्ल

गते	वार	तिथि	घडी पला
वैशाख ७	शुक्र	तृतीया	४४। २

यस पुष्पिकावाक्यबाट वि. सं. १०९६ वैशाखमा लक्ष्मीकामदेव एकलै राजाको रूपमा देखिन्छन् ।

(११ सङ्ख्या)

इति हंसयामले महाभैरवे पञ्चविंशतिसाहस्रे अंषकावतारनिर्णयः[५४] परिसमाप्तः ॥ ॥

ओं साम्वत[५५] १५९ । वैशाखकृष्णदि(तीया)याम[५६] । श्रीखृम्पृम्ब्रुमायां[५७] महायुद्धप्रवर्त्तमानकाले[५८] । दुःस्तरसंसारनिस्तरणार्थेनः लिखितःमिति[५९] ॥ ॥

[वीरपुस्तकालयको पहिलो १०७६ सङ्ख्याको हंसयामलबाट । यो उद्धरणको पछिल्लो

५४. राष्ट्रिय अभिलेखालय–अन्धकप्रकारनिर्णयः पटलः । ५५. पेटेक–सम्वत् । रा. अ. – सं. । ५६. पेटेक–वैशाखकृष्णद(शम्)याम् । रेग्मी–वैशाख कृष्ण १० । रा. अ.–बैशाखकृष्ण दशम्यां । मूलमा वि स्पष्ट देखिन्छ । यस कारणदि (तीया)याम पढिएको हो । माथि (७ सङ्ख्यामा) पनि द्वितीयालाई दितीया लेखिएको छ । ५७. रा. अ.–श्रीखुम्पृम्ब्रूमायां । ५८. पेटेक, रा. अ.– महायुद्धप्रवर्तमानकाले । रेग्मी–महायुद्ध प्रवर्तमाने काले । ५९. पेटेक–दुःस्तरसंसारे निस्तरणःर्थेन लिखितं । रेग्मी–दुस्तरसङ्सारे निस्तरणार्थेन लिखितम् । रा. अ.–दुस्तरससारनिस्तरणार्थेन लिखितं इति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाक्य पेटेकको ३९ पृष्ठमा छापिएको छ, पछि रेग्मीको पहिलो भागको ११९ पृष्ठमा छापिएको छ, त्यसपछि राष्ट्रिय अभिलेखालयद्वारा श्रीनेपालराष्ट्रियाभिलेखालयस्थहस्तलिखितपुस्तकानां बृहत्सूची क्रम् (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका हस्तलिखित पुस्तकहरूको बृहत सूचीपत्र)को चारौँ भागको दोस्रो खण्डको २४५ पृष्ठमा पहिलो वाक्यसहित छापिएको छ । मूल पुस्तकसँग रुजु गरी यहाँ यो पाठ दिइएको छ ।]

[पच्चीस हजार ग्रन्थसङ्ख्या भएको महाभैरव हंसयामलमा अंशकावतारनिर्णय सिद्धियो ।]

ने. सं. १५९ (वि. सं. १०९६) वैशाखकृष्ण द्वितीयामा श्री खुम्पृम्ब्रुमा (भक्तपुर)मा ठूलो युद्ध चलिरहेको वेलामा पार पाउन गाह्रो संसार तर्नको लागि यो ग्रन्थ सारियो ।]

यस दिनको गणना यस प्रकारको छ—

ने. सं. १५९ वि. सं. १०१६ वैशाखकृष्ण (पूर्णान्तिमानले ज्येष्ठकृष्ण)

	गते	वार	तिथि	घडी पला
वैशाख	२१	शुक्र	द्वितोया	२८।२०

वि. सं. १०९६ वैशाख ७ गते (१० सङ्ख्या)सम्म लक्ष्मीकामदेवको राजाको रूपमा उल्लेख पाइन्छ । वि. सं. १०९६ वैशाख २१ गते सारिएको यस पुस्तकमा भक्तपुरमा ठूलो युद्ध भइरहेको वर्णन परेको छ । यताबाट १४ दिनको बीचमा यहाँ केही घटना घटेको अनुमान हुन्छ । लक्ष्मीकामदेवको मृत्यु भएर वा अरू कुनै कारणले यो सङ्घर्ष मच्चिएको देखिन्छ ।

वि. सं. १०६२ देखि वि. सं. १०९६ सम्मका जम्मा ११ वटा साधन यहाँ परेका छन् । यिनबाट निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेवको शासनकालको विषयमा केही कुरा बुझिन्छन् । संक्षेपमा ती यी हुन्—

वि. सं. १०६२ वैशाखमा निर्भयदेवको एकलौटी शासन
वि. सं. १०६४ फाल्गुनमा निर्भयदेव र रुद्रदेवको संयुक्त शासन
वि. सं. १०६८ ज्येष्ठमा भोजदेवको एकलौटी शासन
वि. सं. १०६९ आषाढमा रुद्रदेव र भोजदेवको संयुक्त शासन
वि. सं. १०७१ चैत्रमा भोजदेव, रुद्रदेव, लक्ष्मीकामदेवको संयुक्त शासन
वि. सं. १०८१ श्रावणमा लक्ष्मीकामदेवको एकलौटी शासन
वि. सं. १०९३ श्रावणमा लक्ष्मीकामदेवको एकलौटी शासन
वि. सं. १०९४ मा लक्ष्मीकामदेवको एकलौटी शासन
वि. सं. १०९६ वैशाख ७ गते लक्ष्मीकामदेवको एकलौटी शासन
वि. सं. १०९६ वैशाख २१ गते भक्तपुरमा ठूलो युद्ध चलिरहेको

अन्त्यमा एउटा कुरा भन्नु छ ।

इतिहास लेख्दा कल्पनाको आधार नलिई प्रामाणिक साधनको आधार लिनुपर्छ । इतिहास लेख्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बस्दा सबै कुराको निर्णय एकै पटक गर्न सकिँदैन । जति जति बढी साधन भेटिँदै जान्छ, त्यति त्यति इतिहास छर्लङ्ग हुँदै जान्छ । मूल साधनबाट जति कुरा निस्कन्छ, त्यति मात्र बोल्ने बानी इतिहासकारले बसाउनुपर्छ । एउटा साधन पाएको आधारमा अरू बढी कल्पना गर्नु उचित हुँदैन । बढी कल्पना गर्दा अशुद्ध हुन गएको एउटा उदाहरण यहाँ दिइन्छ ।

पेटेकको पुस्तक प्रकाशित हुँदा भोजदेव एकलैको राजाको रूपमा उल्लेख भएको, तर संवत् नभएको साधन (४ सङ्ख्या) पाइएको थियो । यहाँ साधन पेटेकको पुस्तकमा पनि ४ सङ्ख्याको रूपमा दिइएको छ । भोजदेव, रुद्रदेव, लक्ष्मीकामदेवको संयुक्त शासनको उल्लेख भएको वि. सं. १०७१ चैत्रको साधन (६ सङ्ख्या) पनि त्यस वेला पाइएको थियो । ती साधनका आधारमा कल्पना गरी पेटेकको ३७ पृष्ठमा यस्तो लेखिएको छ—

देन् रुद्रदेव डाइड् यान्ड् भोजदेव रुल्ड् अलोन् फर् सम् यर्ज् याट् काठ्माण्डु (डकुमन्ट् ४), ...

[रुद्रदेवको मृत्यु भएपछि केही वर्ष भोजदेव एकलैले काठमाडौँमा राज्य गरे भन्ने कुरा ४ सङ्ख्याको साधनबाट बुझिन्छ ।]

तर पछि पाइएको वि. सं. १०६८ ज्येष्ठको साधनमा भोजदेव एकलैको राजाको रूपमा उल्लेख परेको छ (३ सङ्ख्या)। यताबाट रुद्रदेवको अहिलेसम्म पाइएको अन्तिम समय वि. सं. १०७१ चैत्रभन्दा ४ वर्ष जतिपहिले वि. सं. १०६८ ज्येष्ठमा पनि भोजदेव एकलै राजाको रूपमा थिए भन्ने बुझिन्छ । संवत् नभएको साधन वि. सं. १०७१ चैत्रभन्दा पछि वा अघिको हुन सक्छ । तर वि. सं. १०७१ चैत्रभन्दा पहिले भोजदेव एकलैको राजाको रूपमा उल्लेख पाइएकोले रुद्रदेव मरेपछि मात्र भोजदेव एकलै राजा भए भन्ने पेटेकको कल्पना अशुद्ध देखिन आउँछ ।

★

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ परिशिष्ट

निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेवको विषयमा वंशावलीहरूका वर्णन

–दिनेशराज पन्त

(१ सङ्ख्या)

राजा श्रीलक्ष्मीकामदेव[१] वर्ष २१ तेन चम्पट[२]पश्चात्सहिते सम्वछ्[३]सते द्वांते[४] राष्ट्र[५] सान्ति कृतवान्[६] ।।

[गोपालराजवंशावली २३ ख पत्र । यो अंश लुशियानो पेटेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास)को २२० पृष्ठमा छापिएको छ, पछि योगी नरहरिनाथद्वारा हिमवत्संस्कृति १ अङ्कको ११ पृष्ठमा छापिएको छ, त्यसपछि डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास)को तेस्रो भागको पहिलो खण्डको ११९ पृष्ठमा छापिएको छ। वि. सं. २०१६ मा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यले पढ्नुभएको पाठअनुसार यहाँ पाठ दिइएको छ ।]

(२ सङ्ख्या)

राजा श्रीनिभयदेव वर्ष ५ ।। (राजा)श्रीभोजदेव रुद्रदेव[७] वर्ष ९ मास ७ । तेन भोजदेवेन श्री... शिता ।। राजा श्रीलक्ष्मीकामदेव, वर्ष २१ ।। तेन हि चंप[८](टपश्चात्स)हिते सम्वत्सरनिधाने राष्ट्र[९] शान्तिकृत्य ।

(केसरपुस्तकालयमा रहेको गोपालराजवंशावलीको अर्को प्रति जस्तो वंशावलीका २–३ पृष्ठ । पेटेकको २१३ पृष्ठमा यो अंश छापिएको छ, पछि रेग्मीको तेस्रो भागको पहिलो खण्डको १५९ पृष्ठमा छापिएको छ । वि. सं. २०१६ मा यसको पाठ पनि पढिएको थियो । अहिले मूलसँग रुजु गरी यहाँ पाठ दिइएको छ ।)

(३ सङ्ख्या)

नुर्भोय् देओ		रेन्ड्	यर्ज्	७	मन्थ्ज्	०
भाज् देओ	बुद्रो	रेन्ड्	यर्ज्	९	मन्थ्ज्	७
लेट्च्मी काम्देओ	दत्त्	रेन्ड्	यर्ज्	२१	मन्थ्ज्	०

---

१. योगी–श्रीहंस कामदेव । २. योगी–चमाट । ३. पेटेक, रेग्मी– सम्वच्छ्र । ४. योगी, रेग्मी–द्वाते । ५. पेटेक– राष्ट्र । योगी, रेग्मी–राष्ट । ६. रेग्मी–कृतवन् ।

७. रेग्मी–रूद्रदेव । ८. पेटेक, रेग्मी–चम्प । ९. पेटेक, रेग्मी -राष्ट्रं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[विलियम कर्कप्याट्रिकको यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाउल् (नेपाल अधिराज्यको वर्णन)को २६२ पृष्ठ]

[निर्भयदेवले ७ वर्ष राज्य गरे। भोजदेव र रुद्रदेवले ९ वर्ष ७ महीना राज्य गरे। लक्ष्मीकामदेवले २१ वर्ष राज्य गरे।]

(४ सङ्ख्या)

आठ वर्ष राज्य गरेपछि राजा गुणकामदेवको मृत्यु भयो। त्यसपछि उनका छोरा लक्ष्मीकामदेव राजा भए। बीस वर्ष राज्य गरेपछि लक्ष्मीकामदेवको मृत्यु भयो। लक्ष्मीकामदेवले आफ्ना प्रजाको डर हटाउन र तिनीहरूलाई चोरीबाट बचाउन सर्पको आकृति भएको तुरही बाजा बनाए। त्यो बाजा बजाउँदा टुट्मस टुटमस भन्ने आवाज निस्कन्छ। यसको अर्थ ज्यादै रहस्यमय छ।

[ब्रायन हघटन हडसनले सङ्ग्रह गरी लगेको, नेपाली भाषामा लेखिएको पद्मगिरिवंशावलीबाट। यस अंशको अङ्ग्रेजी अनुवाद विक्रमजित् हसरतको हिस्टरि अफ् नेपाल् (नेपालको इतिहास)को ४७ पृष्ठमा छापिएको छ। त्यही अङ्ग्रेजी अनुवादबाट यहाँ नेपालीमा प्रत्यनुवाद गरिएको हो।]

(५ सङ्ख्या)

गुणकामदेवका छोरा भोजदेवले ८ वर्ष राज्य गरे। भोजदेवका छोरा लक्ष्मीकामदेवले २२ वर्ष राज्य गरे। बाजे (गुणकामदेव)ले कुमारीहरूको सहायताले धेरै धन कमाएका र चारैतिर विजय गरेकाले लक्ष्मीकामदेवले पनि यस्तै गर्ने विचार गरे। यो विचार लिएर लक्ष्मीकामदेव पाटनदरबार गए। त्यहाँ लक्ष्मीकामदेवले बाँडाको छोरीलाई कुमारी मानेर पूजा गरे। दरबारनजीकको लक्ष्मीवर्मविहारमा लक्ष्मीकामदेव बसे। लक्ष्मीकामदेवले कुमारीको मूर्तिको स्थापना गरे तथा कुमारीको पूजा गर्ने रीत पनि चलाए।

[नेपाली भाषामा लेखिएको यस वंशावलीको माथि उद्धृत अंशको अङ्ग्रेजी अनुवाद डानियल राइटको हिस्टरि अफ् नेपाल् (नेपालको इतिहास)का १५६–१५७ पृष्ठमा छापिएको छ। त्यही अङ्ग्रेजी अनुवादबाट यहाँ नेपालीमा प्रत्यनुवाद गरिएको हो।

६ सङ्ख्या)

। आनन्दमल्ल... ..

अस्य पुत्र भोजदेव वर्ष ८। अस्य पुत्र लक्ष्मीकामदेव वर्ष २२

(प्राचीन नेपाल ४ अङ्कमा प्रकाशित, बालचन्द्र शर्माद्वारा सम्पादित काठमाण्डू–उपत्यकाको एक राजवंशावलीबाट, सो अङ्कको १४ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(७ सङ्ख्या)

गुणकामदेवका शेषपछि कान्तिपुर शहरमा यिनका छोरा भोजदेवले वर्ष ... राज्य गरे । यिनले राज्य गर्दा आफ्ना पिताले स्थापना गरी मानेका शहरका रक्षाकारी देवी, भैरव आदि देवताहरू मानी वखतवखतमा ती देवताहरूको वर्षबन्धन र यात्राहरूसमेत गरे । यिनले राम्रा तरहले प्रजाहरूको पालना गरी राज्य गरे ।

यसपछि यिनका पुत्र लक्ष्मीकामदेवले वर्ष २० भोग गरे । यिनले राज्यशासन गर्दा आफ्ना बाजेले माने जस्तै विशेषरूपले कुमारीको भावना गरी पूजा मान्यता गर्दथे । त्यसकै प्रभावले चारैतिरका सीमावर्ती राजाहरूसँग लडाईंमा जिती धेरै द्रव्य ल्याएर अनेक धर्मकीर्तिमा खर्च गरी आनन्दपूर्वक निष्कण्टक राज्य गरे । यी राजाले ललितपत्तनको आधा राज्य त्यहाँका राजासँग जबरदस्ती लिएर त्यसमा आफ्ना छोरा विजयकामदेवलाई राजा गराई राखे । अनि पाटन शहरमा पनि कुमारी स्थापना गर्नुपर्छ भनी पाटनका दरबारमा गएर त्यस दरबारनिर अघि लक्ष्मीवर्मले संस्कार गरी पंविहारमा बस्ने बनजुका पुत्रीलाई कौमारीदेवीको भावना गरेर कौमारी स्थापना गरी प्रतिदिन पूजा गर्ने रीत चलाए ।

(प्राचीन नेपाल १६ अङ्कमा छापिएका नेपालदेशको इतिहाससङ्ग्रहबाट, सो अङ्कका ४-५ पृ)

यहाँ उद्धरण गरिएका जम्मा ७ वटा वंशावलीमध्ये २ वटा वंशावली [केसरवंशावली (२ सङ्ख्या) र कर्कप्याट्रिकवंशावली (३ सङ्ख्या)]मा मात्र निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव चारै जनाको उल्लेख पाइन्छ । तीनवटा वंशावली [राइटवंशावली (५ सङ्ख्या), राजवंशावली (६ सङ्ख्या) नेपालदेशको इतिहाससङ्ग्रहवंशावली (७ सङ्ख्या)] मा भोजदेव र लक्ष्मीकामदेवको मात्र उल्लेख छ । अरू २ वटा वंशावली [गोपालराजवंशावली (१ सङ्ख्या) र पद्मगिरिवंशावली (४ सङ्ख्या)]मा त लक्ष्मीकामदेवको मात्र उल्लेख छ । केसरवंशावली (२ सङ्ख्या)मा निर्भयदेवको शासनकाल ५ वर्ष दिइएको छ, कर्कप्याट्रिकवंशावली (३ सङ्ख्या)मा चाहिँ ७ वर्ष दिइएको छ । केसरवंशावली (२ सङ्ख्या) र कर्कप्याट्रिकवंशावली (३ सङ्ख्या)मा रुद्रदेव र भोजदेवको शासनकाल ९ वर्ष ७ महीना, लक्ष्मीकामदेवको शासनकाल २१ वर्ष दिइएको छ । लक्ष्मीकामदेवको शासनकालको विषयमा गोपालराजवंशावली (१ सङ्ख्या)को पनि यिनीहरूसँग मतैक्य छ । राइटवंशावली (५ सङ्ख्या) र नेपालदेशको इतिहाससङ्ग्रहवंशावली (७ सङ्ख्या)मा गुणकामदेवका छोरा भोजदेव, भोजदेवका छोरा लक्ष्मीकामदेव भनी लेखिएको छ । राजवंशावली (६ सङ्ख्या)मा चाहिँ आनन्दमल्लका छोरा भोजदेव, भोजदेवका छोरा लक्ष्मीकामदेव भनी लेखिएको छ । पद्मगिरि-वंशावली (४ सङ्ख्या)मा गुणकामदेवका छोरा लक्ष्मीकामदेव भनी लेखिएको छ । राइटवंशावली (५ सङ्ख्या) र राजवंशावली (६ सङ्ख्या)मा भोजदेवले ८ वर्ष, लक्ष्मीकामदेवले २२ वर्ष राज्य गरे भनी लेखिएको छ । पद्मगिरिवंशावली (४ सङ्ख्या) र नेपालदेशको इतिहास-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सङ्ग्रहवंशावली (७ सङ्ख्या) मा लक्ष्मीकामदेवको शासनकाल २० वर्ष लेखिएको छ।

नेपालदेशको इतिहाससङ्ग्रहवंशावली (७ सङ्ख्या) मा लक्ष्मीकामदेवले आनन्दपूर्वक निष्कण्टक राज्य गरे भनी लेखिएको छ। वि. सं. १०९५ मा लेखिएको कुब्जिकामत (मूल लेखको ९ सङ्ख्या) मा श्रीलक्ष्मीकामदेवस्य राज्ये निष्कण्टके युते भनी लेखिएको छ। वंशावलीमा लेखिएको कुरासँग तात्कालिक साधनको सङ्गति भएको यो एउटा स्पष्ट उदाहरण हो।

★

२ परिशिष्ट

द्वैराज्य

—दिनेशराज पन्त

अब्दे सते साष्टकर्विमयुते मासे सुभे फाल्गुणाशुक्लपक्षे...

श्रीनिर्भयस्य नृपतेः सुरसन्निभस्य श्रीरुद्रदेववसुधाधिपतेश्च रम्ये।

एवं द्विराज्यकमतोद्यत (?) पात्रवर्गे ॥

वि. सं. १०६४ मा सारिएको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट, मूल लेखको २ सङ्ख्या) यहाँ द्विराज्यक शब्दको प्रयोग भएको छ। यस कारण यस शब्दको अर्थको विषयमा विचार गरिन्छ।

द्वैराज्यको बारेमा कौटल्यले यस्तो लेखेका छन्—

पितापुत्रयोर्भ्रात्रोर्वा द्वैराज्यं तुल्ययोगक्षेमममात्यावग्रहं वर्तयतेति ॥९॥

(कौटलीय अर्थशास्त्र ८ अधिकरण २ अध्याय)

[बाबुछोरा अथवा दाजुभाइको द्वैराज्यमा कमाउने र कमाएको जोगाउने कुरामा दुवैको साझो हुन्छ। यस कारण द्वैराज्यले मन्त्रीमा दवाब पार्छ।]

कौटल्यको यस भनाइबाट द्वैराज्यको अर्थ बाबुछोरा अथवा दाजुभाइ आदि अंशियारको संयुक्त शासन जस्तो बुझिन्छ।

मालविकाग्निमित्रमा कालिदासले द्वैराज्य शब्दको प्रयोग गरेका छन्। त्यहाँ राजा अग्निमित्रले यज्ञसेन र माधवसेन[1] दुइ राजकुमारलाई उनीहरूको पुर्खौली राज्य बाँडिदिई एकजनालाई वरदा नदीको उत्तरपट्टि र अर्कालाई दक्षिणपट्टि राज्य दिएको वर्णन परेको छ। विचारार्थ सो अंश तल उद्धृत गरिन्छ -

कञ्चुकी—देव! अमात्यो विज्ञापयति। विदर्भगतमनुष्ठेयमनुष्ठितमभूत्। देवस्य तावदभिप्रायं श्रोतुमिच्छामीति।

---

१. एउटै बाजेका दुइजना छोरा भए। तिनमा एकजनाका छोरा यज्ञसेन, अर्काका छोरा माधवसेन भए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा — मौद्गल्य ! तत्रभवतोर्यज्ञसेनमाधवसेनयोर्द्वैराज्यमिदानीमवस्थापयितुकामोऽस्मि ।
तौ पृथग् वरदाकूले शिष्टामुत्तरदक्षिणे । नक्तन्दिवं विभज्योभौ शीतोष्णकिरणाविव ॥१३॥

कञ्चुकी — देव ! एवममात्यपरिषदि विज्ञापयामि किम् ?

राजा — (अङ्गुल्याऽनुमन्यते)

(निष्क्रान्तः कञ्चुकी)

ज्योत्स्निका (जनान्तिकम्)— भर्तृदारिके ! दिष्टया भर्तृदारकोऽर्द्धराज्ये प्रतिष्ठां गमिष्यति ।

मालविका— एतत् तावत् बहु मन्तव्यं यद् जीवितसंशयाद् विमुक्तः ।

(प्रविश्य)

कञ्चुकी — विजयतां देवः । देव ! अमात्यो विज्ञापयति — कल्याणी देवस्य बुद्धिः । मन्त्रिपरिषदोऽप्येतदेव दर्शनम् । कुतः ?

द्विधा विभक्तां श्रियमुद्वहन्तौ धुरं रथाश्वाविव सङ्ग्रहीतुः ।
तौ स्थास्यतस्ते नृपते निदेशे परस्परावग्रहनिर्विकारौ ॥१४॥

राजा — तेन हि मन्त्रिपरिषदं ब्रूहि, सेनान्ये वीरसेनाय लेख्यतामेवं क्रियतामिति ।

कञ्चुकी — यदाज्ञापयति देवः ।

(मालविकाग्निमित्र ५ अङ्क)

[कञ्चुकी — महाराज ! विदर्भको विषयमा गर्नुपर्ने काम गरियो । यस विषयमा महाराजबाट के हुकम हुन्छ भनी मन्त्रीज्यूले बिन्ती चढाउनुभएको थियो ।

राजा (अग्निमित्र) — मौद्गल्य ! चन्द्रमा र सूर्यले रात र दिनको विभाजन गरे झैं वरदा नदीको उत्तरपट्टि एक जनालाई र दक्षिणपट्टि एक जनालाई गरी उहाँ यज्ञसेन र माधवसेनलाई भिन्नाभिन्नै राज्य छुट्याई द्वैराज्य खडा गरिदिने मेरो विचार छ ।

कञ्चुकी — यही कुरा मन्त्रिपरिषद्लाई निवेदन गर्छु ।

(औंलाले इशारा गरी राजा हुन्छ भन्दछन् ।)

(कञ्चुकी निस्कन्छन्)

ज्योत्स्निका -- (मालविकाले मात्र सुन्ने गरेर) मालिकबाट राजकुमारलाई आधा राज्य बक्सने भयो ।

मालविका -- उहाँको ज्यान बच्नु नै अहो भयो ।

(पसेर)

कञ्चुकी -- महाराजको जय । महाराजको विचार मनासीब छ; यस विषयमा मन्त्रिपरिषद्को पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यही विचार छ; रथ तान्दा दुइटा घोडा मिले फैं उहाँहरू दुवैजना आफुसआफुसको दवाबले गर्दा शान्त भई महाराजको आज्ञाबमोजिम द्वैराज्यमा रहनुहुनेछ भनी मन्त्रीज्यूले बिन्ती चढाउनुभएको छ ।

राजा--सेनापति वीरसेनलाई यसै गर्नू भनी लेख्नाको लागि मन्त्रिपरिषद्‌लाई भन ।

कञ्चुकी--महाराजको जो हुकूम ।]

(पूर्णिमा १५ अङ्कमा छापिएको पिताजो नयराज पन्तको कालिदासले आफ्नो नाटक मालविकाग्निमित्रमा दिएको शुङ्गवंशको इतिहासबाट, सो अङ्कका २९७–२९८ पृ. । त्यहाँ नपरेका केही पदको अनुवाद यहाँ थपिएको छ ।)

यताबाट द्वैराज्य शब्दको अर्थ एउटै राज्यमा विधिपूर्वक सीमाना छुट्ट्याएर २ भाग लगाउनु हो भन्ने देखिन्छ । कौटल्यको अर्थसँग यो अर्थ नमिलेको देखिन्छ ।

द्विराज्यक शब्दको प्रयोग भएको वि. सं. १०६४ मा सारिएको अष्टसाहस्रिका प्रज्ञापारमितामन्दा ९ वर्षअघि राजा नरेन्द्रदेव र उदयदेवको पालामा वि. सं. १०५५ मा सारिएको अष्टसाहस्रिका प्रज्ञापारमितामा उभयराज्य शब्दको प्रयोग गरिएको छ । उभयराज्य शब्दले द्वैराज्य शब्दकै अर्थ बुझाएको जस्तो देखिन्छ । विचारार्थ सो यहाँ उद्‌धृत गरिन्छ–

सम्वत् ११९ मार्गशिरशुक्लदिवा पूर्णमास्यां प्रतिष्ठापितः श्रीगण्डीगुल्मकनिवासिन सुवर्णकारश्रीराणकस्य ... ।। महाराजाधिराजपरमेश्वरश्रीनरेन्द्रदेवभट्टारकस्य श्रीउदयदेवयो भट्टारकयो उभयराज्ये लिखितमिति

[भोटको सक्यामठको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट । यो उद्धरण जर्नल् अफ् द बिहार् यान्ड् ओरिसा रिसर्च् ससाइइटि (बिहार र उडिसाको खोजी गर्ने संस्थाको पत्रिका)को २३ वर्षमा छापिएको राहुल साङ्कृत्यायनको स्यान्स्क्रिट् पाम्–लीफ् म्यानुस्क्रिप्ट्स् इन् टिबेट् (भोटमा रहेका, ताडपत्रमा लेखिएका संस्कृत हस्तलिखित ग्रन्थ) नामक निबन्धमा (२९ पृष्ठमा) छापिएको छ भनी लुशियानो पेटेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास)को ३३ पृष्ठमा लेखिएको छ ।]

[ने. सं. ११९ (वि. सं. १०५५) मार्गशुक्ल पूर्णिमामा प्रतिष्ठा गरियो । श्रीगण्डीगुल्मकमा बस्ने सुवर्णकार श्रीराणकको । महाराजाधिराज परमेश्वर श्रीनरेन्द्रदेव भट्टारक र श्रीउदयदेव भट्टारकको उभयराज्यमा सारियो ।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ११९ वि. सं. १०५५ मार्गशुक्ल

	गते	बार	तिथि	घडी पला
पौष	१३	मङ्गल	पूर्णिमा	१४।३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निर्भयदेव र रुद्रदेवको समयमा नेपालमा चलेको द्वैराज्य कुन प्रकारको थियो, त्यो त साधनको अभाव भएकोले बुझ्न सकिएको छैन। तर सामान्य विचार गर्दा त्यस बेला नेपालमा चलेको द्वैराज्य कौटल्यको द्वैराज्यअनुसारको थियो कि जस्तो देखिन्छ[२]।

३ परिशिष्ट

रुद्रदेव र भोजदेवको नाता (भ्रातृजपुत्र शब्दको अर्थ)

-दिनेशराज पन्त

राज्ये पुण्यमलङ्कृत यशनिधिः श्रीरुद्रदेवो नृपः
साधु भ्रातृजपुत्र धर्मणिरति श्रीभोजदेवोपि राट्।

(पाटन त्यागलटोल गचाननीको वि. सं. १०६९ को शिलालेखबाट, मूल लेखको ५ सङ्ख्या)

यहाँ रुद्रदेवको भोजदेवसँगको नाता बुझाउनको लागि भोजदेवमा भ्रातृजपुत्रः विशेषण लगाइएको छ।

लुशियानो पेटेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास)को ३७ पृष्ठमा रुद्रदेवका भतिजाका छोरा भोजदेव भनी लेखिएको छ-

रुद्रदेव ... हिज् ओन् ग्रयान्ड्नेफ्यू भोजदेव ...

[रुद्रदेवका आफ्नै भतिजाका छोरा भोजदेव]

पूर्णिमा ५ अङ्कमा प्रकाशित धनवज्र वज्राचार्यको चौतारा भगीरथ भैयानामक निबन्धमा यस श्लोकको उद्धरण गरी भ्रातृजपुत्रको अर्थ भतिजा भनी लेखिएको छ-

धर्मात्मा, कीर्ति फैलिएका राजा रुद्रदेव र (उहाँका) असल भतिजा, धर्मात्मा भोजदेव ...

(२२ पृष्ठ)

---

२. यहाँ आएको द्वैराज्य शब्दको विषयमा सिल्वाँ लेवीको ले नेपाल (नेपाल)को दोस्रो भागको १८८ पृष्ठ (केसरपुस्तकालयमा रहेको टाइप गरिएको अङ्ग्रेजी अनुवादको दोस्रो भागको २०८पृ.)मा मालविकाग्निमित्रको चर्चा परेको छ; हेमचन्द्र रायको द डिन्यास्टिक् हिस्टरि अफ् नरदर्न् इनडिअ (उत्तर भारतका राजवंशको इतिहास)को पहिलो भागको १९८ पृष्ठतिर कौटलीय अर्थशास्त्रको पनि चर्चा परेको छ। दुवै पुस्तकमा मूल वाक्य भने दिइएका छैनन्। यस विषयमा यसपछि लेख्ने अरू इतिहासकारहरूले पनि मूल वाक्य दिएका छैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास)को पहिलो भागको ११५ पृष्ठमा पेटेकको अनुसरण गरेर भ्रातृजपुत्रःको अर्थ भतिजाका छोरा भनी लेखिएको छ–

··· भ्रातृजपुत्र (ब्रदअर्'ज् सन्'ज् सन्)

[भतिजाका छोरा]

अर्को ठाउँ (रेग्मी पहिलो भाग ११७ पृष्ठ)मा पनि रुद्रदेवका भतिजाका छोरा भोजदेव भनी लेखिएको छ–

वी ह्याम् सीन् द्याट् भोजदेव वज् रुद्रदेव'ज् ग्रचान्ड्नेफ्यु ।

[रुद्रदेवका भतिजाका छोरा भोजदेव हुन् भन्ने कुराको चर्चा हामीले गरिसकेका छौं ।]

मेडिईभल् नेपाल्, कल्अफन्ज् यान्ड् इन्स्क्रिप्शन्ज् (मध्यकालका नेपालका पुष्पिका तथा अभिलेख)मा छापिएको तुलसीराम वैद्यको उपोद्घातमा (९ पृष्ठमा) पेटेक र रेग्मीको अनुसरण गरेर भोजदेवका बाबुका काका रुद्रदेव भनी लेखिएको छ–

भोजदेव ... हिज् ग्रचान्ड्अङ्क्ल् रुद्रदेव ···

[भोजदेवका काकावाजे रुद्रदेव]

यसरी भ्रातृजपुत्रः शब्दको अर्थ कसैले भतिजाका छोरा, कसैले भतिजा भनी गरेको देखिएकोले व्याकरणअनुसार भ्रातृजपुत्रः शब्दको अर्थको विषयमा यहां विचार गरिन्छ ।

पञ्चम्यामजातौ ३।२।९८

पञ्चम्यन्त उपपदे जातिर्वजिते जनेर्डः प्रत्ययो भवति । बुद्धिजः । संस्कारजः । दुःखजः । अजाताविति किम् ? हस्तिनो जातः । अश्वाज्जातः ।[१]

[जातिवाचकबाहेकका पञ्चम्यन्त शब्द उपपद भएमा जन् धातुदेखि ड प्रत्यय हुन्छ । बुद्धिबाट भएको भन्दा बुद्धिजः । संस्कारबाट भएको भन्दा संस्कारजः । दुःखबाट भएको भन्दा दुःखजः । जातिबाहेक भनी किन भनेको ? हात्तीबाट जन्मेको भन्दा हस्तिनो जातः, घोडाबाट जन्मेको भन्दा अश्वाज्जातः । यहां जन् धातुदेखि ड प्रत्यय हुँदैन ।]

भ्रातुर्जातः (दाजु वा भाइबाट जन्मेको) भन्दा भ्रातृ ङसि उपपद भएमा यस सूत्रअनुसार जन् धातुदेखि ड प्रत्यय भई भ्रातृ ङसि जन् ड भयो ।

चुटू १।३।७

चवर्गटवर्गौ प्रत्ययस्यादी इत्संज्ञौ भवतः ।

[प्रत्ययको आदिमा रहेका चवर्ग तथा टवर्गको इत्संज्ञा हुन्छ ।]

यस सूत्रअनुसार ड्को इत्संज्ञा भयो ।

१ यहाँ र तल दिइएका वृत्ति काशिकाका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निर्भयदेव र रुद्रदेवको समयमा नेपालमा चलेको द्वैराज्य कुन प्रकारको थियो, त्यो त साधनको अभाव भएकोले बुझ्न सकिएको छैन। तर सामान्य विचार गर्दा त्यस बेला नेपालमा चलेको द्वैराज्य कौटल्यको द्वैराज्यअनुसारको थियो कि जस्तो देखिन्छ[२]।

३ परिशिष्ट

रुद्रदेव र भोजदेवको नाता
(भ्रातृजपुत्र शब्दको अर्थ)

–दिनेशराज पन्त

राज्ये पुण्यमलङ्कृत यशनिधिः श्रीरुद्रदेवो नृपः
साधु भ्रातृजपुत्र धर्मणिरति श्रीभोजदेवोपि राट्।

(पाटन त्यागलटोल गचाननीको वि. सं. १०६९ को शिलालेखबाट, मूल लेखको ५ सङ्ख्या)

यहाँ रुद्रदेवको भोजदेवसँगको नाता बुझाउनको लागि भोजदेवमा भ्रातृजपुत्रः विशेषण लगाइएको छ।

लुशियानो पेटेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास)को ३७ पृष्ठमा रुद्रदेवका भतिजाका छोरा भोजदेव भनी लेखिएको छ–

रुद्रदेव ... हिज् ओन् ग्रयान्ड्नेफ्यू भोजदेव ...

[रुद्रदेवका आफ्नै भतिजाका छोरा भोजदेव]

पूर्णिमा ५ अङ्कमा प्रकाशित धनवज्र वज्राचार्यको चौतारा भगीरथ भैयानामक निबन्धमा यस श्लोकको उद्धरण गरी भ्रातृजपुत्रको अर्थ भतिजा भनी लेखिएको छ–

धर्मात्मा, कीर्ति फैलिएका राजा रुद्रदेव र (उहाँका) असल भतिजा, धर्मात्मा भोजदेव ...

(२२ पृष्ठ)

---

२. यहाँ आएको द्वैराज्य शब्दको विषयमा सिल्वाँ लेवीको ले नेपाल (नेपाल)को दोस्रो भागको १८८ पृष्ठ (केसरपुस्तकालयमा रहेको टाइप गरिएको अङ्ग्रेजी अनुवादको दोस्रो भागको २०८पृ.)मा मालविकाग्निमित्रको चर्चा परेको छ; हेमचन्द्र रायको द डिन्यास्टिक् हिस्टरि अफ् नरदर्न् इनडिअ (उत्तर भारतका राजवंशको इतिहास)को पहिलो भागको १९८ पृष्ठतिर कौटलीय अर्थशास्त्रको पनि चर्चा परेको छ। दुवै पुस्तकमा मूल वाक्य भने दिइएका छैनन्। यस विषयमा यसपछि लेख्ने अरू इतिहासकारहरूले पनि मूल वाक्य दिएका छैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास)को पहिलो भागको ११५ पृष्ठमा पेटेकको अनुसरण गरेर भ्रातृजपुत्रःको अर्थ भतिजाका छोरा भनी लेखिएको छ–

…भ्रातृजपुत्र (ब्रद्अर्'ज् सन्'ज् सन्)

[भतिजाका छोरा]

अर्को ठाउँ (रेग्मी पहिलो भाग ११७ पृष्ठ)मा पनि रुद्रदेवका भतिजाका छोरा भोजदेव भनी लेखिएको छ–

वी ह्याभ् सीन् द्याट् भोजदेव वज् रुद्रदेव'ज् ग्रयान्ड्नेफ्यु ।

[रुद्रदेवका भतिजाका छोरा भोजदेव हुन् भन्ने कुराको चर्चा हामीले गरिसकेका छौं ।]

मेडिईभल् नेपाल्, कल्अफन्ज् यान्ड् इन्स्क्रिप्शन्ज् (मध्यकालका नेपालका पुष्पिका तथा अभिलेख)मा छापिएको तुलसीराम वैद्यको उपोद्घातमा (९ पृष्ठमा) पेटेक र रेग्मीको अनुसरण गरेर भोजदेवका बाबुका काका रुद्रदेव भनी लेखिएको छ–

भोजदेव … हिज् ग्रयान्ड्अङ्कल् रुद्रदेव …

[भोजदेवका काकाबाजे रुद्रदेव]

यसरी भ्रातृजपुत्रः शब्दको अर्थ कसैले भतिजाका छोरा, कसैले भतिजा भनी गरेको देखिएकोले व्याकरणअनुसार भ्रातृजपुत्रः शब्दको अर्थको विषयमा यहाँ विचार गरिन्छ ।

पञ्चम्यामजातौ ३।२।९८

पञ्चम्यन्त उपपदे जातिवर्जिते जनेर्डः प्रत्ययो भवति । बुद्धिजः । संस्कारजः । दुःखजः । अजाताविति किम् ? हस्तिनो जातः । अश्वाज्जातः ।[१]

[जातिवाचकबाहेकका पञ्चम्यन्त शब्द उपपद भएमा जन् धातुदेखि ड प्रत्यय हुन्छ । बुद्धिबाट भएको भन्दा बुद्धिजः । संस्कारबाट भएको भन्दा संस्कारजः । दुःखबाट भएको भन्दा दुःखजः । जातिबाहेक भनी किन भनेको ? हात्तीबाट जन्मेको भन्दा हस्तिनो जातः, घोडाबाट जन्मेको भन्दा अश्वाज्जातः । यहाँ जन् धातुदेखि ड प्रत्यय हुँदैन ।]

भ्रातुर्जातः (दाजु वा भाइबाट जन्मेको) भन्दा भ्रातृ ङसि उपपद भएमा यस सूत्रअनुसार जन् धातुदेखि ड प्रत्यय भई भ्रातृ ङसि जन् ड भयो ।

चुटू १।३।७

चवर्गटवर्गौ प्रत्ययस्यादी इत्संज्ञौ भवतः ।

[प्रत्ययको आदिमा रहेका चवर्ग तथा टवर्गको इत्संज्ञा हुन्छ ।]

यस सूत्रअनुसार ड्को इत्संज्ञा भयो ।

१ यहाँ र तल दिइएका वृत्ति काशिकाका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तस्य लोपः १।३।९
तस्येत्संज्ञकस्य लोपो भवति ।
[इत्संज्ञकको लोप हुन्छ ।]
यस सूत्रअनुसार ङ्को लोप भई भ्रातृ ङसि जन् अ भयो ।
अचोऽन्त्यादि टि १।१।६४
अचां संनिविष्टानां योऽन्त्योऽच् तदादि शब्दरूपं टिसंज्ञं भवति ।

[नगीच रहेका अच्हरूमा जुन अन्त्य अच् छ । त्यो अघिल्तिर भएको शब्दरूप टिसंज्ञक हुन्छ ।]

यस सूत्रअनुसार जन्को अन्को टिसंज्ञा भयो ।
टेः ६।४।१४३
टिसंज्ञस्य डिति प्रत्यये परतो लोपो भवति ।
[डित् (डकारको इत्संज्ञा हुने) प्रत्यय पर भएमा टिको लोप हुन्छ ।]
यस सूत्रअनुसार टिसंज्ञक अन्को लोप भई भ्रातृ ङसि ज् अ = भ्रातृ ङसि ज भयो ।
उपपदमतिङ् २।२।१९
उपपदमतिङन्तं समर्थेन शब्दान्तरेण सह समस्यते नित्यं, तत्पुरुषश्च समासो भवति ।
[समर्थ शब्दसँग तिङन्तबाहेकको उपपदको नित्य समास हुन्छ । यो समास तत्पुरुषसंज्ञक हुन्छ ।]
यस सूत्रअनुसार भ्रातृ ङसिको जसँग समास भयो ।

कृत्तद्धितसमासाश्च १।२।४६
कृतस्तद्धिताः समासाश्च प्रातिपदिकसंज्ञा भवन्ति ।
[कृदन्त, तद्धितान्त र समास भएका शब्दरूप प्रातिपदिकसंज्ञक हुन्छन् ।]
यस सूत्रअनुसार भ्रातृ ङसि ज को प्रातिपदिकसंज्ञा भयो ।
सुपो धातुप्रातिपदिकयोः २।४।७१
सुपो विभक्तेर्धातुसंज्ञायाः प्रातिपदिकसंज्ञायाश्च लुग् भवति ।
[धातुसंज्ञा भएको र प्रातिपदिकसंज्ञा भएको समुदायको अवयव भएको सुप्को लुक् हुन्छ ।]
प्रातिपदिकसंज्ञक भ्रातृ ङसि ज को अवयव भएको सुप्(ङसि)को यस सूत्रअनुसार लुक् भई भ्रातृज भयो ।

प्रातिपदिकसंज्ञक भ्रातृज शब्ददेखि
स्वौजसमौट्छष्टाभ्याम्भिस्ङेभ्याम्भ्यस्ङसिभ्याम्भ्यस्ङसोसाम्ङ्योस्सुप् ४।१।२
ङ्याप्प्रातिपदिकात् स्वादयः प्रत्यया भवन्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[ङ्यन्त, आबन्त र प्रातिपदिकदेखि सु औ जस् अम् औट् शस् टा भ्याम् भिस् ङे भ्याम् भ्यस् ङसि भ्याम् भ्यस् ङस् ओस् आम् ङि ओस् सुप् प्रत्यय हुन्छन् ।]

यस सूत्रअनुसार प्रथमाको एकवचनमा सु विभक्ति आई भ्रातृज सु भयो ।

उपदेशेऽजनुनासिक इत् १।३।२

उपदिश्यतेऽनेनेत्युपदेशः, शास्त्रवाक्यानि–सूत्रपाठः, खिलपाठश्च । तत्र योऽजनुनासिकः स इत्संज्ञो भवति ।

[उपदेशकालमा अनुनासिक पढिएको अच् इत्संज्ञक हुन्छ ।]

यस सूत्रअनुसार सुको उको इत्संज्ञा भयो ।

तस्य लोपः १।३।९ अनुसार उको लोप भई भ्रातृज स् भयो ।

ससजुषो रुः ८।२।६६

सकारान्तस्य पदस्य सजुष् इत्येतस्य च रुर्भवति ।

[सकारान्त पद र सजुष्को ठाउँमा रु हुन्छ ।]

यस सूत्रअनुसार सको ठाउँमा रु भई भ्रातृज रु भयो ।

उपदेशेऽजनुनासिक इत १।३।२ अनुसार रुको उको इत्संज्ञा भयो ।

तस्य लोपः १।३।९ अनुसार उको लोप भई भ्रातृज र् भयो ।

खरवसानयोर्विसर्जनीयः ८।३।१५

रेफान्तस्य पदस्य खरि परतोऽवसाने च विसर्जनीयादेशो भवति ।

[रेफ अन्त्यमा भएको पदको ठाउँमा विसर्ग आदेश हुन्छ, खर् पर भएमा तथा अवसानमा ।]

अवसानमा रहेको रको ठाउँमा यस सूत्रअनुसार विसर्ग भई भ्रातृजः रूप भयो । भ्रातृजःको अर्थ दाजु वा भाइबाट जन्मेको अर्थात् भतिजा भन्ने हुन्छ ।

षष्ठी २।२।८

षष्ठ्यन्तं सुबन्तं समर्थेन सुबन्तेन सह समस्यते । तत्पुरुषश्च समासो भवति । राज्ञः पुरुषः राजपुरुषः । ब्राह्मणकम्बलः ।

[षष्ठ्यन्त सुबन्तको समर्थ सुबन्तसँग समास हुन्छ । यो समास तत्पुरुषसंज्ञक हुन्छ । राजाको मानिस भन्दा राजपुरुषः । बाहुनको काम्लो भन्दा ब्राह्मणकम्बलः ।]

भ्रातृजस्य पुत्रः भन्दा यस सूत्रअनुसार भ्रातृज ङस्को पुत्र सुसँग समास भयो ।

कृत्तद्धितसमासाश्च १।२।४६ अनुसार भ्रातृज ङस् पुत्र सु को प्रातिपदिकसंज्ञा भयो ।

सुपो धातुप्रातिपदिकयोः २।४।७१ अनुसार प्रातिपदिकसंज्ञक भ्रातृज ङस् पुत्र सु को अवयव भएका ङस् र सु को लुक् भई भ्रातृजपुत्र भयो । प्रातिपदिकसंज्ञक भ्रातृजपुत्रदेखि सु आई इत्संज्ञादि कार्य भई भ्रातृजपुत्रः रूप भयो । यसरी षष्ठीसमास गरी बनाइएको भ्रातृजपुत्रः को अर्थ भतिजाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छोरा भन्ने हुन्छ ।

विशेषणं विशेष्येण बहुलम् २।१।५७

भेदकं विशेषणं, भेद्यं विशेष्यम् । विशेषणवाचि सुबन्तं विशेष्यवाचिना समानाधिकरणेन सुबन्तेन सह बहुलं समस्यते, तत्पुरुषश्च समासो भवति । नीलोत्पलम्, रक्तोत्पलम् । बहुलवचनं व्यवस्थार्थम् । क्वचिन्नित्यसमास एव । कृष्णसर्पः, लोहितशालिः । क्वचिन्न भवत्येव । रामो जामदग्न्यः अर्जुनः कार्तवीर्यः । क्वचिद् विकल्पः । नीलमुत्पलम् नीलोत्पलम् । विशेषणमिति किम् ? तक्षकः सर्पः । विशेष्येणेति किम् ? लोहितस्तक्षकः ।

[भेदक (छुट्ट्याउने) विशेषण हुन्छ, भेद्य (छुट्टिने) विशेष्य हुन्छ । विशेषणवाचक सुबन्तको विशेष्यवाचक समानाधिकरण सुबन्तसँग बाहुलक (कहीँ नित्य, कहीँ विकल्पले, कहीँ हुँदै नहुने) समास हुन्छ । यो समास तत्पुरुषसंज्ञक हुन्छ । नीलो कमल भन्दा नीलोत्पलम् रातो कमल भन्दा रक्तोत्पलम् । व्यवस्था गर्नको लागि बाहुलकसमास हुन्छ भनेको हो । कहीँ नित्यसमास नै हुन्छ । कालो सर्प भन्दा कृष्णसर्पः, रातो मार्सी धान भन्दा लोहितशालिः । कहीँ समास हुँदैन । जमदग्निका छोरा परशुराम भन्दा रामो जामदग्न्यः, कार्तवीर्य अर्जुन भन्दा अर्जुनः कार्तवीर्यः । कहीँ विकल्पले समास हुन्छ । नीलो कमल भन्दा नीलमुत्पलम्, नीलोत्पलम् । विशेषण भनेर किन भनेको ? तक्षक नाउँको सर्प भन्दा तक्षकः सर्पः । विशेष्य भनी किन भनेको ? रातो तक्षक भन्दा लोहितस्तक्षकः ।]

भ्रातृजश्चासौ पुत्रः भन्दा यस सूत्रअनुसार भ्रातृज सु को पुत्र सु सँग समास भयो ।

कृत्तद्धितसमासाश्च १।२।४६ अनुसार भ्रातृज सु पुत्र सु को प्रातिपदिकसंज्ञा भयो ।

सुपो धातुप्रातिपदिकयोः २।४।७१ अनुसार प्रातिपदिकसंज्ञक भ्रातृज सु पुत्र सु को अवयव भएका दुवै सुको लुक् भई भ्रातृजपुत्र भयो । प्रातिपदिकसंज्ञक भ्रातृजपुत्रदेखि सु आई इत्संज्ञादि कार्य भई भ्रातृजपुत्रः रूप भयो । यसरी कर्मधारयसमास गरी बनाइएको भ्रातृजपुत्रः को अर्थ छोरा जस्तै भएको भतिजा अर्थात् उत्तराधिकारी भतिजा भन्ने हुन्छ ।

मनुस्मृतिमा एक भाइको छोरा भयो र अरू भाइका छोरा भएनन् भने त्यो छोरा सबै भाइको छोरा हुन्छ भनेर लेखिएको छ–

भ्रातृणामेकजातानामेकश्चेत् पुत्रवान् भवेत् ।
सर्वांस्तांस्तेन पुत्रेण पुत्रिणो मनुरब्रवीत् ॥१८२॥

(९ अध्याय)

भ्रातृणामेकमातापितृकाणां मध्ये यद्येकः पुत्रवान् स्यादन्ये च पुत्ररहितास्तदा तेनैकपुत्रेण सर्वान भ्रातृन् सपुत्रान् मनुराह । ततश्च तस्मिन् सत्यन्ये पुत्रप्रतिनिधयो न कर्तव्याः । स एव पिण्डदोंऽशहरश्च भवतीत्यनेनोक्तम् ।

(कुल्लूकभट्टको टीका)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[एउटै आमाबाबुबाट जन्मेका दाजुभाइहरूमा एउटाको छोरा भयो र अरूका छोरा भएनन् भने त्यही छोराले गर्दा अरू दाजुभाइ छोराका बाबु हुन्छन् अर्थात् छोरा नभएका दाजुभाइले अर्को धर्मपुत्र लिनुपर्दैन ।]

मनुस्मृतिको यो श्लोकले भ्रातृजश्चासौ पुत्रः भ्रातृजपुत्रः भन्ने अर्थको समर्थन गर्छ ।

यसरी षष्ठीसमास गरी बनाइएको भ्रातृजपुत्रः को अर्थ भतिजाको छोरा र कर्मधारयसमास गरी बनाइएको भ्रातृजपुत्रः को अर्थ उत्तराधिकारी भतिजा भन्ने हुन्छ । गचाननीको अभिलेखमा प्रयोग भएको भ्रातृजपुत्रः को वास्तव अर्थ के हो, सो निर्णय गर्न बढ्ता अन्वेषणको आवश्यकता छ ।

(अरू परिशिष्ट ३१ अङ्कमा छापिनेछन् ।)

वि. सं. १०६२ देखि १०९६ सम्मको नेपालको इतिहासको झलक

—नयराज पन्त

निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेवको विषयमा नानी दिनेशराज पन्तले पूर्णिमाको यस अङ्कमा लेखेका छन् । त्यहाँ उनले यी ४ राजासम्बन्धी ११ वटा तात्कालिक साधनको उपयोग गरेका छन् । ती जम्मै साधन संस्कृतभाषामा लेखिएका छन् । परन्तु तीमध्ये एउटा पनि शुद्ध संस्कृत-भाषामा लेखिएको छैन । जम्मै लेख व्याकरणादिको दृष्टिबाट अत्यन्त तल्लो तहका छन् । सो कुरा ती लेख हेर्ने विद्वान्हरू बुझ्न सक्छन् । तिनको एउटा उदाहरण यहाँ पनि दिइन्छ—

स्वस्ति कैलासवास सिरसि त्रिपथगाश्चन्द्र(मा)ङ्कपालः
भाति कर्ण्णे भुजङ्ग फणिमणिकिरण कण्ठश्लिट्कालकूटः ।
प्रेम्नास्वज्य मुखेन्दु हिमगिरिस्तनया वामपार्श्वे निधाय
सेनानीतूर्यरावगणपतिप्रमथैः पातु वः चन्द्रमौलिः ।।

(वि. सं. १०६९ को पाटन त्यागलटोल गचाननीको शिलालेखाबाट यही अङ्कको १२१ पृष्ठ)

यस पद्यलाई कुनै पनि पण्डितले शुद्ध भनी भन्न सक्दैनन् । अलिकति परिश्रम गरी लेखेको भए त्यस श्लोकको यस किसिमको रूप पनि बन्न सक्थ्यो—

कैलासे यस्य वासः शिरसि सुरनदी शेखरो बालचन्द्रः
कर्णे नागः फणालीमणिकिरणयुतः कण्ठगः कालकूटः ।
प्रेम्णा सम्पृक्तवक्त्रा हिमगिरितनया वामपार्श्वे, गणेश—
सेनानीतूर्यवादप्रथमगणयुतः पातु वः स स्मरारिः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण त्यस बेला नेपालमा विद्याको अवस्था अत्यन्त तल्लो तहको थियो भनी भन्न सकिन्छ। यो घटना विक्रमको एघाह्रौँ शताब्दीको हो। यसभन्दा तीन सय वर्ष अगाडिसम्म नेपालमा कालिदास बाणहरूसँग दाँजिन सक्ने कविहरू थिए। यस कुरालाई मैले रमक्रम ९ वर्ष ३ अङ्कका १६-२१ पृष्ठमा कालिदास तथा बाणका काव्यसँग लिच्छविकाव्यको तुलना भन्ने निबन्धमा विस्तारपूर्वक लेखेको छु। यसरी तीन सय वर्षभित्र विद्याको स्थितिमा यस्तो अन्तर पर्नु कम आश्चर्यको कुरा छैन। शिक्षाको स्तर अत्यन्त नगिरी यस्तो हुन सक्तैन। शिक्षाको स्तर किन गिऱ्यो भन्ने कुराको प्रमाण राम्रोसँग पाइएको छैन। मुसलमानले दिल्लीविजय विक्रमको तेह्रौँ शताब्दीमा गरेका हुन्[१]। नेपालमा मुसलमानको आक्रमण-चाहिँ विक्रमको पन्ध्रौँ शताब्दीमा भएको हो[२]। यस कारण विक्रमको एघाह्रौँ शताब्दीमा देखिएको विद्याको यो अवनतिमा मुसलमानको हात छैन भन्ने स्पष्ट छ। महानुपयोगिता वर्तते जस्ता वाक्य आचार्यको अन्तिम वर्षको परीक्षामा लेख्ने मानिस आयोजक, प्राश्निक तथा परीक्षकको निर्णयको विरुद्ध चाकडीको भरले आचार्य प्रथमश्रेणीमा उत्तीर्ण भएको कुरा आफैँले भोगेको हो[३]। विद्वान् भनाउँदा यस्ता मानिसहरू धेरै हुनु पनि शिक्षाको स्तर गिराउनमा कारण हुन्छ। लिच्छविकालपछि शिक्षाको स्तर गिर्न जानाको कारणको खोजी गर्नु आवश्यक छ। देशरक्षा गर्ने हो भने शिक्षाको स्तर घट्न दिनु हुँदैन, किनभने शिक्षाको स्तर गिरेपछि नै नेपालले मुसलमान आदिको निकै मार खानुपरेको थियो।

तात्कालिक इतिहासका साधनका आधारमा सम्फ्टोको लागि मैले संस्कृतमा नौवटा पद्य बनाएको छु। नेपाली अनुवादसहित ती तल दिइएका छन्। यिनका प्रमाण दिनेशराज पन्तको निबन्धमा परिसकेका छन्।

नेपालपे निर्भयदेवसंज्ञे नेत्रारिपूर्णवनि १०६२ वैक्रमाब्दे।
भक्तो जनो भक्तपुरैकदेशे क्षेत्रं सुरार्चाविधये न्यधत्त ॥१॥

[वि. सं. १०६२ मा नेपालमा निर्भयदेव राजा थिए। कुनै भक्तले देवताको पूजा चलाउन भक्तपुरको कुनै ठाउँमा यसै वर्ष खेत गुठी राखे।]

---

१. रमेशचन्द्र मजुमदार, हेमचन्द्र रायचौधुरी, कालिकिङ्कर दत्तद्वारा रचित, योगेन्द्र मिश्रद्वारा अनूदित भारतका बृहत् इतिहासको दोस्रो भागको पहिलो परिच्छेद।

२. पूर्णिमा २७ अङ्कमा छापिएको ऐ. शि. बाबुराम आचार्यको नेपालमा भएको मुसलमानी आक्रमण भन्ने निबन्ध, सो अङ्कका १५४-१६१ पृष्ठ।

३. पूर्णिमा १९ अङ्कका २४३-२४४ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाले निगमारिदिक् १०६४ परिमिते संवत्सरे वैक्रमे
राज्यं कुर्वति निर्भयाभिधनृपे भूपे च रुद्राह्वये ।
वाण्या संस्कृतया कृता सुगतजं यानं महत् संश्रिता
प्रज्ञापारमिता व्यलिख्यत मठे श्रील्हंविहाराभिधे ।।२।।

[वि. स. १०६४ मा नेपालमा राजा निर्भयदेव र राजा रुद्रदेवको संयुक्त शासन थियो । श्रील्हंविहारमा यसै वर्ष प्रज्ञापारमिता सारियो । बौद्ध महायानसम्प्रदायको ग्रन्थ प्रज्ञापारमिता संस्कृत भाषामा छ ।]

वाग्वत्याः सरितस्तटे निवसतो दातुर्महायानिन
एतत्पुण्यबलेन सर्वजगतो मोक्षं प्रयायादिति ।
प्रज्ञापारमिता व्यलेखि नृपतौ भोजाभिधे शासति
नेपालं गजशत्रुदिक् १०६८ परिमिते संवत्सरे वैक्रमे ।।३।।

[वि. सं. १०६८ मा नेपालमा भोजदेव राजा थिए । वाग्वतीको किनारमा बस्ने महायान-सम्प्रदाय मान्ने कुनै दाताले जगतै मुक्त होओस् भनी यसै वर्ष प्रज्ञापारमिता सार्न लाए ।]

नेपाले नवशत्रुदिक् १०६९ परिमिते संवत्सरे वैक्रमे
राज्यं कुर्वति रुद्रसंज्ञकनृपे भोजेन राज्ञा सह ।
गौरीशङ्करयोः शिलाप्रतिकृतिं चक्रे जनो भक्तिभाग्
ज्यापूगेहवृता पुनाति मनुजान् साऽद्यापि माणिग्लके ।।४।।

[वि. सं. १०६९ मा नेपालमा राजा रुद्रदेव र राजा भोजदेवको संयुक्त शासन थियो । कुनै भक्तले उमामहेश्वरको शिलामूर्ति यसै वर्ष बनाए । पाटन (त्यागलटोल गचाननी)मा यो मूर्ति छ । यो मूर्तिको पूजा अहिलेसम्म चलेको छ । यो मूर्तिको वरपर ज्यापूहरूका घर छन् ।]

भोजाख्ये नृपतौ तथा नरपतौ रुद्राभिधाने तथा
लक्ष्मीकामनृपे च शासति समं भूनायकानां त्रये ।
चन्द्रक्ष्माधरशून्यचन्द्र १०७१ तुलिते संवत्सरे वैक्रमे
प्रज्ञापारमिता व्यलिख्यत मठे श्रील्हंविहाराभिधे ।।५।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[वि. सं. १०७१ मा नेपालमा राजा भोजदेव, राजा रुद्रदेव, राजा लक्ष्मीकामदेवको संयुक्त शासन थियो । श्रील्हंविहारमा यसै वर्ष प्रज्ञापारमिता सारियो ।]

लक्ष्मीकामस्य राज्ये विधुगजखधरा १०८१ वैक्रमे कान्तिपुर्यां
देव्याः स्वेदाभिधायाः प्रतिलिपिसहितस्तन्त्रराजो बभूव ।

[वि. सं १०८१ मा नेपालमा लक्ष्मीकामदेव राजा थिए । काठमाडौंमा स्वेदादेवीको तन्त्रराज यसै वर्ष सारियो ।]

लक्ष्मीकामस्य राज्ये गुणनवखधरा १०९३ वैक्रमे तैत्तिरीय-
शालाऽऽसीत् कान्तिपुर्यां प्रतिलिपिमभजत् तत्र धर्मः शिवस्य ।।६।।

[वि. सं. १०९३ मा नेपालमा लक्ष्मीकामदेव राजा थिए । काठमाडौंमा त्यस वेला तैत्तिरीय-शाला थियो । त्यहाँ शिवधर्म यसै वर्ष सारियो ।]

लक्ष्मीकामस्य राज्ये शरनवखधरा १०९५ संमिते वैक्रमाब्दे
लघ्वाम्नायोद्भवस्य प्रतिलिपिरभवत् कुब्जिकाया मतस्य ।

[वि. सं. १०९५ मा नेपालमा लक्ष्मीकामदेव राजा थिए । लघ्विकाम्नायअन्तर्गतको कुब्जिकामत यसै वर्ष सारियो ।]

लक्ष्मीकामस्य राज्ये रिपुनवखधरा १०९६ वैक्रमे पुण्डरीकं
सद्धर्माद्यं बभूव प्रतिलिपिसहितं बौद्धधर्मस्य शास्त्रम् ।।७।।
राधे घस्रे सप्तमे सौरमानात् सद्धर्माद्यं पुण्डरीकं व्यलेखि ।
लक्ष्मीकामे भूपतौ वर्तमाने लब्धो लेखः पश्चिमोऽयं विभाति ।।८।।

[वि. सं. १०९६ मा नेपालमा लक्ष्मीकामदेव राजा थिए । बौद्ध ग्रन्थ सद्धर्मपुण्डरीक यसै वर्ष वैशाख ७ गते सारियो । लक्ष्मीकामदेवको पालाका अहिलेसम्म पाइएका साधनहरूमा यो पछिल्लो हो ।]

वैक्रमे रिपुनवाभ्रकु १०९६ तुल्ये राधमासि शशिबाहु २१ मिताहे ।
विग्रहे भवति भक्तपुरस्थे हंसयामलमलिख्यत तन्त्रम् ।।१०।।

[वि. सं. १०९६ वैशाख २१ गते हंसयामल तन्त्र सारिसिद्धियो । यस वेला भक्तपुरमा लडाइँ चलिरहेको थियो ।]

★

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इतिहासको सम्झना

—नयराज पन्त

प्रताप मल्ल !

ठूला तान्त्रिकका अलौकिक कथा सुन्दै तिमी हुर्कियौ;
चढ्दो यौवनको विलासरसले अत्यन्त नै तानियौ ।
लेख्थ्यौ काव्य, कुँदाउँथ्यौ, रस लिई नाच्थ्यौ स्वयं, गाउँथ्यौ,
धेरै मन्दिरमा अझै पनि तिमी प्रत्यक्ष झैँ बन्दछौ ।।१।।
भक्तग्राम जितूँ र पाटन लिऊँ, गोर्खादि पारूँ वश
भन्ने चाह थियो, अरू पनि थिए धेरै थरीका रस ।
कान्ताप्रेमविषे फसीकन छर्‍यौ सन्तानको मार्गमा
काँडा, धूर्त अमात्यको चकचकी जेले भयो राज्यमा★ ।।२।।
जिज्ञासा मनमा लिएर कविता तिम्रा जसै पढ्दछु,
तिम्रा प्रेमकथा र भक्तिमहिमा प्रत्यक्ष झैँ देख्तछु ।
आई बाहिरको कुनै विषयले धक्का जसै हान्दछ,
तिम्रो वैभव औ विलास सपना जस्तै तसै लाग्दछ ।।३।।

वि. सं. २०२६।३।११।४।

★ प्रताप मल्लले छोरा नृपेन्द्र र पार्थिवेन्द्रको रोल मिची कान्छा छोरा महीपतेन्द्रलाई आफ्ना उत्तराधिकारी बनाए । यसले गर्दा प्रताप मल्लको शेषपछि गडबड भयो । मन्त्री चिकुटि र लक्ष्मीनारायण प्रभावशाली भए । राजा नृपेन्द्र र पार्थिवेन्द्र कमजोर भए । पार्थिवेन्द्र र महीपतेन्द्र मारिए । (इतिहास-संशोधनको प्रमाणप्रमेयका २३७–२४५, २७३–१८४ पृ., पूर्णिमा १ अङ्कका १३–१९ पृ., ऐतिहासिक-पत्रसङ्ग्रह दोस्रो भागका २८–३३ पृ., पूर्णिमा १६ अङ्कका ३८०–३८२ पृ.)

चाकडी

घण्टौँ बस्थे जन गफ गरी भद्रकाली कुरेर,
चल्थ्यो हल्ला प्रमद-भयको भो सवारी भनेर ।
सारा हुन्थे क्रमसँग खडा, अग्रगामी रिसल्ला
देखा पर्थे वरिपरि निकै दौडँदा शस्त्रवाला ।।१।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राम्रो बग्गीउपर छ, महाराजको भव्य मूर्ति,
लामो दाह्री मुख चहकिलो पश्चिमी लाल टोपी ।
देखता सारा थरहर तथा आसले ग्रस्त हुन्थे,
झुक्तै बोल्थे जय जय भनी, दङ्ग भै गेह जान्थे ।।२।।

वि. सं. २०२६।३।१२।५

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
७७	१२	गुरु	गुरुं	१०९	२३	न्यायवैशेषिका-	न्यायवैशेषिको-
७८	१७	परिश्रन्	परिश्रम			पाध्याय	पाध्याय
७९	२५	धर्मतप्ता	घर्मतप्ता	१११	६	ठला	ठूला
८२	२२	भएता पनि	भए तापनि	११३	१	अवदारण	अवदारणे
८३	२७	भूमि भोमाग मन	भूमिमा गमन भो	११३	७	आदेशा	आदेशो
८४	९	सॅशोधन	संशोधन	११३	११	भ्वादिगणमा	भ्वादिगणमा
८७	४	स्थापता	स्थापना	१२२	७	पृथिवो	पृथिवी
८७	१८	अशोकस्तम्मको	अशोकस्तम्भको	१२२	२५	वयोदश्यां	त्रयोदश्यां
८८	८	विक्रान्तमर्तिं	विक्रान्तमूर्तिं	१२३	१७	सूयन्दुसङ्गमः	सूर्येन्दुसङ्गमः
८९	३	श्रुत्वाश्वमेधैंयज-	श्रुत्वाश्वमेधं-	१२४	७	चत्रमासे	चैत्रमासे
		मानर्मूर्जितं	र्यजमानर्मूर्जितं	१२७	२६	सधैं	सधैं
८९	८	बामन	वामन	१२८	१२	सु र्षजीवेनेदं	सुहर्षजीवेनेदं
८९	२१	हुनु	डुनु	१२९	१९	साम्वत	साम्वत्
९५	३	हार्मीले	हामीले	१२९	१९	वैशाखकृष्णदि-	वैशाखकृष्णाद-
९७	१५	बढता	बढ्ता			(तीया)याम	(तीया)याम्
१०२	५	हेरुँ	हेरूँ	१२९	२३	वैशाखकृष्णद(शम्)	वैशाखकृष्णद
१०२	१४	बर्खामा अजन्त	बर्खामा लघुकौ-			याम	(शम्)याम्
			मुदीको अजन्त	१३०	१०	वि. सं. १०१६	वि. सं. १०९६
१०३	४	पञ्चाङ्गमा	पञ्चाङ्गमा	१३२	६	राष्ट्र	राष्ट्रे
१०३	१७	धुस्के	छुस्के	१३८	१५	ग्रचान्ड्नेफ्यू	प्रयान्ड्नेफ्यु
१०९	१०	कीइरालाद्वारा	कोइरालाद्वारा				

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो वक्तव्य

(आत्मसंशोधन)

पूर्णिमा २० अङ्कमा शङ्करमान राजवंशीले सम्पादन गरेको वि. सं. १८५७ को एउटा ऐतिहासिक कागत (२९४–३०१ पृष्ठ)मा ठाउँठाउँमा षाता (२९५, २९६ २९७, २९८ पृष्ठ) शब्द परेको छ। षाता शब्दको अर्थ एक किसिमको बही लेख्ने लामो कागत भनी त्यस बेला लेखिएको थियो (२९६ पृष्ठ)।

सो अङ्क बजारमा आएपछि श्रीस्वयम्भूलाल श्रेष्ठको यो पत्र हामीकहाँ आयो–

मिति २०२६।३।३०।२

श्री शङ्करमान दाइ,

नमस्कार।

उप्रान्त तहाँ तपाईंहरू सकल परिवारको कुशल कामना गर्दछु। यहाँको आशिर्वादले मलाई संचै छ।

पूर्णिमा पूर्णाङ्क २० मा तपाईंको एउटा लेख (?) 'वि. सं. १८५७ को एउटा ऐतिहासिक कागत' प्रकाशित भएको पढने सुअवसर पाएँ। यस्ता पुराना कागतहरू प्रकाशित गर्दै जानु अति राम्रो हो। मल्लकालका पनि यस्ता कागतहरू धेरै नै वीर पुस्तकालयमा छन् भन्ने सुनेको थिएँ। तपाईंलाई थाहै होला।

तपाईंले ऐतिहासिक कागतमा आएका कतिपय शब्दहरूको अर्थ पनि दिनु भएको छ। पृष्ठ २९६ मा 'लासाका अंबाकन चिठि बेह्नि पठाउनाके भाजुमनि षाता १' मा आएको 'षाता' शब्दको अर्थ पादटिप्पणीमा षाता = खाता (एक किसिमको बही लेख्ने लामो कागत)। दिनुभएको छ। यसै प्रकाशित कागतको अन्यत्र पनि 'षाता' शब्द प्रयोग गरिएको छ। पृ. २९७ भाद्रवदि ११ रोज ६ के मा "मार्फत बषतावर हस्ते महासुर पंचरंगि षाता हात ३"। पृष्ठ २९८ आश्विन वदि ८ रोज ५ केमा "लासाका अंबाका चिठि पठाउनाके हस्ते भाजुमन षाता २"

'षाता' अन्यत्र उल्लेख भएको छैन। ल्हासा पठाउने चिठी बेह्रेर पठाउन मात्र यसको प्रयोग गरेको देखिन्छ। भोटमा भनुं नेपालमा पनि लामा धर्म मान्नेहरूमा 'षाता'को प्रचलन छ र पवित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कपडा मान्दछ । यो एक प्रकारको पातलो कपडा हो जो देवीदेवतालाई चढाउँछ । कसैलाई, माग्नु पर्नेलाई खाता वा षाता चढाउने गर्छन् ।

मलाई लागेको कुरा लेखेको छु ।

कहाँसम्म ठीक छ, विचार गर्नु हुने नै छ ।

विशेष शुभ

२२९ तापाहिटीटोल तपाईंको

ललितपुर-१५ स्वयम्भूलाल श्रेष्ठ

नेपाल

स्वयम्भूलालजीले शङ्करमानमार्फत संशोधन-मण्डललाई दिनुभएको यो संशोधनको सल्लाह उचित देखिन्छ । यस कारण संशोधन-मण्डल स्वयम्भूलालजीलाई धन्यवाद दिई यो संशोधन स्वीकार गर्छ ।

यहाँ स्वयम्भूलालजीले खाता शब्दको प्रयोग ल्हासामा चिठी पठाउने प्रसङ्गमा मात्र आएको छ भनी लेख्नुभएको छ । तर श्रीमहाराजा श्रीमाहिला महारानिका जंत्र बनाउनाके मार्फत बषतावर हस्ते महासुर पंचरंगि षाता हात ३ (पूर्णिमा २० अङ्क २९७ पृष्ठ) भनी लेखिएकोले खाता शब्दको अरू प्रसङ्गमा पनि उल्लेख आएको देखिन्छ ।

\+ \+ \+ \+

हामीले[१] श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३११-३१३ पृष्ठमा छन्दको विचार भनी स्वागता मन्दाक्रान्ता इत्यादिका लक्षण लेखेका थियौं । हाल प्राध्यापक शिवराज आचार्यले छन्द व्यापक र वृत्त व्याप्य हो; हुनत आजभोलि केही मानिसहरू वृत्तको सट्टा छन्द पनि लेख्छन्, तर शास्त्रको दृष्टिले छन्द भन्नुभन्दा वृत्त भन्नु बढिया हो भन्ने सुझाव दिनुभयो । सो कुरा उचित देखिन्छ । यस विषयमा पछि सप्रमाण लेख्ने हाम्रो विचार छ । सुझाव दिनुभएकोमा हामी शिवराजजीलाई धन्यवाद दिन्छौं ।

× × ×

सूचना-वि. सं. २०२८ श्रावण भाद्र आश्विनमा निस्कनुपर्ने तीसौं अङ्क हाम्रो कमजोरीले अहिले वि. सं. २०३० को चैत्रको तेस्रो हप्तामा मात्र निस्क्यो ।

---

१. यही अङ्कको १११ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भक्तपुर तौमढीटोलको अभिलेख माथि ११६ पृष्ठमा छापिएको छ । अभिलेख-सङ्ग्रहमा र त्यसपछि मेडिईभल् नेपाल्मा छापिएको यो अभिलेखको पाठ ढुङ्गामा रुजु गर्दा जयचतुपाकनको ठाउँमा जयचठुक्षाकन देखियो । प्रतिलिपिमा पनि जयचठुक्षाकन नै देखिएकोले जयचठुक्षाकन भनी मूलमा र जयचठुक्षाकले भनी अनुवादमा माथि लेखिएको थियो । यो अङ्क छाप्ने काम सिद्धिने सिद्धिने वेलामा यो अभिलेखको पुरानो प्रतिलिपि पाइयो । त्यो प्रतिलिपिमा जयचतुपाकन स्पष्ट देखियो । पछि ढुङ्गा फुटेकोले तुको ठाउँमा ठु पाको ठाउँमा क्षा जस्तो हुन गएको रहेछ, यस कारण शुद्ध पाठ जयचतुपाकन नै ठहऱ्याइएकोले मूलमा जयचतुपाकन र अनुवादमा जयचतुपाकले भनी पढ्नुपर्नेभएको छ ।

१४० पृष्ठको ७ पङ्क्तिमा नगीच रहेका को सट्टा रहेका पढ्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सधलबहाल काठमाडौँ नेपाल

वि. सं. २०३० चैत्र

यस अङ्कको मूल्य रु. ४ ।

मुद्रक–

युनिभर्सल प्रेस गङ्गापथ, काठमाडौँ

फोन नं.–१३८७७